सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १० | २०७८, भदौ १६-३१ | पूर्णाङ्क ७००



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	३	इजलास नं. ११	२
इजलास नं. १	१	इजलास नं. १२	३
इजलास नं. ४	९	इजलास नं. १३	२
इजलास नं. ५	५	इजलास नं. १४	४
इजलास नं. ७	१	इजलास नं. १५	४
इजलास नं. ८	४	इजलास नं. १६	१
इजलास नं. ९	९	इजलास नं. १७	१
इजलास नं. १०	८		
जम्मा	**४०**	**जम्मा**	**१७**

कूल जम्मा ४० + १७ = ५७

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, भदौ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ३**
१.	उत्प्रेषण / परमादेश	सपुतबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	१
२.	लागु औषध (गाँजा)	बद्री चौधरी जैसवाल वि. नेपाल सरकार	२
इजलास नं. १			**३ – ५**
३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. ताप्के माइला भन्ने मेतर गुरूङसमेत	३
इजलास नं. ४			**५ – ११**
४.	निषेधाज्ञा	दुर्गानन्द मिश्र वि. तारानन्द मिश्रसमेत	५
५.	उत्प्रेषण / परमादेश	सुजन दाहाल वि. भोलाप्रसाद यादव	५
६.	निषेधाज्ञा	उपेन्द्र यादवसमेत वि. विरेन्द्र सिंह	६
७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. भिमबहादुर थापासमेत	६
८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. कैलास चौधरी	७
९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रमेश मल्ल	८
१०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. संजय भारती	९
११.	कर्तव्य ज्यान	नेपाल सरकार वि. छत्र सुजन बेघासमेत	९
१२.	निषेधाज्ञा	कमलादेवी साह वि. राजेन्द्रप्रसाद साहसमेत	१०
इजलास नं. ५			**११ – १५**
१३.	उत्प्रेषण / परमादेश	मानबहादुर श्रेष्ठ वि. पूर्वाञ्चल विश्वविद्यालय विराटनगर, मोरङसमेत	११
१४.	उत्प्रेषण / परमादेश	पुनम भण्डारी पौडेल वि. उच्च अदालत पाटन, ललितपुरसमेत	११
१५.	उत्प्रेषण / परमादेश	जयराम थापा वि. मोरङ जिल्ला अदालतसमेत	१२
१६.	बाँकी रकम दिलाई पाऊँ	जनार्दन रेग्मी वि. चन्द्रकुमार गोल्छा	१३
१७.	उत्प्रेषण	बलराम श्रेष्ठ वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत	१४
इजलास नं. ७			**१५ – १७**
१८.	उत्प्रेषण / परमादेश	जनता उच्च मा.वि. व्यवस्थापन समिति वि. जिल्ला शिक्षा कार्यालय स्याङ्जा	१५

इजलास नं. ८			**१७ – २२**
१९.	अपहरण तथा शरीर बन्धक उद्योग	नेपाल सरकार वि. गोठे तामाङसमेत	१७
२०.	डाँका	नेपाल सरकार वि. लालबहादुर भन्ने टेकबहादुर मोक्तान	१८
२१.	आयकर	आनन्दराज ढकाल वि. प्रेसिडेन्ट ट्राभल्स एन्ड टुर्स प्रा.लि. दरबारमार्ग	१९
२२.	बन्दी प्रत्यक्षीकरण	रनबहादुर कनौजे वि. रूपन्देही जिल्ला अदालतसमेत	२०
इजलास नं. ९			**२२ – ३२**
२३.	उत्प्रेषण	कर्णबहादुर के.के वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	२२
२४.	बन्दी प्रत्यक्षीकरण	टीका वि.क. वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत	२३
२५.	उत्प्रेषण / परमादेश	कुमार थापा वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत	२४
२६.	कर्तव्य ज्यान	सुमित्रादेवी शाह सोनारसमेत वि. नेपाल सरकार	२५
२७.	सवारी अङ्गभङ्ग	नेपाल सरकार वि. अरूणकुमार ठाकुर	२६
२८.	उत्प्रेषण	मनबहादुर क्षेत्री वि. शिक्षा सेवा आयोग, भक्तपुरसमेत	२७
२९.	उत्प्रेषण / परमादेश	राजेश्वर सहनी वि. जिल्ला शिक्षा समिति रौतहट, गौरसमेत	२८
३०.	उत्प्रेषण / परमादेश	पुरूषोत्तम पोखरेल वि. श्रम अदालत, काठमाडौंसमेत	२९
३१.	उत्प्रेषण / परमादेश	दोर्जी शेर्पा वि. श्रम अदालत, अनामनगर, काठमाडौं	३१
इजलास नं. १०			**३२ – ४६**
३२.	उत्प्रेषण	रामकुमार राईसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	३२
३३.	उत्प्रेषण / परमादेश	डा. निश्चल घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	३४
३४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मनोज राईसमेत	३५

३५.	उत्प्रेषण	डा. सिद्धार्थकुमार ठाकुरसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, काठमाडौंसमेत	३९
३६.	उत्प्रेषण / परमादेश	सशिन जोशी वि. मालपोत कार्यालय, चाबहिलसमेत	४२
३७.	दूषित दर्ता बदर यथास्थितिमा कायमसमेत	दिलबहादुर पुरीसमेत वि. हस्तबहादुर पुरीसमेत	४३
३८.	बन्दी प्रत्यक्षीकरण	सोमिता लामा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत	४५
इजलास नं. ११			४६ – ४८
३९.	बन्दी प्रत्यक्षीकरण	सुशिला बुढाथोकी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौं	४६
४०.	अपहरण तथा शरीरबन्धक, जबरजस्ती करणी उद्योग र जबरजस्ती चोरी	नेपाल सरकार वि. श्रीमनकुमार घिमिरेसमेत	४७

इजलास नं.१२			४८ - ५१
४१.	निषेधाज्ञा / उत्प्रेषण / प्रतिषेध / परमादेश	डा. नारायण खड्का वि. सुशिला सिंह धामी	४८
४२.	उत्प्रेषण / परमादेश	गोविन्दप्रसाद अधिकारी वि. विनोदकुमार शाही	४९
४३.	परमादेश	दिनेशप्रसाद देव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत	५०
इजलास नं.१३			५१ - ५३
४४.	लागु औषध खैरो हिरोइन	इन्द्रकुमार गुरूङ वि. नेपाल सरकार	५१
४५.	कर्तव्य ज्यान	सुनिल भन्ने सुरेन्द्र चौधरी वि. नेपाल सरकार	५२
इजलास नं.१४			५३ - ५६
४६.	बन्दी प्रत्यक्षीकरण	लक्ष्मीदेवी वि.क. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	५३
४७.	जबरजस्ती करणी	शेरबहादुर के.सी. समेत वि. नेपाल सरकार	५३
४८.	कर्तव्य ज्यान	ढेप भन्ने दिपेन्द्रबहादुर बोहरा वि. नेपाल सरकार	५४

४९.	मानाचामल	हेरालक्ष्मी माली वि. रिना श्रेष्ठसमेत	५५
इजलास नं.१५			५६ - ६४
५०.	जबरजस्ती करणी हाडनाता करणी	जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार	५६
५१.	जबरजस्ती करणी	नेपाल सरकार वि. परिवर्तित नाम सातदोबाटो (ठ)	५८
५२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. ठुलो भाइ भन्ने लक्ष्मण वि.क.	६१
५३.	बन्दी प्रत्यक्षीकरण	परिवर्तित नाम तुङ्गेछा 'एस' वि. भोजपुर जिल्ला अदालतसमेत	६३
इजलास नं.१६			६५ - ६६
५४.	साधारण चोरी	तिर्थबहादुर तामाङ (शेर्पा) वि. नेपाल सरकार	६५
इजलास नं.१७			६६ - ६८
५५.	कर्तव्य ज्यान	ईन्द्रबहादुर रामजाली मगर वि. नेपाल सरकार	६६

संयुक्त इजलास

१

स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी., *०७४-WO-०७३९, उत्प्रेषण / परमादेश, सपुतबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६१।११।१४ मा नेपाल रेडक्रस सोसाइटीका पूर्व अध्यक्ष रमेशकुमार शर्मा, वर्तमान अध्यक्ष संजीव थापा र महामन्त्री देवरत्न धाख्वाले आ.व. ०५०/०६० र ०६०/०६१ मा ब्लड ब्याग र किटस केमिकल खरिद गर्दा रू.१९,१७,५००।– अनियमितता गरी सो बराबरको रकम संस्थालाई हानि नोक्सानी भएको हुँदा सो रकम तत्तत् पदाधिकारीबाट असुलउपर गर्ने निर्णय गरेको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ मा गरिएको परिभाषा अवलोकन गर्दा नेपाल रेडक्रस सोसाइटी सार्वजनिक संस्था र पदाधिकारी सार्वजनिक पदधारण गरेको व्यक्तिमा पर्ने देखिँदैन । त्यसअनुरूप विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदक संस्था र पदाधिकारीउपर परेको आर्थिक अनियमितताको उजुरी ग्रहण गरी अनियमितता भएको रकम असुलउपर गर्ने गराउने भनी निर्णय गर्न मिल्ने देखिँदैन । कानूनमा प्रस्ट रूपमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पदधारण गरेको व्यक्तिउपर परेको उजुरी ग्रहण गरी अनुसन्धान तहकिकात गर्ने र मुद्दा चलाउन पाउने व्यवस्था भइरहेको अवस्थामा त्यसविपरीत गैरसरकारी संस्थाउपरको उजुरी ग्रहण गरी निर्णय गर्न मिल्दैन । त्यसरी गैरसरकारी संस्थाउपर परेको उजुरी ग्रहण गरेमा क्षेत्राधिकारविहीन हुने हुँदा यस अदालतले आफूमा निहित असाधारण अधिकार क्षेत्रको प्रयोग गरी क्षेत्राधिकारविहीन निर्णय बदर गर्न सक्ने नै हुन्छ । त्यसमा पनि विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनबमोजिम अनुसन्धान, तहकिकात गर्ने र मुद्दा चलाउने अधिकार पाएकोमा निवेदक संस्थाको सम्बन्धमा अदालतमा मुद्दा नचलाई आफैँले अनियमितता भएको ठहर गरेको कुरा उक्त आयोगको मिसिल संलग्न निर्णय नं. २१७ बाट देखिने ।

कानूनले दिएको अधिकारभन्दा बढी अधिकार प्रयोग गरी कुनै पनि निकाय वा अधिकारीले निर्णय गर्न पाउँदैन । कानूनको अख्तियारीभन्दा बढी अख्तियारी कुनै पनि निकाय वा अधिकारीले प्रयोग गर्न पाउँदैन । अधिकारी वा निकायले कानूनले दिएको अधिकारभन्दा बढी अधिकार प्रयोग गरेमा कानूनी राज्यको उपहास हुन जानेतर्फ पनि यस अदालतले विचार गर्नुपर्ने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ले पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई निवेदक संस्था र पदाधिकारीलाई अनियमिततामा निर्णय गर्न पाउने अधिकार प्रदान गरेको देखिँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदक संस्था र पदाधिकारीउपरको उजुरी ग्रहण गरी अनियमितता भएको रकम असुलउपर गर्न मिति २०६१।११।१४ मा गरेको निर्णयको आफैँले लगत कट्टा गरेको भनी लिखित जवाफमा उल्लेख गरेको देखियो । त्यसबाट पनि संवैधानिक निकाय विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनविपरीत निर्णय गरेको तथ्य समर्थित भएको छ । कानूनविपरीत भएका निर्णय न्यायको मान्य सिद्धान्तले समेत कायम रहन नसक्ने ।

प्रस्तुत निवेदनका निवेदकहरू सार्वजनिक पद धारण गरेका व्यक्ति नभएको हुँदा उक्त प्रतिपादित सिद्धान्त यस विवादमा आकर्षित हुन सक्ने नदेखिने ।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले परिभाषा गरेबमोजिम सार्वजनिक संस्था र

सार्वजनिक पदधारण गरेको व्यक्तिबाहेकका व्यक्तिको हकमा उजुरी लिई मिति २०६१।११।१४ मा निर्णय गरेको देखिँदा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६१।११।१४ मा गरेको निर्णय र सोबमोजिम संस्थाको अनियमिततासँग सम्बन्धित भएर गृह मन्त्रालयले मिति २०७४।१२।२ मा जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुरूप भएको नदेखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६१।११।१४ को निर्णय र गृह मन्त्रालयले मिति २०७४।१२।२ मा जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्र नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल आषाढ २८ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७४-WO-०७४०, उत्प्रेषण, सपुतबहादुर कार्की वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७३-CR-०२५३, ०७३-CR-०५०१, लागु औषध (गाँजा), बद्री चौधरी जैसवाल वि. नेपाल सरकार, घनश्याम बलम्पाकी मगर वि. नेपाल सरकार*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम आरोपित कसुर नगरेको प्रमाण पुऱ्याउने भार पुनरावेदक प्रतिवादीको भएको तथ्यमा विवाद छैन । अधिकारप्राप्त अधिकारीसमक्ष आफूले चन्द्रेश्वर चौधरीले चलाई आएको मे. १ ज १०४२ नं. को गाडीमा रमेश र चन्द्र तामाङले संकलन गरेको लागु औषध (गाँजा) लोड गरी पठाएको भन्ने बेहोराले गरेको बयान अन्यथा हुने प्रमाण देखाई अदालतमा इन्कारी हुन सकेको देखिँदैन । चन्द्रेश्वर चौधरीले अदालतमा पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवालले खाली बोरा लोड गरेको भन्ने बेहोराले बयान गरेको देखिन्छ। चन्द्रेश्वर चौधरीको उक्त बयानलाई पुनरावेदक प्रतिवादीले विनाआधार पोल गरेको जिकिर लिए पनि चन्द्रेश्वर चौधरीले चलाएको मे. १ ज १०४२ नं. को गाडीमा ३२५ के.जी. गाँजा सेतो बोरामा राखेको अवस्थामा बरामद भएको देखिन्छ । बरामद गाँजा ओसारपसारमा पुनरावेदक प्रतिवादी अदालतमा इन्कारी रहे पनि प्रत्यक्ष रूपमा गाँजा ओसारपसार गर्ने गाडीका चालकले अधिकारप्राप्त अधिकारीसमक्ष गाँजा यिनै पुनरावेदक प्रतिवादीले लोड गरेको भनी गरेको बयान र अदालतमा पनि खाली बोरा यिनै पुनरावेदक प्रतिवादीले लोड गरेको भनी बयान गरेको र सोही खाली भनी गाडीमा लोड गरेको बोराबाट लागु औषध (गाँजा) बरामद भएको अवस्थाले यी पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको तथ्य स्थापित भएको देखियो । पुनरावेदक प्रतिवादीले सहअभियुक्तको पोलयुक्त बयान प्रमाणमा लिन मिल्दैन भन्दै यस अदालतबाट ने.का.प. २०४६, माघ, निर्णय नं. ३९५९ मा प्रतिपादित सिद्धान्त पुनरावेदनमा उल्लेख गरेको भए पनि उक्त सिद्धान्त प्रतिपादन भएको मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्य फरक परेको हुँदा त्यो प्रतिपादित सिद्धान्त यस मुद्दामा आकर्षित हुन सक्ने देखिएन । तसर्थ पुनरावेदक प्रतिवादीलाई ७ वर्ष कैद सजाय र १ लाख जरिवाना हुने ठहर भएको पुनरावेदन अदालत इलामको फैसला लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (घ)(५) सम्मत हुँदा अन्यथा गर्नुपर्ने नदेखिने।

पुनरावेदक प्रतिवादी श्याम भन्ने घनश्याम बलम्पाकी मगरको हकमा विचार गर्दा चन्द्रेश्वर चौधरीले चलाएको मे १ ज १०४२ नं. को गाडी यी पुनरावेदक प्रतिवादीले भाडामा सञ्चालन गर्दै आएको कुरा चन्द्रेश्वर चौधरी र पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवालको

बयानबाट देखिएकोमा पुनरावेदक प्रतिवादीले पनि उक्त गाडी आफूले भाडामा सञ्चालन गरेको स्वीकार गरेको देखिन्छ । निजले भाडामा सञ्चालन गरेको उक्त मे १ ज १०४२ नं. को गाडीमा ३२५ के.जी. गाँजा बरामद भएको कारण पुनरावेदक प्रतिवादीको पनि गाँजा कारोबारमा संलग्नता रहेको भनी अभियोगपत्र पेस भएको देखिन्छ । उक्त अभियोगको सम्बन्धमा पुनरावेदक प्रतिवादीले अदालतमा पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवालले चन्द्रेश्वर चौधरीलाई चालक राखी ४ दिनको तरकारी लिन भाडामा लगेको हो भन्नेसमेत बेहोराले बयान गरेको देखिन्छ । उपर्युक्तबमोजिम चन्द्रेश्वर चौधरीले हेटौंडामा पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवालले गाडीमा लाने सामान लागु औषध (गाँजा) भनेपछि चालक चन्द्रेश्वर चौधरीले यी पुनरावेदक प्रतिवादीलाई फोन गरी निजले भाडा मिलाएर ल्याउनु भनेकाले सोहीअनुसार रू. ८,०००।- भाडामा लागु औषध ल्याएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष पुनरावेदक प्रतिवादीलाई पोल गरी बयान गरेको देखिने ।

पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवालले अधिकारप्राप्त अधिकारीसमक्ष चन्द्र र रमेश तामाङले गाडीको लागि फोन गरेका थिए, तर गाडी नभएकाले यिनै पुनरावेदक प्रतिवादीको फोन नं. दिएको भन्ने बेहोराले बयान गरेको देखिन्छ । मिसिल संलग्न फोन सम्पर्क गरेको देखिने कल डिटेलबाट प्रतिवादी चन्द्रेश्वर चौधरी, बद्री चौधरी जैसवाल र यी पुनरावेदक प्रतिवादीबिच फोन सम्पर्क भएको देखिन्छ । फोन सम्पर्क भएको कुरालाई यी पुनरावेदक प्रतिवादीले स्वीकार गरी बयान गरेको देखिन्छ । मुख्य रूपमा बद्री चौधरी जैसवाल, चन्द्रेश्वर चौधरी र यी पुनरावेदक प्रतिवादीबिच पटकपटक फोन सम्पर्क भई ३२५ केजी गाँजा ओसारपसार भएको देखिएकोमा पुनरावेदक प्रतिवादीले पनि पटकपटक फोन सम्पर्क भएको भनी स्वीकार गरेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले ४ दिनको लागि गाडी भाडामा दिएका पुनरावेदक प्रतिवादीलाई बद्री चौधरी जैसवाललाई पनि आरोपित कसुरमा सजाय हुने ठहरी आजै फैसला भएको छ । यसरी बरामद भएको लागु औषध (गाँजा) बोक्न प्रयोग भएको गाडी पुनरावेदक प्रतिवादीले ४ दिनको लागि अर्का पुनरावेदक प्रतिवादी बद्री चौधरी जैसवाललाई भाडामा दिएको र चालक, गाडी भाडामा दिने पुनरावेदक प्रतिवादी श्याम भन्ने घनश्याम बलम्पाकी मगर र गाडी भाडामा लिने बद्री चौधरी जैसवालबिच सोही अवधिमा पटकपटक फोन सम्पर्क भएको जस्ता परिस्थितिजन्य प्रमाणबाट पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएकाले पुनरावेदन अदालत इलामको फैसला पुनरावेदक प्रतिवादीको हकमा अन्यथा नदेखिने ।

अतः माथि गरिएको विवेचना, आधार र कारणहरूबाट पुनरावेदन अदालत इलामले मिति २०७२।८।२१ मा दुवै पुनरावेदक प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल चैत्र १८ गते रोज १ शुभम् ।

इजलास नं.१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०६७-CR-१०८९, कर्तव्य ज्यान, नेपाल सरकार वि. ताप्के माइला भन्ने मेतर गुरूङसमेत*

झुन्डिएको अवस्थामा फेला पारिएको मृतकको लासको वैज्ञानिक परीक्षण हुन नसकेको अवस्थामा मृतकको झुन्डिएको अवस्थाको सचित्र चित्रण हुन नपाएको हुँदा मृतकले झुन्डी आत्महत्या गरेकै होइन भन्न सकिने अवस्था छैन । प्रतिवादी पुष्प गुरूङले मृतकलाई कुटपिट गरी मारेको भन्ने अभियोग दाबी नै तथ्यतः अभियोजन पक्षले पुष्टि गर्न सकेको

नदेखिने।

माइती पक्षसमेत उपस्थित भएपछि लास सद्‌गत गर्ने सहमति भई गाउँ समाजको सल्लाहबमोजिम सद्‌गत गरेको हो भनी प्रतिवादी तुलबहादुर गुरूङसमेतले बयान गरेको देखिन्छ। माइती पक्षको उपस्थिति रहेको अवस्थामा तत्काल मृत्युका सम्बन्धमा प्रश्न उठाई अनुसन्धान गर्ने गराउनेतर्फ नलागी लासको सद्‌गत गर्ने गराउनेतर्फ लागेको देखिएको छ। गुरूङ जातिको जातीय संस्कारअनुसार माइतीतर्फबाट लासमा प्यूरी दिएपछि नै दाहसंस्कार भएको र सो कुरालाई समर्थन हुने गरी वादी पक्षका मानिसले मौकाकै कागजमा उल्लेख गरेका छन्। **वादी पक्षले आफ्नो दाबिलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने हाम्रो न्यायिक मान्यता रहेको सन्दर्भमा शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको देखिने।**

वादीका गवाह मृतकका दाजु चित्रबहादुर गुरूङले अनुसन्धानको क्रममा भएको कागजमा मृतकको लास ३६ घण्टासम्म कुरी माइती पक्ष उपस्थित भई प्यूरी दिएपछि मात्र सद्‌गत गरिएको कुरा खुलाएका छन्। मृतक लासको पेट चिरी पेटको बच्चा निकाल्ने तुलबहादुर गुरूङले मौका र अदालतसमक्षको बयानमा मृतकको लासमा घाउ चोट निलडाम केही नभएको भनी बयान गरेको अवस्था छ। यसबाट समेत मृतकलाई प्रतिवादी पुष्प गुरूङले कुटपिट गरी मारी कान्छी श्रीमती कुमारी गुरूङसमेतको सहयोगले झुन्ड्याएका रहेछन् भन्न मिल्ने देखिँदैन। शङ्काको भरमा प्रस्तुत वारदात कर्तव्यबाट भएको हो भनी भन्न मिल्ने नदेखिने।

कसुरदारलाई कसुरबाट उन्मुक्ति दिने उद्देश्यले प्रतिवादीहरूमध्ये कोदे गुरूङसमेतले छिटो-छिटो लासको दाहसंस्कार गरेको भन्ने पुनरावेदन जिकिर रहेतर्फ हेर्दा वादी पक्षकै गवाह चित्रबहादुर गुरूङको भनाइबाट वारदात भएको ३६ घण्टापछि मात्र लास सद्‌गत गरेको भनेको देखिएको छ। त्यस्तो होइन भन्ने मिसिलबाट देखिँदैन। मृतक झुन्डिएको अवस्थामा भेटिएपछि कानूनबमोजिम नजिकको सम्बन्धित प्रहरी कार्यालयमा जाहेर गर्नुपर्नेमा सो नगरी सद्‌गत गरेको भन्ने अभियोग दाबी रहेकोमा मानिस झुन्डिई मरेको अवस्थामा पाइएपछि सोको जाहेर सम्बन्धित निकायमा नगरी लास सद्‌गत गर्नु तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. ले कसुर मानेको र सजायको व्यवस्थासमेत गरेकोबाट त्यस्तो कार्य गर्ने प्रतिवादीहरू सजायको भागी हुने एउटा अवस्था हो भने कसुर दबाउने उद्देश्यले नै घटनाको सम्बन्धमा जाहेर नगरी लास सद्‌गत गरेको हो होइन भन्ने अर्को अवस्था हो। यस सम्बन्धमा हेर्दा प्रतिवादीहरू ताप्के माइला भन्ने मेत्तर गुरूङसमेतले सुरू जिल्ला अदालतको फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन गर्दा वारदात नै स्थापित नभएको अवस्थामा प्रतिवादी पुष्प गुरूङको कर्तव्यबाट मृतक भगवती गुरूङको ज्यान गएको भनी सोही आधारमा हामीलाई सम्बन्धित निकायमा खबर नगरी लास दाहसंस्कार गरेको भनी अर्थ गरी कसुर ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको भनी वारदारबारे जाहेर नगर्नुको कारणसमेत उल्लेख गरेको देखिने।

झुन्डी मरेको लासलाई विधिपूर्वक पुर्जी लिएर मात्र सद्‌गत र लासको व्यवस्थापन गर्नुपर्नेमा प्रस्तुत वारदातमा सो कार्य भएको देखिएन। तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. मा **अपहत्या वा कर्तव्य परी मर्ने मानिसको लास कानूनबमोजिम जाँच भइसकेपछि सो लास जलाउनु, गाड्नु, फाल्नु, जो गर्नुपर्छ गर्नको निमित्त लास जाँच गर्ने प्रहरी कर्मचारीले र सरकारी वकिल भए निजले समेत सहीछाप गरी पुर्जी गरिदिनुपर्छ। सो पुर्जी नलिई त्यसै लास जलाउनु, गाड्नु, फाल्नु हुँदैन। सोबमोजिम पुर्जी गरी नदिने वा पुर्जी नलिई लास जलाउने गाड्ने फाल्नेलाई दश रूपैयाँ जरिवाना गर्नुपर्छ**

भन्ने व्यवस्था रहेको पाइन्छ । सोबमोजिमको प्रक्रिया प्रतिवादीहरूबाट पूरा गरेको नदेखिँदा उल्लिखित कानूनी व्यवस्थाबमोजिम प्रतिवादीहरूलाई जरिवाना गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत पोखराको फैसला मिलेको नदेखिने ।

अतः माथि विवेचित आधार कारणबाट पुर्जी नलिई लास जलाए वा सद्गत गरेतर्फ प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम रू.१०।- जरिवाना नगरेको हदसम्म पुनरावेदन अदालत पोखराको मिति २०६७।६।२० को फैसला मिलेको नदेखिएकोले केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम जनही रू.१०।- जरिवाना हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल आश्विन १ गते रोज २ शुभम् ।

इजलास नं.४

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-CI-१४७६, निषेधाज्ञा, दुर्गानन्द मिश्र वि. तारानन्द मिश्रसमेत*

निवेदनमा मुख्यतया उक्त मन्दिरको पुजारीको रूपमा काम गर्न यी निवेदकलाई विपक्षीहरूबाट अवरोध उत्पन्न गर्न सक्ने विषयको अन्तरवस्तु नै पुजारी कायम हुने विषय रहेको देखिएको र सोही विवादको निरूपण कानूनी रूपमा हुन बाँकी नै रहेको अवस्थामा बडादशैंको मुखमा विपक्षीहरूबाट कानूनविपरीत हुन सक्ने अवरोधप्रति आशंका जाहेर गरी यी निवेदकले प्रस्तुत रिट निवेदन दायर गरेको देखिए तापनि उक्त मन्दिरको पुजारी कायम हुने विषयमा विपक्षी तारानन्द मिश्रले दायर गरेको मुद्दामा यी निवेदक पुजारी कायम हुने भनी फैसलाको रोहमा उक्त कानूनी प्रश्नको निरूपणसमेत भइसकेको भन्ने देखिएको अवस्थामा यी निवेदकको मागबमोजिम विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१०।११ मा भएको आदेश मिलेकै देखिन आएकोले यी पुनरावेदक निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, यी निवेदकको मागबमोजिम विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१०।११ मा भएको आदेश मिलेकै देखिन आएकोले सदर हुने ।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७३-CI-१०६५, उत्प्रेषण / परमादेश, सुजन दाहाल वि. भोलाप्रसाद यादव*

सप्तरी जिल्ला अदालतमा चलेको अंशदर्ता मुद्दामा भएको मिलापत्रअनुसार रिट निवेदकले उक्त विवादित जग्गा प्राप्त गरेको देखिन आएको छ भने उक्त जग्गा मरघीदेवीका नाउँमा मालपोत कार्यालय, सप्तरीमा रहेको मोठ स्रेस्तामा जनिई रहेको देखिएको हुँदा निजका नाउँमा दर्ता कायम रहेको उक्त जग्गा कानूनबमोजिम अन्यथा प्रमाणित भई नआएसम्म निजका हकवालाले कानूनबमोजिम गरी लिएको सो मिलापत्रका आधारमा उक्त जग्गामा निज निवेदकको हक स्थापित भइरहेको भन्ने नै देखिने ।

निवेदनमा दाबी गरिएको जग्गामा निवेदकको हक नरहेको भनी कानूनबमोजिम अन्यथा प्रमाणित नगराउँदासम्म यी रिट निवेदकको हकको स्रोतको

रूपमा रहेको उक्त मिलापत्रबाट रिट निवेदकको निर्विवाद हक रहेको सो जग्गा बिनाकारण मालपोत कार्यालयबाट रोक्का जनाई राखिराख्न मिल्ने नदेखिएको हुँदा उक्त रोक्का राख्न पठाएको विपक्षी गा.वि.स. कार्यालयको पत्र कानूनबमोजिमको देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने नै हुँदा सो रोक्का राख्ने आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त दाबीको जग्गा फुकुवा गरिदिनको लागि मालपोत कार्यालयमा लेखी पठाइदिनु भनी गा.वि.स.को कार्यालय, रूपनीको नाउँमा परमादेशसमेत जारी हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०१।१२मा भएको आदेश मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विपक्षी गा.वि.स.को कार्यालयबाट निवेदन दाबीको जग्गा रोक्का राख्ने गरी भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त जग्गा फुकुवा गरिदिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०१।१२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७३-CI-१४२५, निषेधाज्ञा, उपेन्द्र यादवसमेत वि. विरेन्द्र सिंह*

निवेदकले आफूहरू बस्दै आएको घरजग्गा भत्काउने, तोड्ने भनी धम्की दिई गएका भन्ने सम्बन्धमा निवेदकको मागदाबीको अन्तरवस्तु नै आफ्नो वासस्थानको सुरक्षा गरिपाउँ भन्ने देखिएकोमा निवेदकले केवल सार्वजनिक पोखरीको जग्गा कब्जा गर्ने नियतले रिट निवेदन दिएको भनी निवेदकको मुख्य मागका सम्बन्धमा केही उल्लेख नगर्नुबाट रिट निवेदकको वासस्थानमा यी विपक्षीहरूबाट गैरकानूनी हस्तक्षेप र दख्खल कब्जाको आशंका विद्यमान रहेको देखिएकोले कानूनबमोजिम बाहेक निवेदकले बसोबास गरी आएको वासस्थानमा कुनै प्रकारले हस्तक्षेप गर्ने, घरबास तोड्ने, क्षति पुर्‍याउने कार्य नगर्नु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने भनी सुरू पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०१।२८ मा भएको आदेश मिलेकै देखिन आएकोले पुनरावेदक विपक्षीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार एवं कारणहरूबाट कानूनबमोजिम बाहेक रिट निवेदकले बसोबास गरी आएको वासस्थानमा कुनै प्रकारले हस्तक्षेप गर्ने, घरबास तोड्ने, क्षति पुर्‍याउने कार्य नगर्नु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०१।२८मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-RC-००१०, कर्तव्य ज्यान, नेपाल सरकार वि. भिमबहादुर थापासमेत*

मृतकको दायाँ कानमा रगत निस्किएको, पिठ्युँमा २/३ वटा डामहरू, छातीमा २/३ इन्चका डामहरू, शरीरमा ८/१० वटा डामहरू रहेको, दुवै गालामा खोस्रिएको, दाहिने, बायाँ हातमा काटिएको, टाउकोमा गहिरो घाउ रहेकोले मृतक चक्रबहादुर थापालाई स्थानीय घरेलु हतियारले प्रहार गरी मारेको भन्ने घटनास्थल मुचुल्का र यी सहप्रतिवादीहरूको भनाइ मिल्न आएको पाइन्छ। शव परीक्षण प्रतिवेदनमा Cause of Death:

Airway Obstruction, Hypovolemia (blood loss) due to poly trauma (physical assault) भन्ने लेखिएको देखिएबाट मृतकको शरीरमा गम्भीर चोटपटक लागी मृत्यु भएको पुष्टि हुन आएको छ । यी पुनरावेदकले भनेअनुसारको घटनामा प्रयोग भएको बन्चरो र कम्बलसमेत बरामद भई सहप्रतिवादीहरूले सनाखतसमेत गरेको देखिन्छ । अर्का सहप्रतिवादी सुन्दर थापाले यी प्रतिवादीहरूसमेत चारैजनाले मृतकलाई आफूहरूले मारी गाडी सक्यौँ भनेका भनी मौकामा र अदालतमा बयान गरेकोसमेतबाट यी प्रतिवादीहरूमध्येका भिमबहादुर थापाले जुत्ताले एक चोट हानेपछि गोमाने थापाले हात खुट्टा, मुक्कासमेत लगाई कुटपिट गरी मृतक चक्र थापाको अलिकति सास रहेको अवस्थामा भिमबहादुर थापाले बन्चरो ल्याई हानेपछि मृतक चक्रबहादुर थापाको मृत्यु हुन गएको कुरा पुष्टि हुन आएकोले यिनै प्रतिवादीहरूसमेतको सामूहिक कर्तव्यबाट मृतक चक्रबहादुर थापाको मृत्यु हुन गएको देखिने ।

मिसिल संलग्न तथ्य, आधार र कारणहरूबाट मृतक चक्रबहादुर थापाको मृत्यु यी प्रतिवादीहरूसमेतको कुटपिट तथा चोट प्रहारबाट भएको देखिँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू अछाम जिल्ला अदालतबाट मिति २०७३।३।५ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७३।१२।११ मा भएको फैसला मिलेकै देखिन आउने ।

तसर्थ, माथि विवेचित तथ्य, आधार र कारणहरूबाट समेत यी प्रतिवादीहरू भिमबहादुर थापा र गोमाने थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू अछाम जिल्ला अदालतबाट मिति २०७३।०३।०५ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७३।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-RC-००९२, कर्तव्य ज्यान, नेपाल सरकार वि. कैलास चौधरी*

मौकामा घटना विवरण कागज गर्ने विष्णुप्रसाद चौधरी र सीता चौधरीले मिति २०७१।०८।१८ गते अं.२:१५ बजे जिल्ला दाङ गोवरडिहा गा.वि.स. वडा नं.४ पचहिया स्थित खेतको खल्यानमा खरले बारेको झुप्रोमा हामी श्रीमान् श्रीमती सुतेका थियौं । एक्कासी झुप्रो बाहिर मानिस कराएको आवाज सुनी बाहिर आई हेर्दा कैलास चौधरीले आफ्नो श्रीमती चंचला चौधरीलाई फरूवाले हानी मारेछन् । परालमा मृतक लास थियो । कैलास चौधरीको हातमा फरूवा थियो । के गरेको भन्दा मैले आफैँ फरूवाले हानी मारेको हुँ भनेका हुन् भनी लेखाई दिएको देखिएबाट पनि निज प्रतिवादीले कसुरमा साबित भई गरेको बयान बेहोरा समर्थित भइरहेको देखिएको हुँदा निज प्रतिवादीले आफ्नी श्रीमतीलाई फरूवा प्रहार गरी मारेको भनी निजले गरेको बयानबाट निज प्रतिवादी साबित भइरहेको अवस्थामा निजले अभियोग दाबीअनुसारको कसुर गरेकै देखिन आएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं.को कसुर गरेको देखिँदा निज प्रतिवादीलाई सोही १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी सुरू अदालतबाट मिति २०७१।११।१३ मा भएको फैसला सदर हुने भनी उच्च अदालतबाट मिति २०७४।०२।०२ मा भएको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादी कैलास चौधरीले अदालतमा बयान

गर्दा, आफ्नी श्रीमतीलाई आफूले मारेको हुँ भन्ने कसुरमा साबित भई अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, "आफूलाई घरायसी चिन्ताले पिरोलिरहेको थियो, चिन्ता परेपछि के गर्ने थाहा पाउँदैन थिएँ । २ वर्षअघि चिन्ता कमी गर्ने औषधी पनि खाएको थिएँ", "तेरो श्रीमतीलाई लैजान्छु भन्ने बारम्बार आवाज सुनी रहँदा मेरो दिमागले नै सोच्न नसकी म होसमा नरही अचेत जस्तो भएको अवस्थामा मैले उक्त कार्य गरेको हुँ" भन्ने जस्ता विवरण उल्लेख गरे तापनि निजको उक्त भनाइ कुनै प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको र निजले आफूसँगै सुतेकी आफ्नी श्रीमतीलाई घातक हतियार फरूवाले ३ पटकसम्म प्रहार गरी निर्मम तवरले मारेको भन्ने देखिँदा निज प्रतिवादीलाई कम सजाय हुनुपर्नेसम्मको अवस्था नदेखिँदा निज प्रतिवादीलाई १० वर्ष कैदको सजाय हुनुपर्ने भनी सुरू अदालतबाट लगाएको राय मनासिब नदेखिँदा सो हदसम्म बदर हुने भनी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०२।०२ मा भएको फैसला मिलेकै देखिन आउने ।

तसर्थ, निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं.को कसुरमा सोही १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७१।११।१३ मा भएको फैसला सदर गर्ने गरी एवं सुरू अदालतको फैसलामा निज प्रतिवादीलाई १० वर्ष कैद सजाय हुनुपर्ने भनी लगाएको राय मनासिब नदेखिई सो हदसम्म बदर हुने भनी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०२।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-RC-००९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रमेश मल्ल*

वारदातस्थल भनिएको स्थानबाट नजिक रहेको प्रहरी चौकीमा उक्त घटना वारदातको बारेमा यी प्रतिवादीले मौकामा जानकारी नगराएको र प्रहरीमा खबर गर्ने व्यक्ति आफ्नो विरोधी हो भनी यी प्रतिवादीले मौकामा सो घटनामा भेला भएका मानिसहरूको बिचमा प्रतिवादीले आफ्नो भनाइ राखेको देखिएबाट पनि यी प्रतिवादीले घटना वारदातका बारेमा प्रहरीमा खबर नगर्नको लागि धम्कीपूर्ण शैलीमा चेतावनी दिएको देखिएबाट पनि यी प्रतिवादी उक्त वारदातका समयदेखि नै सन्देहास्पद रूपमा प्रस्तुत हुँदै आएको भन्ने नै देखिने ।

अन्य व्यक्तिहरूले वारदातस्थलमा गुडिरहेको मोटरसाइकलमा अचानक आक्रमण गर्दा यी प्रतिवादी आफू सामान्य घाइते भएको र एकै मोटरसाइकलमा रहेका चालकलाई अज्ञात व्यक्तिको आक्रमणका कारण मृत्यु भएको भन्ने घटनास्थलमा रहेको उक्त मोटरसाइकल ओरालो स्थानमा भैकन पनि स्ट्यान्ड लगाई रोकिराखेको अवस्थामा देखिएको छ भने मृतक अर्को स्थानमा मृत अवस्थामा भुइँमा लडिरहेको भन्ने देखिएकोले मोटरसाइकल चलाइरहेको अवस्थामा अज्ञात व्यक्तिले मृतकलाई र आफूलाई एक्कासी प्रहार गरेकोले उक्त घटना घटेको भन्ने यी प्रतिवादीको उक्त कथन घटनास्थल मुचुल्का तथा मौकामा घटना विवरण कागज गर्ने व्यक्तिहरूले गरिदिएको कागज तथा निजहरूले अदालतसमक्ष गरेको बकपत्रलगायतका कुनै पनि तथ्यहरूबाट पुष्टि हुन आएको नदेखिने ।

मृतकको मृत्यु कर्तव्यबाटै भएको भन्ने शव परीक्षण प्रतिवेदन तथा घा जाँच केस फारामसमेतबाट देखिन आएको र मृतक र यी प्रतिवादी एकैसाथ सँगसँगै

मोटरसाइकलमा आइरहेको अवस्थामा मृतकलाई अन्य कोही कसैले प्रहार गरेको भन्ने प्रतिवादीको कथन कुनै पनि तथ्यहरूबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीको कर्तव्यबाट नै निज मृतकको मृत्यु भएको भन्ने कुरामा कुनै सन्देह रहेको नदेखिएको हुँदा निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम कसुर अपराध गरेको देखिन आएकोले निज प्रतिवादी रमेश मल्ललाई सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भन्ने सुरू प्युठान जिल्ला अदालतबाट मिति २०७२।०५।२८ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०३।०८ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, यी प्रतिवादी रमेश मल्लको कर्तव्यबाट नै मृतक विज्ञान के.सी.को मृत्यु भएको देखिन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निज प्रतिवादीलाई सोही १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू प्युठान जिल्ला अदालतबाट मिति २०७२।०५।२८ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०३।०८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-RC-००९६, कर्तव्य ज्यान, नेपाल सरकार वि. संजय भारती*

प्रतिवादीले गरेको साबिती बयानलाई मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल विवरण मुचुल्का, जाहेरवालासमेतले अदालतमा आई गरेको बकपत्र, शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट निज प्रतिवादी संजय भारतीले सीता खानलाई काठको किलाले टाउकोमा पटकपटक प्रहार गरी मारेको देखिन्छ भने सोही ठाउँमा भएका अन्य गिता गिरी र नाबालक २ जनाबाट सो घटनाको पोल खुल्छ भनी प्रतिवादी संजय भारतीले सिता खान ठकुरीसमेत ४ जनालाई एकै वारदातमा क्रमिकरूपमा काठको किला (लाठ्ठी) ले हानी मारेको देखिन आएबाट निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर अपराधमा सोही महलको १(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू सल्यान जिल्ला अदालतबाट मिति २०७३।०८।०९ मा भएको फैसला सदर हुने भनी उच्च अदालत सुर्खेतबाट मिति २०७४।०५।२१ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, यी प्रतिवादी संजय भारतीले मृतक सिता खान ठकुरीसमेत ४ जनालाई एकै वारदातमा क्रमिक रूपमा काठको किला (लाठ्ठी) ले हानी मारेको देखिन आएबाट निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर अपराधमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू सल्यान जिल्ला अदालतबाट मिति २०७३।०८।०९ मा भएको फैसला सदर हुने भनी उच्च अदालत सुर्खेतबाट मिति २०७४।०५।२१ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-RC-००९८, कर्तव्य ज्यान, नेपाल सरकार वि. छत्र सुजन बेघासमेत*

जाहेरवाला मृतकका बाबु मानबहादुर राईले

प्रारम्भमा प्रतिवादीहरूले मृतक छोरालाई कुटपिट गरेको भनी जाहेरी दिए पनि अदालतमा प्रतिबादीहरू युगेन बेघा र किरण बेघाले छोरालाई कुटपिट गरेको भनी मृतक छोराको साथी उत्तम राईले बताएको भनी बकपत्र गरेको देखिन्छ। मृतकलाई प्रतिवादीहरूमध्येका सुजन बेघा र युगेन बेघाले गरेको कुटपिटकै कारण सोही चोटबाट थला परी निको नभई उक्त घटना वारदातको १७ दिनपश्चात् उपचारको क्रममा मृत्यु भएको भन्ने देखिँदा प्रतिवादीहरू सुजन बेघा र युगेन बेघाको कर्तव्यबाट नै मृतक खगेन्द्र राईको मृत्यु भएको भन्ने देखिने।

मृतकको लास जाँच मुचुल्का हेर्दा, शरीरको यत्रतत्र भागमा हिर्काई चोट पारी ब्यान्डेज लगाएको देखिन्छ । मृतकको लिङ्ग र अण्डकोषसमेत सुन्निएको भन्ने देखिएको छ। वारदात हुँदाका बखत यी प्रतिवादीहरूले गरेको कुटपिटबाट मृतकको लिङ्ग, अण्डकोष जस्तो संवेदनशील अङ्गसमेतमा गहिरो चोट प्रहार भएको देखिएको छ भने मृतकको मुख्य शरीरको भित्री फियो कलेजो, किड्नीसमेतमा चोट लाग्न गएको कारण मृतक खगेन्द्र राईको मृत्यु भएको देखिन आएको अवस्थामा निज प्रतिवादीहरू सुजन बेघा र युगेन बेघालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।०२।३१ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, यी प्रतिवादीहरू सुजन बेघा र युगेन बेघाले गरेको कुटपिटको चोट पीडाको कारण मृतक खगेन्द्र राईको मृत्यु भएको देखिन आएको अवस्थामा निज प्रतिवादीहरू युगेन बेघा र सुजन बेघालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई भएको फैसला सदर हुने भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।०२।३१ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७३-CI-१२७०, निषेधाज्ञा, कमलादेवी साह वि. राजेन्द्रप्रसाद साहसमेत*

निवेदन बेहोरा र विपक्षीहरूको लिखित जवाफ बेहोराबाट निवेदकले दाबी गरेको जग्गाका सम्बन्धमा पहिलेदेखि नै मुद्दा परी सो मुद्दामा तहतह हुँदै अन्तिम फैसला भएपछि सो फैसला कार्यान्वयनको निमित्त कानूनबमोजिम निवेदन परी फैसला कार्यान्वयनको चरणमा रहेको तथ्यहरूसमेत निवेदकले लुकाई अदालत प्रवेश गरेको अवस्था देखिने।

निवेदन दाबीको घर जग्गाका सम्बन्धमा कानूनबमोजिम अदालतमा मुद्दा परी मुद्दाको रोहमा भएको फैसला अन्तिम भई बसेको अवस्थामा फैसला कार्यान्वयन गरिपाउँ भनी निवेदन परी सोहीबमोजिम फैसला कार्यान्वयनको क्रममा रहेको उक्त कार्यलाई अवरूद्ध हुने गरी निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी परेको निवेदनबाट उक्त विवादित घर जग्गाका सम्बन्धमा भएको फैसलाबमोजिमको कार्य रोक्न मिल्ने अवस्था विद्यमान नरहेकोले उक्त फैसला कार्यान्वयनलाई प्रभाव पर्ने गरी निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन सक्ने नदेखिएकोले पुनरावेदन अदालत राजविराजबाट निवेदन खारेज हुने ठहरी मिति २०७२।१२।७ मा भएको आदेश मिलेकै देखिन आएकोले यी पुनरावेदक निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यसै निवेदन दाबीको घर जग्गाका सम्बन्धमा मुद्दा परी अन्तिम फैसला भई फैसला कार्यान्वयनको सिलसिलामा रहेकोमा उक्त फैसला

कार्यान्वयनलाई नै प्रभाव पर्ने गरी निवेदन परेको देखिँदा फैसला कार्यान्वयनको कार्य निषेधाज्ञाको आदेशबाट रोक्न मिल्ने नहुँदा प्रस्तुत निवेदन खारेज हुने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१२।०७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७४-WO-००७९, उत्प्रेषण / परमादेश, मानबहादुर श्रेष्ठ वि. पूर्वाञ्चल विश्वविद्यालय विराटनगर, मोरङसमेत

विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षामा रिती बराल उत्तीर्ण भई विश्वविद्यालयबाट प्रकाशित भर्नाको लागि योग्य विद्यार्थीको सूची Merit List को २५ औं स्थानमा निजको नाम समावेश भएको देखिन्छ। निवेदकको तर्फबाट विपक्षी विश्वविद्यालयलाई तिर्नुपर्ने सम्बन्धन शुल्क, परीक्षा शुल्कलगायत अन्य सम्पूर्ण शुल्क चुक्ता भई कलेजले विश्वविद्यालयलाई बुझाई सकेको भन्ने निवेदक कलेज अफ एप्लाइड एन्ड फुड एन्ड डेरी टेक्नोलोजीको च.नं.३१-०७४।०७५, मिति २०७४।४।२७ को पत्रबाट देखिन्छ । परीक्षा आवेदन फाराम तथा रजिस्ट्रेसन फाराम भरिसकेकोमा प्रवेशपत्र उपलब्ध नगराएको भन्ने देखिने।

विद्यार्थी रिती बराल कलेज अफ एप्लाइड फुड एन्ड डेरी टेक्नोलोजी M.Sc. Nutrition and Dietetics मा अध्ययनरत विद्यार्थी भएको र निवेदक कलेजले विपक्षी पूर्वाञ्चल विश्वविद्यालयबाट M.Sc. Nutrition and Dietetics विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न मिति २०७०।८।२९ मा सम्बन्धन प्राप्त गरेको देखिन्छ । विश्वविद्यालयले तोकिएको सम्पूर्ण सर्तहरू निवेदकले परिपालना गरी आएको अवस्थामा निवेदक कलेजको नियमानुसारको सर्तहरू पूरा गरी भर्ना भई अध्ययनरत विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित गर्नुपर्ने सम्बन्धमा विपक्षी विश्वविद्यालयले केही उल्लेख गर्न नसकी यस अदालतबाट मिति २०७४।५।२ मा माग भएको लिखित जवाफसमेत पेस गरेको देखिएन । निवेदक कलेजका विद्यार्थी रिती बराललाई परीक्षामा सामेल गराउन नमिल्ने भए सोको कारणसमेत खुलाई लिखित जवाफ दिनुपर्नेमा विपक्षी विश्वविद्यालयले सोको कारण खुलाई लिखित जवाफ प्रस्तुत गरेको देखिँदैन । अध्ययनको सम्पूर्ण प्रक्रिया पूरा गरी परीक्षामा सामेल हुनुपर्ने विद्यार्थीलाई रजिस्ट्रेसन नं. र परीक्षा प्रवेशपत्र उपलब्ध नगराउँदा परीक्षामा सामेल हुनबाट वञ्चित हुन गई विद्यार्थी रिती बराललाई प्रत्यक्ष क्षति पुग्न जाने अवस्था हुँदा निजलाई रजिस्ट्रेसन नं. र परीक्षा प्रवेशपत्र उपलब्ध गराई परीक्षामा संलग्न गराई परीक्षाफलसमेत प्रकाशन गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७४-WO-०४९३, उत्प्रेषण / परमादेश, पुनम भण्डारी पौडेल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

वादी लेखनाथ नेपाल र प्रतिवादी पुनम भण्डारी पौडेल भएको मुद्दा नं. ०७३-CP-१२४९ को बैना रकम फिर्ता दिलाई भराई पाउँ भन्ने मुद्दाको मिसिल संलग्न रहेको काठमाडौं जिल्ला अदालतबाट यी निवेदकको नाममा जारी भई मिति २०७३।९।८

मा तामेल भएको तामेली म्याद हेर्दा, म्यादवाला पुनम भण्डारी र निजको एकाघरको उमेर पुगेका अन्य मानिसहरूसमेत घरमा फेला नपरेको कारणले निजको घर दैलोमा म्याद टाँस गरेको हो भन्ने बेहोरा उल्लेख गरी दुईजना साक्षीलाई सहीछाप गराई सम्बन्धित वडाको सचिवलाई समेत रोहवरमा राखी सहीछाप गराई वडा कार्यालयको सूचना पाटीमा समेत म्याद टाँस तामेल गरेको देखियो । त्यसै गरी सोही वतनमा यिनै निवेदकको नाममा जारी भएको बिगोको मुद्दाको म्याद मिति २०७४।३।२३ मा निज आफैँले बुझी तामेल भएको देखिने ।

काठमाडौं जिल्ला अदालतबाट यी निवेदकको नाममा जारी भई मिति २०७३।९।८ मा निजको घर दैलोमा टाँस भएको तामेली म्याद र मिति २०७४।३।२३ मा निज आफैँले बुझी तामेल भएको तामेली म्याद दुवैमा एउटै व्यक्ति साक्षी बसेकोसमेत देखिएको र कानूनबमोजिम नै रीतपूर्वक म्याद तामेल भइरहेकोको देखिएको अवस्थामा अ.बं.११० नं. को रीत नपुऱ्याएको भनी मान्न नमिल्ने भएको हुँदा मिति २०७३।९।८ मा तामेल भएको तामेली म्याद बदर नहुने गरी मिति २०७४।५।२ मा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश मिलेकै देखिएकोले परिवर्तन गर्नु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७४।०८।१४ मा भएको आदेश मनासिब नै रहेको देखिने ।

तसर्थः माथि विवेचित आधार, कारणसमेतबाट उच्च अदालत पाटनको मिति २०७४।०८।१४ को आदेश मनासिब नै देखिन आएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

इति संवत् २०७५ साल मार्ग २४ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७४-WO-०५९४, उत्प्रेषण / परमादेश, जयराम थापा वि. मोरङ जिल्ला अदालतसमेत*

मिसिल संलग्न रहेको स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रमा निवेदक कम्पनीको पूरा नाम एलाइड ट्रेड लिंक इन्टरनेसनल प्रा.लि., ठेगाना वडा नं. ११ काठमाडौं महानगरपालिका उल्लेख गरेको देखियो । विपक्षी वादी नेहा विष्टसमेतले निवेदक कम्पनीको विरूद्धमा मोरङ जिल्ला अदालतमा लिखत बदर दर्ता बदर दर्ता कायम मुद्दाको फिरादपत्र दर्ता गर्दा फिराद पत्रमा प्रतिवादीको नाम एलाइड ट्रेड लिंक इन्टरनेसनल र वतन काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.११ भनी उल्लेख गरेको देखियो। मोरङ जिल्ला अदालतबाट प्रतिवादीको सोही नाम र वतनमा म्याद जारी भएकोमा सो म्याद मिति २०७०।७।२५ मा तामेल हुँदा "म्यादवाला एलाइड ट्रेड लिंक इन्टरनेसनल मात्र उल्लेख भएको, मार्ग, घर नं., फोन नं. समेत नखुलेको, काठमाडौं म.न.पा.वडा नं. ११ मात्र उल्लेख भएको, ठाउँसमेत नखुलाउनुको साथै ट्रेड लिंक बसेको कस्को घर कुन ठाउँसमेत प्रस्ट नखुलेकोले खोजतलास गर्दा फेला नपरेको" भनी बेपत्ते बेहोराबाट तामेल भएकोमा उक्त म्याद मोरङ जिल्ला अदालतबाट मिति २०७१।३।१८ मा बदर भई प्रतिवादीको फिराद पत्रमा उल्लिखित नाम र वतन उल्लेख गरी राष्ट्रिय स्तरको नेपाल समाचारपत्र दैनिक पत्रिकामा मिति २०७१।६।१ मा ३० दिने म्याद सूचना प्रकाशन गरेको र सो म्यादमा समेत प्रतिवादीको प्रतिउत्तर परेको देखिन नआउने ।

निवेदक कम्पनीको नाममा रहेको जिल्ला झापा, दमक नगरपालिका वडा नं. १६ को कि.नं. ७० को जग्गाको सम्बन्धमा निवेदक कम्पनीको विरूद्धमा परेको लिखत दर्ता बदर दर्तासमेतको मुद्दामा प्रतिवादी कम्पनीको पूरा नाम एलाइड ट्रेड लिंक इन्टरनेसनल प्रा.लि. उल्लेख नगरी एलाइड ट्रेड लिंक इन्टरनेसनल मात्र उल्लेख गरेको देखियो । यसरी प्रतिवादीको पूरा

नाम नै उल्लेख नगरिएको फिराद पत्रमा उल्लिखित नाम एलाइड ट्रेड लिंक इन्टरनेसनललाई मोरङ जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०७०।७।२५ मा बेपत्ते बेहोराबाट तामेल भएको र सोही नाममा नेपाल समाचारपत्र दैनिकमा मिति २०७१।६।१ मा प्रकाशित सूचनालाई समेत रीतपूर्वक जारी भएको भनी मान्न नमिलेकोले निवेदक कम्पनीले उक्त मुद्दामा प्रतिवाद गर्ने मौका प्राप्त गरेको भन्ने नदेखिई निवेदक कम्पनीको सम्पत्तिसम्बन्धी हकमा असर परेको देखिन आउने।

नेपालको संविधानबाट संरक्षण भएको सम्पत्तिसम्बन्धी र सूचनासम्बन्धी हक एवं यस अदालतबाट प्रतिपादन भएको उक्त सिद्धान्तसमेतको आधारमा निवेदक कम्पनीको पूरा नाम उल्लेख नगरी दायर भएको फिरादपत्र र त्यस्तो अपूर्ण नाममा मोरङ जिल्ला अदालतबारट जारी भएको म्याद मिति मिति २०७०।७।२५ मा बेपत्ते बेहोराबाट तामेल भएकोमा सो म्याद बदर भई नेपाल समाचारपत्रमा मिति २०७१।६।१ मा सूचना प्रकाशन गरी सोका आधारमा मोरङ जिल्ला अदालतबाट मिति २०७१।१२।२४ मा वादी दाबीबमोजिम लिखत बदर भई दर्ता हुने ठहर गरी भएको फैसला र सो फैसलाको आधारमा भएका सम्पूर्ण काम कारबाहीहरूसमेत कानूनसम्मत भएको भनी मान्न नमिल्ने।

तसर्थः विवेचित आधार कारणसमेतबाट प्रतिवादीको पूरा नाम एलाइड ट्रेड लिंक इन्टरनेसनल प्रा.लि. उल्लेख नै नगरिएको फिरादपत्रमा उल्लिखित एलाइड ट्रेड लिंक इन्टरनेसनलको नाममा जारी भएको म्यादमा र समाचारपत्र दैनिकमा प्रकाशित सूचनालाई समेत रीतपूर्वक जारी भएको भन्ने देखिएको नहुँदा र निवेदकले प्रतिवाद गर्ने मौकासमेत पाएको नदेखिँदा संविधानबाट संरक्षण भएको निवेदकको सम्पत्तिको प्रतिरक्षा गर्न नपाई सम्पत्तिसम्बन्धी हकमा असर परेको देखिँदा निवेदकको अपूर्ण नाम उल्लेख गरी मोरङ जिल्ला अदालतबाट जारी भएका म्यादहरू र सोको आधारमा मोरङ जिल्ला अदालतबाट मिति २०७१।१२।२४ मा भएको फैसला र सोको आधारमा तर्फ छुट्याएको मुचुल्का तथा तामेली आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदक प्रा.लि.को नाममा रीतपूर्वक म्याद जारी गरी कानूनबमोजिम कारबाही गर्नु भनी विपक्षीहरू मोरङ जिल्ला अदालत विराटनगर, झापा जिल्ला अदालत भद्रपुर र मालपोत कार्यालय भद्रपुर झापाको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल मार्ग २४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०६७-CI-०६८७, बाँकी रकम दिलाई पाऊँ, जनार्दन रेग्मी वि. चन्द्रकुमार गोल्छा*

विपक्षी वादी हुलास इन्डस्ट्रिज प्रा.लि.ले यी पुनरावेदक प्रतिवादी जनार्दन रेग्मीलाई अदालतमा मुद्दा दायर गर्नुपूर्व मिति २०५९।०९।१० मा अन्तिम पटक १० दिनभित्र रकम भुक्तानीका लागि पत्राचार गरेको र सो अवधिसम्ममा पनि पुनरावेदकले रकम नबुझाएकाले विपक्षी वादीले आफ्नो लिन बाँकी रकम असुलउपरका लागि काठमाडौं जिल्ला अदालतमा मिति २०५९।०९।२६ मा फिराद दायर गरेको कुरा मिसिल प्रमाणबाट देखिन आएकाले वादीले फिराद हदम्याद नघाई दायर गरेको भन्न मिल्ने देखिन नआउने।

वादीले फिरादसाथ पेस गरेका बिल नं. W.V. १७१९ मिति २३।१२।१९९८ बाट रू. १,५४,८६२।७५, बिल नं. W.V. २०८३ बाट मिति १४।०१।१९९९ मा रू. २,८१,०७९।- र बिल नं. W.V. ५६१९ बाट मिति १५।०७।२००० मा रू. २७,५००।– बिलहरू विपक्षी एभरेष्ट इन्जिनियरिङ इन्डष्ट्रिजको नाममा जारी गरेका बिलहरू काठमाडौं

जिल्ला अदालतको आदेशअनुसार पत्राचार हुँदा ठुला करदाता कार्यालयले वादी प्रतिवादीबिच कारोबार भएको प्रमाणित गरी पठाएको सुरू मिसिल संलग्न उक्त कार्यालयले जिल्ला अदालतलाई मिति २०६३।०२।२२ मा लेखेको पत्रबाट देखिन आएकाले उल्लिखित बिलहरूलाई तथ्ययुक्त प्रमाणबिना किर्ते जालसाजी भन्ने पुनरावेदकको बयान एवम् पुनरावेदन जिकिर तथ्यसम्मत नभई मनासिब देखिन नआउने।

वादीले फिरादसाथ पेस गरेका मिति ई.सं. २३।१२।१९९८ को रू. १,५४,८६२।७५ भएको बिल नं. W.V.१७१९, मिति इ.सं. १४।०१।१९९९ को रू. २,८१,०७९।– भएको बिल नं. W.V. २०८३ र मिति ई.सं. १५।०७।२००० को रू. २७,५००।- भएको बिल नं. W.V. ५६१९ समेतका बिलहरू विपक्षी एभरेष्ट इन्जिनियरिङ इन्डष्ट्रिजको नाममा जारी गरेको भन्ने देखिन्छ। उल्लिखित बिलहरू भ्याट बिल भएका र आन्तरिक राजस्व कार्यालय, सिमरा, बाराको मिति २०६०।०५।२८ को पत्रबाट पनि हुलास स्टिल इन्डष्ट्रिज सिमरा, बाराबाट संलग्न विवरणबमोजिमको मालसामान एभरेष्ट इन्जिनियरिङ विराटनगरलाई बिक्री गरेको खातामा प्रवृष्टि देखिएको भन्ने उल्लेख गरी उक्त बिलहरूको विवरण र रकम उल्लेख गरेबाट यी वादी प्रतिवादीबिच कारोबार नभएको र बिलहरू झुट्टा हुन् भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तथ्यपरक नभई अन्यथा देखिन आउने।

पुनरावेदक प्रतिवादी जनार्दन रेग्मी प्रोपाइटर रहेको एभरेष्ट इन्जिनियरिङ इन्डष्ट्रिजले वादी प्रा. लि.बाट सामान खरिद गरी कारोबार गरेको देखिएको र कारोबारको दाबीअनुसारको भुक्तानी दिन बाँकी रहेको भनी बिलसहित वादीले दाबी गरेका ती बिलहरू जालसाजी किर्ते हुन् भन्ने र फिराद हदम्याद नघाई परेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर अन्यथा देखिन आएकाले वादी दाबीअनुसारको रकम पुनरावेदक प्रतिवादीले तिर्न बुझाउनु नपर्ने भन्न मिल्ने नदेखिएकाले दाबीको रकम रू. २,७८,९९६।८० वादी हुलास स्टिल इन्डस्ट्रिजले यी पुनरावेदक प्रतिवादी जनार्दन रेग्मीबाट भरी पाउने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको फैसला बदर गरी फिराद दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरिनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित प्रमाण एवम् कारणहरूका आधारमा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७०-WO-०५३१, उत्प्रेषण, बलराम श्रेष्ठ वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर*

निवेदक बलराम श्रेष्ठले शैक्षिक सत्र २०६७ सालको कार्यसम्पादन मूल्याङ्कन फाराम २०६८ वैशाख मसान्तभित्र भरी विद्यालयमा दर्ता गरी सक्नुपर्नेमा २०६८।२।२० मा मात्र विद्यालयमा दर्ता गरेको भन्ने देखिन्छ। यसरी कानूनले तोकेको म्यादभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम भर्नु पर्ने दायित्व निवेदकले पूरा गरेको देखिन नआएकोले निवेदकको शैक्षिक सत्र २०६७ को कार्यसम्पादन मूल्याङ्कन फारामले कानूनी हैसियत ग्रहणगरेको देखिन नआई विपक्षी शिक्षक सेवा आयोगबाट निवेदकको उल्लिखित शैक्षिक सत्र २०६७ को कार्य सम्पादन मूल्याङ्कन फारामको अङ्कको गणना नगरिएको भन्ने देखिने।

अध्ययन बिदामा रहेको अवस्थामा बाहेक शिक्षकले अनिवार्य रूपमा शैक्षिक सत्र सुरू भएको

३० दिनभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम कानूनले तोकेको म्यादभित्र नभरेको कारणले सो म्यादभित्र दाखिल नभएको कार्यसम्पादन मूल्याङ्कन फारामको अङ्क गणना हुन नसकेको कारणबाट निवेदकको प्राप्ताङ्क अन्य बढुवा भएका शिक्षकहरूको प्राप्ताङ्कभन्दा कम भएकोले निवेदक बढुवा नभएको देखिन्छ । कानूनले तोकेको म्यादभित्र दर्ता नै नगरेको कार्य सम्पादन मूल्याङ्कन फारामको अङ्क गणना हुनुपर्ने भन्ने निवेदकको तर्क कानूनसङ्गत देखिन नआउने ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३२ उपनियम ७ बमोजिम शिक्षकले हरेक शैक्षिक सत्र सुरू भएको ३० दिनभित्र आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित विद्यालयमा दर्ता गरिसक्नुपर्नेमा सो नगरेको कारणले निवेदकको अन्य उम्मेदवारको भन्दा कम अङ्क भई बढुवा नभएको देखिँदा बढुवा कारबाहीमा कुनै कानूनी त्रुटि नदेखिने ।

तसर्थः निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम् ।

इजलास नं.७

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७२-CI-१७८६, उत्प्रेषण / परमादेश, जनता उच्च मा.वि. व्यवस्थापन समिति वि. जिल्ला शिक्षा कार्यालय स्याङ्जा*

निवेदक र विपक्षीहरूबिच जनता उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समिति तथा नि.प्र.अ.को विषयलाई लिएर विवाद सिर्जना भई विद्यालयको नियमित क्रियाकलापमा समेत अवरोध खडा भई विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय स्तरमा समेत असर परेको तथ्यमा विवाद नदेखिने ।

मिति २०७०।०६।०७ र ऐ. ८ गते दुई दिन विद्यालयको ५५ औं वार्षिक उत्सव मनाउने कार्यक्रम तय भएकोमा विपक्षीमध्येका तत्कालीन नि.प्र.अ. खुमबहादुर रानाले उक्त दुवै दिन वार्षिकोत्सव नमनाउने तथा सम्पूर्ण कार्यक्रम स्थगित गरी विद्यालय तालाबन्दी गर्ने गरी टाँस गरेको सूचना गैरकानूनी हो होइन भन्ने सन्दर्भमा हेर्दा, जनता माध्यमिक विद्यालयको ५५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मिति २०७०।०६।०७ र ऐ.८ गते परेकोमा जिल्ला शिक्षा कार्यालयको च.नं.३९ मिति २०७०।०४।०४ को पत्रअनुसार विद्यालय व्यवस्थापन समितिको विवाद स्थानीय स्तरमा टुङ्गो लागी नसकेको र वार्षिकोत्सव नमनाउनु, मनाए परिस्थिति प्रतिकूल हुने भनी दबाब आएको र दबाबका बिच कार्यक्रम गर्दा परिस्थिति प्रतिकूल हुने देखिएको साथै जिल्ला शिक्षा कार्यालय स्याङ्जाबाट समेत विवाद समाधान नभएसम्म वार्षिकोत्सव कार्यक्रम नमनाउनु भन्ने मौखिक निर्देशन प्राप्त भएको कारण मिति २०७०।०६।०७ र ऐ.८ गतेको सम्पूर्ण कार्यक्रम स्थगित गरिएको भन्ने मिसिल संलग्न जनता उच्च माध्यमिक विद्यालयको सूचनाको प्रतिलिपिबाट देखिन आउने ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा रहेको कानूनी व्यवस्थालाई हेर्दा, शिक्षा ऐन, २०२८ को दफा १२(छ) को देहाय (झ) मा सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले, ***जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,*** भन्ने साथै शिक्षा नियमावली, २०५९ को २५(१) को देहाय (द) मा पनि सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले ***जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशनअनुरूप काम गर्ने*** भन्ने व्यवस्था रहेको पाइन्छ । उपर्युक्त कानूनी

व्यवस्थाअनुसार सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरूको अनिवार्य रूपमा पालना गर्नुपर्ने भन्ने देखिन आयो । यसरी विद्यालयहरूको नियमनकारी निकायले दिएको कानूनबमोजिमको निर्देशन अनिवार्य पालना गर्नु मातहतका विद्यालय, विद्यालय व्यवस्थापन समिति र त्यसका पदाधिकारीहरूको कर्तव्य हुने हुँदा कर्तव्य पालनाको सिलसिलामा गरेका कानूनबमोजिमका काम कारबाही अवैध एवं अमान्य देखिन नआउने ।

मिति २०७१।०६।३० मा विभिन्न पेशागत संघ सङ्गठनका प्रतिनिधिहरूको समूहले शिक्षक सरूवा पदस्थापना सम्बन्धमा गैरकानूनी निर्णय गरेको हुँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदकको जिकिर रहेको पाइन्छ । मिसिल संलग्न उक्त मितिको निर्णयको प्रतिलिपि हेर्दा, निर्णय नं. ४ मा बुँदा नं.१ देखि बुँदा नं.४ सम्ममा क्रमश: ***जनता उच्च माध्यमिक विद्यालयका सामाजिक शिक्षक पोतप्रसाद अर्याललाई त्रि.आ.उ.मा.वि. रामकोष मा.वि.मा काज सरूवा गरी जनता उ.मा.वि. मा मा.वि. तहमा सामाजिक विषय पढाउन सक्ने जगेडा प्राथमिक तहका शिक्षक पठाउने र पोतप्रसाद अर्याललाई सोही स्थानमा वा अन्यत्र पायक पर्ने स्थानमा पदस्थापना उपयुक्त समयमा गर्ने, शिक्षक चिरन्जीवी लम्साललाई विद्यालय व्यवस्थापन समितिले दिएको नि.प्र.अ.मिति २०७१।०७।३० सम्म कायम राखी मिति २०७१ कार्तिक मसान्तभित्र रामकोष मा.वि.वा त्रि.आ.मा.वि.मा काज सरूवा गर्ने र उक्त विद्यालयमा पदपूर्ति हुनासाथ सरूवा पदस्थापना गर्ने, चिरन्जीवी लम्साललाई काज सरूवा गरिसकेपछि जनता उ.मा.वि. को नि.प्र.अ.मा खुमबहादुर रानालाई मिति २०७१।०८।०१ मा पुनर्स्थापना गर्ने, उपर्युक्त निर्णय कार्यान्वयन जिल्ला शिक्षा कार्यालयले निर्धारित समयभित्र गर्ने र आन्दोलनरत पक्षहरूले उक्त समयसम्म आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गर्ने*** भन्ने विषयमा सहमति भएको पाइने ।

विद्यालय व्यवस्थापन समिति, विद्यालय र सरोकारवालाहरूबिचको द्वन्द्व तथा आन्दोलनका कार्यक्रमहरूलाई स्थगित गराई विद्यालयमा शान्तिपूर्ण र शैक्षिक वातावरण कायम राख्ने उद्देश्यले जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा जिल्लाका पेसागत संघ-सङ्गठनका अध्यक्षहरूसँग बैठक बसी सहमतिको बुँदाहरूसम्म अभिलेखीकरण गरेको देखियो । उक्त बुँदाहरूमा उल्लिखित सहमतिहरू तुरुन्त लागु हुने नभई कानूनबमोजिम कार्यान्वयन भएपछि मात्र वैधता प्राप्त गर्ने हुँदा सो सहमतिलाई नै कानूनद्वारा अख्तियारप्राप्त निकाय वा अधिकारीले गरेको निर्णय सरह मान्यता प्राप्त हुने देखिएन । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट ने.का.प.२०३४, नि.नं.१०८९, पृ.२४७ मा ***अनधिकार कागज स्वत: अमान्य भई सो कागजबाट कुनै हक हनन् नहुने हुँदा त्यस्तो कागज बदर गरिरहन...नपर्ने*** भन्ने सिद्धान्तसमेत प्रतिपादत भएको पाइन्छ । तसर्थ, विनाकानूनी अख्तियारप्राप्त निकाय वा व्यक्ति वा समूहद्वारा भएका निर्णय स्वत: अमान्य हुने हुँदा विपक्षीहरूद्वारा मिति २०७१।०६।३० मा भएको सहमतिहरूले यी निवेदकको कुनै पनि कानूनी हक अधिकारमा आघात पारेको देखिन नआउने ।

मिति २०७१।०६।३० को सहमतिलाई शून्य हुने भनी अदालतले स्वीकार गरिसकेको अवस्थामा सोही निर्णयलाई टेकी मिति २०७१।०७।२४ मा गरिएको काज सरूवासम्बन्धी निर्णय गैरकानूनी छ भनी जिकिर लिए तापनि सम्बन्धित शिक्षकले चुनौती दिई बदर बातिल गराउन सकेकोसमेत देखिएन । साथै जिल्ला शिक्षा कार्यालयको लिखित जवाफबाट समेत शिक्षक चिरन्जीवी लम्साल र पोतप्रसाद अर्यालले सरूवा माग गरी निवेदन दिएको र सोही निवेदनको आधारमा कानूनबमोजिम काज सरूवा भएको भन्ने

बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न द.नं.१४७ मिति २०७१।०६।०८ मा शिक्षक चिरन्जीवी लम्सालले र द.नं.१५४ मिति २०७१।०७।०३ मा पोतप्रसाद अर्यालले जिल्ला शिक्षा कार्यालयमा सरूवा सम्बन्धमा दिएको निवेदनपत्रको फोटोकपीबाट पुष्टि हुन आयो। अर्कोतर्फ उक्त मिति २०७१।०७।२४ को निर्णयबारे निवेदकले सुरूमा निवेदन दायर गर्दा दाबी लिएको पनि देखिएन। निवेदकले माग नगरेको उपचार वा माग गरेभन्दा बढी उपचार वा सहुलियत अदालतले प्रदान गर्न नसक्ने। विवादको विषयमै केन्द्रित रही फैसला वा आदेश गर्नुपर्ने विषय न्याय र कानूनका मान्य सिद्धान्त रहेको तथा सो सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न विवादहरूमा सिद्धान्तसमेत प्रतिपादित भइसकेको हुँदा सो विषयमा थप विवेचना गरिरहन नपर्ने।

निवेदकले शिक्षा ऐन एवं नियमद्वारा निषेधित कार्य नगर्नु नगराउनु र शिक्षा ऐन एवं नियमबमोजिमको काम गर्नु गराउनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी माग गरेतर्फ हेर्दा, सिद्धान्तत: परमादेशको आदेश कुनै सार्वजनिक निकाय वा अधिकारीको नाममा जारी हुने र ती निकाय वा अधिकारीले आफ्नो कानूनी कर्तव्य निर्वाह गर्न इन्कार वा अनिच्छा वा अनुचित विलम्ब गरेमा सो निर्वाह गराउने प्रयोजनको लागि जारी गरिने अवस्था हो। प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा, यो निकाय वा अधिकारीले यस्तो कानूनविपरीतको कार्य गरेको वा कर्तव्य पालना नगरेको कारण आफ्नो अधिकारमा आघात परेको भनी निवेदनमा प्रस्ट रूपमा उल्लेख गरेको देखिएन। यस्तो अवस्थामा परमादेशको आदेशसमेत जारी हुने नदेखिने।

निवेदन मागबमोजिम उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।०९।०८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उषा श्रेष्ठ

इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम्।

इजलास नं.८

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६८-CR-०५७७, अपहरण तथा शरीर बन्धक उद्योग, नेपाल सरकार वि. गोठे तामाङसमेत*

प्रतिवादीहरूले जाहेरवाला राजकुमार गिरीलाई फोनबाट अपरहण गर्ने घरमा बम विस्फोटन गर्ने जस्ता धाकधम्की दिई रू.२५ लाख फिरौती माग गर्ने गरी बारम्बार फोन गरेको हुँदा निज प्रतिवादीहरू दिपक सापकोटा, सरगम लिम्बू र गोठे तामाङलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको दफा २ र ३ नं.बमोजिम कसुर गरेकाले ऐ.६ नं.बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई ऐ. महलका ३ नं.ले हुने सजायमा ऐ.५ र ६ नं.बमोजिम सजाय गरिपाउँ भन्ने अभियोगपत्र रहेको प्रस्तुत मुद्दामा उल्लिखित प्रतिवादीहरूबाट जाहेरवालालाई अभियोगपत्रमा उल्लेख भएबमोजिम अपहरण र शरीर बन्धक लिन धम्की दिएको डर त्रास देखाउने, विभिन्न हरकतले धम्क्याएको भन्ने देखिँदा तीनैजना प्रतिवादीहरूलाई जनही ४ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौँ जिल्ला अदालतबाट मिति २०६५।९।१० मा भएको फैसलाउपर प्रतिवादी गोठे तामाङसमेतको पुनरावेदन परी प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. बमोजिमको कसुर गरेको देखिन आएकोले सोही महलको ३ र ५ नं. बमोजिम २ वर्ष ६ महिना कैद र जनही २५,०००।– रुपैयाँ जरिवाना हुने र अ.बं. २०५ नं. बमोजिम पुनरावेदन नगरेको अर्का प्रतिवादी सरगम लिम्बूलाई

पनि सोहीबमोजिम २ वर्ष कैद र रू. २५,०००।– जरिवाना हुने ठहरी सुरू अदालतबाट भएको फैसला केही उल्टी हुने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको देखिने।

प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ६ नं. अनुसार कसुर गरेको भन्ने स्थापित भएपश्चात् सो कसुरमा कति सजाय हुने हो भनी हेर्दा उक्त ६ नं.को व्यवस्थाले ऐ.को ३ नं.मा रहेको छुट्कारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको धनसम्पत्ति प्राप्त गर्ने उद्देश्यले अपहरण गर्ने कार्य उद्योग के कसरी हुने भन्ने ६ नं.ले उद्योगको परिभाषा गरेको मान्नुपर्ने देखिन आयो । उक्त ऐनमा प्रयुक्त भएको कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय गर्नुपर्छ भन्ने व्यवस्थाले स्पष्ट पार्दछ । रकम लिने उद्देश्यले अपहरण गर्ने वा शरीर बन्धक लिने कार्य सम्पन्न भएको भए त्यो पूर्ण अपराध हुन्थ्यो भने माग गरी नदिएमा अपहरण वा शरीर बन्धक लिने धम्की दिएमा उद्योगमा सजाय हुन्छ भन्ने एक अर्कासँग अन्योन्याश्रित भएर रहेको पाइयो । ६ नं. आफैँमा पूर्ण अपराध भएर स्वतन्त्र सजायको व्यवस्था नगरेको हुँदा ३ नं.का विभिन्न उद्देश्यमध्ये कुन चाहीँ उद्देश्यसँग सामिप्यता राख्दछ सोहीअनुरूपको पूर्ण सजाय नहुँदा ५ नं. अन्तर्गतको उद्योगमा सजाय गर्नु कानूनअनुकूल हुने देखिन्छ । प्रस्तुत मुद्दामा धनसम्पत्ति प्राप्त गर्ने उद्देश्यबाट धम्की दिएको हुँदा ६ नं.को सम्बन्ध सोही ३ नं.को धनसम्पत्ति प्राप्त गर्ने उद्देश्य रहेको प्रावधानसँग सामिप्यता रहेको मान्नुपर्ने हुन्छ । ३ नं.मा अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा भन्ने वाक्यांशभन्दा माथि रहेका विभिन्न अवस्थाहरूमध्ये कुनैसँग पनि मेल नखाएको अवस्थामा मात्र अन्य कुनै उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा हुने सजाय गर्न सकिने हुन्छ तर ३ नं.मा वर्णितमध्ये कुनै एकसँग मेल खाएको अवस्थामा अन्य उद्देश्यले गरेको मानी सोको उद्योगमा सजाय गर्न सकिने अवस्था रहँदैन । त्यसर्थ शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको सम्पत्ति प्राप्त गर्ने उद्देश्यले गरिने कसुरको उद्योगको रूपमा ६ नं.को व्यवस्था रहेको परिप्रेक्ष्यमा अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा हुने सजायको आधा सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब मान्न नमिल्ने।

अतः शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको सम्पत्ति प्राप्त गर्ने उद्देश्यबाट अपहरण वा शरीर बन्धक लिएमा उक्त ऐनको दफा ३ ले ७ वर्षदेखि १५ वर्षसम्म कैद र रू.५०,०००।– देखि रू.२,००,०००।– सम्म जरिवाना हुने व्यवस्था गरेको हुँदा ६ नं.अन्तर्गतको कसुरलाई उद्योग मानेको र ऐ.५ नं.ले उद्योगमा आधा सजाय गर्ने व्यवस्था गरेको हुँदा न्यूनतम ७ वर्ष कैदको आधाले हुने ३ वर्ष ६ महिना कैद र न्यूनतम रू.५०,०००।– को आधा रू.२५,०००।– जरिवाना गर्नुपर्नेमा अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धकमा लिएमा हुने कैद र जरिवानालाई आधार मानी २ वर्ष ६ महिना कैद र रू.२५,०००।– जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६७।०२।२५ को फैसला उल्टी भई कैदको हकमा जनही ३ वर्ष ६ महिना कैदको सजाय हुने र जरिवानाको हकमा रू.२५,०००।– नै सदर हुने गरी पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल पौष २ गते रोज २ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६८-CR-१०७३, डाँका, नेपाल*

सरकार वि. लालबहादुर भन्ने टेकबहादुर मोक्तान

प्रतिवादी लालबहादुर भन्ने टेकबहादुर मोक्तानको घरमा खानतलासी गर्दा जाहेरवालाको घरबाट डाँका गरी लगेको नगद तथा जिन्सी धनमालहरूसमेत केही फेला नपरेको भन्ने मिति २०६५/०१/२९ मा भएको मिसिल संलग्न खानतलासी मुचुल्काबाट देखिन्छ। निजले प्रहरीमा आरोपित कसुरमा साबित भई बयान गरेकोमा अदालतसमक्ष बयान गर्दा डाँका गरेको होइन, कान्छामान लोप्चनको घरमा डाँका भएको छ भनी किङरिङको छोराले भनेकोले आफूसँग भएको कटुवा बन्दुक लिई जाँदा त्यहाँ रहेका व्यक्तिहरूले मैले बन्दुक बोकेको देखेपछि यो नै डाँका हो भनेका हुन् भनी वारदात स्थलमा बन्दुकसहित आफू उपस्थित रहेको तथ्यलाईसम्म स्वीकार गरे पनि डाँका गरेकोमा इन्कार रहेको देखिन्छ। मुलकी ऐन, चोरीको महलको ६ नं. मा, **"चार जनाभन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ"** भन्ने कानूनी व्यवस्था देखिन्छ। डाँका गरेको भनिएको धनमाल बरामद हुन नसकेको र निजले डाँका गरेको भनी प्रहरीमा गरेको साबिती बयान स्वतन्त्र प्रमाणबाट समर्थित नभएको हुँदा अभियोग दाबीअनुसारको डाँकाको वारदात भएको देखिन आउँदैन। वादी नेपाल सरकारको अभियोगपत्रमा तीनजना व्यक्तिहरूउपर मात्र प्रस्तुत मुद्दा चलाएको, अन्य व्यक्तिउपर अभियोग लगाउने भन्ने पनि अभियोगपत्रमा उल्लेख भएको नदेखिएकोसमेतबाट प्रतिवादी लालबहादुर भन्ने टेकबहादुर मोक्तानले चोरीको महलको ६ नं. अन्तर्गत पर्ने डाँका कसुर गरेको नदेखिने।

प्रतिवादी लालबहादुर भन्ने टेकबहादुर मोक्तानले बन्दुक लिएर वारदात स्थलमा उपस्थित रहेको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिँदा आपराधिक मनसायले वारदात स्थलमा गई जबरजस्ती चोरी गर्ने उद्योगसम्म गरेको देखियो। तसर्थ, प्रतिवादी लालबहादुर भन्ने टेकबहादुर मोक्तानलाई चोरीको महलको ४ नं. अन्तर्गत परिभाषित कसुर गर्ने उद्योग गरेकोमा सोही महलको १७ नं. बमोजिम २ महिना कैद सजाय हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८/०१/०७ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट अभियोगपत्रमा तीन जना विरूद्ध डाँकाको कसुर कायम गरी डाँका मुद्दा चलाएको र डाँका गरी लिएको दसीको धनमालसमेत बरामद नभएको अवस्था देखिएकोमा मुलुकी ऐन, चोरीको महलको ६ नं. मा वर्णित डाँकाको कसुरमा सजाय गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६६/११/१८ को फैसला सो हदसम्म उल्टी भई प्रतिवादी लालबहादुर भन्ने टेकबहादुर मोक्तानलाई चोरीको महलको ४ नं. बमोजिम जबरजस्ती चोरी गर्ने उद्योग गरेको कसुर अपराधमा सोही महलको १७ नं. बमोजिम २ महिना कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८/०१/०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-RB-०१८९, आयकर (आ.व. २०५८/०५९), आनन्दराज ढकाल वि. प्रेसिडेन्ट ट्राभल्स एन्ड टुर्स प्रा.लि. दरबारमार्ग*

आयकर ऐन, २०५८ को दफा २१ को (३) पछिको स्पष्टीकरणको (क)(१) को (घ) प्रतिबन्धात्मक वाक्यांशमा भएको कानूनी व्यवस्थाअनुसार आयमा समावेश नगरिने रकममा खर्च कट्टी गर्न कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका व्यवसाय वा

लगानीसँग प्रत्यक्षरूपले सम्बन्धित शिक्षाको लागि मात्र गरिएको खर्च कट्टी गर्न पाउने नै हुन्छ तर प्रस्तुत मुद्दामा विपक्षी करदाताले स्टाफ एड्भान्सअन्तर्गत विभिन्न ३ जना सञ्चालकको नाममा रू.१,२१,३५,१५०।८८ ब्याज तिर्ने गरी ऋण प्रदान गरेकोमा सोही ऋण रकममध्ये प्रा.लि. मा कार्यरत कर्मचारी सिद्धार्थ थापालाई विदेश अध्ययनको लागि रू.४२,८६,४०२।८७ रकम ऋण प्रदान गरेकोमा निज सिद्धार्थ थापाले कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका व्यवसाय वा लगानीसँग प्रत्यक्षरूपले सम्बन्धित शिक्षा लिएको भन्ने कुनै किसिमको लिखित प्रमाणहरू पेस गर्न सकेको देखिँदैन। उक्त ऋण रकम आय आर्जन सम्बन्धमा प्रयोग नगरी गैरव्यावसायिक कार्यमा प्रयोग गरेको, विपक्षी प्रा.लि.ले आन्तरिक राजस्व विभागसमक्ष पेस गरेको जवाफमा ब्याज खर्च कारोबारसँग सम्बन्धित खर्च हो निजी काममा प्रयोग भएको होइन भन्ने जिकिरसम्म लिएको तर सो कुरालाई पुष्ट्याइं गर्ने कुनै प्रमाण पेस गर्न सकेको पाइँदैन। कानूनमा निश्चित अवस्थामा मात्र छुट पाउने गरी गरेको व्यवस्थाअन्तर्गतको छुटको दाबी गर्ने पक्षले सोको प्रमाण पुऱ्याउनुपर्ने हुन्छ । सो प्रमाण पुऱ्याउन सकेको पाइँदैन । यस्तो अवस्थामा निज सिद्धार्थ थापाको हकमा ब्याज मिन्हा दिई उक्त निर्णय उल्टी हुने ठहऱ्याई राजस्व न्यायाधिकरण काठमाडौँबाट मिति २०६८।१२।३० मा भएको फैसला मिलेको नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट प्रत्यर्थी प्रेसिडेन्ट ट्राभल्स एन्ड टुर्स प्रा.लि. ले सिद्धार्थ थापालाई प्रदान गरेको पेस्कीबापतको रकमको ब्याज मिन्हा दिन नमिल्ने भनी आयतर्फ समावेश गर्ने गरेको ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुरको मिति २०६१/११/१४ को निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६२/०३/२२ मा भएको निर्णय केही उल्टी हुने ठहऱ्याई सिद्धार्थ थापाले प्राप्त गरेको पेस्कीबापतको ब्याज मिन्हा पाउने गरी राजस्व न्यायाधिकरण काठमाडौँबाट मिति २०६८/१२/३० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई ब्याजसमेतलाई आयमा समावेश गर्नुपर्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-WH-०१५०, बन्दीप्रत्यक्षीकरण, रनबहादुर कनौजे वि. रूपन्देही जिल्ला अदालतसमेत*

भरत शाक्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुनिल मगरसमेत भएको डाँका चोरी (मु. नं.०७१-CR-०३९८) मुद्दामा सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७२।५।१७ को फैसलाबमोजिम निज प्रतिवादी सुनिल मगरलाई मुलुकी ऐन, चोरीको महलको १४(४) बमोजिम ६ वर्ष र रू.५२,५००।- जरिवाना हुने ठहरी फैसला भएको र निज फरार रहेकोमा लगत नं. ४८४६ मा उक्त कैद जरिवानाको लगत कसिएको कुरामा कुनै विवाद नदेखिने।

पक्राउ परेका र नागरिकताअनुसार रनबहादुर कनौजे भनिएका व्यक्ति र उक्त डाँका चोरी मुद्दाका फरार रहेका प्रतिवादी सुनिल मगर एकै व्यक्ति हुन् वा होइनन् भनी हेर्दा, सर्वोच्च अदालतको मिति २०७६।१।२३ मा भएको आदेशको बेहोरा सुनाउँदा सुनिपायौँ। कारागार कार्यालय, कपिलवस्तुको च.नं. १७७५ मिति २०७६।२।२० को पत्रसाथ उपस्थित गराइएका प्रतिवादी सुनिल मगर भन्ने रनबहादुर कनौजेलाई देखाउँदा देखेँ। निज व्यक्ति उल्लिखित डाँका चोरी मुद्दामा संलग्न रहेका प्रतिवादी सुनिल मगर हुन्। निज रूपन्देही जिल्ला अदालतको मिति २०७२।५।१७ को फैसलाबमोजिम ६ वर्ष कैद र रू.५२,५००।– जरिवाना ठहर भएका व्यक्ति सुनिल मगर नै हुन्। निजले नागरिकता बनाउँदा रनबहादुर

कनौजे नाम उल्लेख गरी नागरिकता बनाएको भए पनि निज मलाई देखाइएका व्यक्ति सुनिल मगर भन्ने रनबहादुर कनौजे हुन् भन्नेसमेत एकै मिलान बेहोराको रूपन्देही जिल्ला अदालतका तहसिलदार कृष्णप्रसाद पौडेलको रोहवरमा सुनिल मगर भन्ने रनबहादुर कनौजेलाई जाहेरवाला भरत शाक्य र निजका छोरा सुनिल शाक्यले सनाखत गरेको मिति २०७६।२।२० को कागज मिसिल संलग्न रहेको देखिन्छ । विगतको द्वन्द्वको क्रममा कार्यालयको अभिलेख नष्ट भएकाले नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा गृह मन्त्रालयको परिपत्रको आधारमा रिट निवेदक रनबहादुर कनौजेको पहिले लिएको नागरिकताको प्रमाणपत्रको अभिलेख मिति २०६२।१०।१८ गतेको द्वन्द्वको क्रममा यस कार्यालयमा भएको घटनाबाट जली नष्ट भएकोले निजको अभिलेख यस कार्यालयमा नभएकोमा मिति २०६३।१।२४ मा पुरानो ना.प्र.नं. खुल्ने निवेदकको सवारी चालक अनुमतिपत्रसहित यस कार्यलयमा दिएको निवेदनबाट निजको नयाँ ना.प्र.नं. २/१३०५ कायम गरी पुरानो ना.प्र.नं. ६६०९७ पछाडि उल्लेख गरी सोहीबमोजिमको अभिलेख राखी नागरिकताको प्रमाणपत्र जारी गरेको भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, तानसेन पाल्पाको लिखित जवाफ देखिन्छ । साथै मिसिल संलग्न रहेको यी निवेदक रनबहादुर कनौजेको नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रतिमा स्थायी वतन जिल्ला पाल्पा, खानीछाप गा.वि.स. वडा नं.६ र टेकबहादुर कनौजेको छोरा रनबहादुर कनौजे उल्लेख भएको पाइन्छ । इलाका प्रहरी कार्यालय, बुटवलको पत्र र प्र.ना.नि. नवराज पोखरेलसमेतको प्रतिवेदनमा समेत सोही वतन, बाबुको नाम र सुनिल मगर भन्ने रनबहादुर कनौजे उल्लेख भएको देखिन्छ । यसरी यी निवेदक प्रतिवादीको बाबुको नाम र स्थायी वतन मिले भिडेको अवस्था पाइन्छ । त्यस्तै जाहेरी दिँदा अपराध गर्ने व्यक्तिको नाम, थर, वतन र हुलिया उल्लेख गर्दा जिल्ला पाल्पा, आर्यभन्ज्याङ घर भई हाल जिल्ला रुपन्देही बुटवल नगरपालिका वडा.नं. ७ दाउरेटोल बस्ने वर्ष २७ को सुनिल मगर भन्ने उल्लेख भएको, अभियोगपत्रमा जिल्ला रूपन्देही, बुटवल उपमहानगरपालिका वडा नं.७ पुरानो बसपार्कपछाडि सुकुम्बासी टोलमा बस्ने सुनिल मगर भन्ने उल्लेख भएको र प्र.ना.नि. नवराज पोखरेलसमेतको प्रतिवेदन र इलाका प्रहरी कार्यालय, बुटवलको पत्रबाट हालको वतनसमेत मिल्न भिड्न आएको पाइन्छ । प्रस्तुत डाँका चोरी मुद्दाको वारदात २०६३ सालको रहेको र जाहेरवालाले जाहेरी दरखास्तमा यी प्रतिवादीको उमेर वर्ष २७ भनी उल्लेख गरेको देखिन्छ। वारदात मितिमा यी प्रतिवादीको उमेर २७ वर्ष रहेको अवस्थामा निजको जन्म साल २०३६ हुन जान्छ भने निजको नागरिकता प्रमाणपत्रमा पनि जन्ममिति २०३६।७।४ उल्लेख भएको देखिन्छ । नागरिकतामा उल्लिखित नाम, बोलाउने नाम र प्रचलित नाम फरक-फरक हुन सक्ने पनि व्यवहारमा रहेको र बोलाउने र प्रचलित नामबाट नै व्यक्ति मानिसहरूबिच परिचित हुने हुँदा नागरिकता प्रमाणपत्रमा नाम अलग्गै रहेको भन्ने मात्र आधारमा यी रनबहादुर कनौजे भनी नागरिकता प्रमाणपत्र प्राप्त गर्ने व्यक्ति सुनिल मगर होइनन् भन्ने निष्कर्षमा पुग्न सक्ने देखिएन। यसरी माथि विवेचित आधारहरूबाट पक्राउ परेका र नागरिकताअनुसार रनबहादुर कनौजे भनिएका यी रिट निवेदक व्यक्ति र उक्त डाँका चोरी मुद्दाका फरार रहेका प्रतिवादी सुनिल मगर एकै व्यक्ति हुन् भन्ने देखिने।

यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।१।२३ मा भएको आदेशानुसार रूपन्देही जिल्ला अदालतका तहसिलदार कृष्णप्रसाद पौडेलको रोहवरमा गराइएको सनाखतमा जाहेरवाला भरत शाक्य र निजका छोरा सुनिल शाक्यले उपस्थित गराइएका प्रतिवादी सुनिल मगर भन्ने रनबहादुर कनौजेलाई देखाउँदा देखेँ, निज व्यक्ति उल्लिखित

डाँका चोरी मुद्दामा संलग्न रहेका प्रतिवादी सुनिल मगर हुन् भनी किटानी गरी उल्लेख गरिदिएको एवं यिनै प्रतिवादीको मिसिल संलग्न नागरिकता प्रमाणपत्रको छायाँप्रतिमा उल्लिखित साबिक वतन, बुवाको नाम, जन्ममितिअनुसार उमेरसमेत मिले भिडेको देखिएको हुँदा रूपन्देही जिल्ला अदालतको च.नं. ८०२२ मिति २०७५।१०।२० को पत्रद्वारा निज सुनिल मगर भन्ने रनबहादुर कनौजेको नाममा कैदी पुर्जी दिई कारागार कार्यालय रूपन्देहीमा थुनामा रहेका यी निवेदक सुनिल मगर भन्ने रनबहादुर कनौजे गैरकानूनी रूपमा थुनामा रहेको देखिन नआएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम् ।

इजलास नं.९

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-WO-०५८१, उत्प्रेषण, कर्णबहादुर के.के वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा निवेदक कर्णबहादुर के.के. मिति २०५०।८।१५ मा रा.प. तृतीय तहको प्राविधिक इन्जिनियर पदमा स्थायी नियुक्त भई नेपालगन्ज नगरपालिकाको मिति २०६७।३।३२ को नगरपरिषद्को निर्णयले मिति २०६७।४।१ देखि लागु हुने गरी डि.ई. सातौँ पदमा बढुवा भएको भन्ने तथ्यमा विवाद छैन । साथै निज निवेदकले मिति २०७०।७।२२ मा ५८ वर्षे उमेर हदको कारण अनिवार्य अवकाश पाइसकेको देखिन्छ । निवेदकको बढुवा सम्बन्धमा विपक्षी आयोगमा उजुरी परेकोमा सो उजुरी निवेदनउपर अरू कुनै कारबाही नगरी तामेलीमा राख्ने भनी निर्णय भएको देखिन्छ । अर्कोतिर यी निवेदकबाट बढुवा अवधिमा प्राप्त गरेको रकम असुलउपर गर्ने भनी सोही टिप्पणी निर्णयमा बोलिएको देखिन्छ । जसअनुसार उक्त टिप्पणी निर्णय आफैँमा स्पष्ट निर्णय नरही विरोधाभाषपूर्ण देखिन्छ । निवेदकको कसुर प्रमाणित हुने आधार प्रमाण नै नभएको कारणबाट निजउपर कुनै अभियोग दाबी नरहेको र निजले पाएको बढुवा अवैध नठहर्ने तर बढुवा भई कार्यालयमा गरेको कामकाज गरेबापत प्राप्त हुने तलब फिर्ता गर्ने निर्णय हुनु आफैँमा न्यायोचित र विवेकसङ्गत निर्णय भएको भनी मान्न सकिने अवस्था देखिएन । रिट निवेदकको बढुवा सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको भए तापनि उक्त बढुवाको निर्णय गर्ने नेपालगन्ज नगरपालिकाको नगरपरिषद्को निर्णय सम्बन्धमा विपक्षी आयोगबाट अनुसन्धान गर्ने तथा मुद्दा चलाउनेलगायतको कुनै काम कारबाही भएको देखिँदैन भने बढुवा गर्ने नगर परिषद्को निर्णयउपर कुनै कारबाही नचलाईकन विपक्षी आयोगलाई कुनै स्थायी कर्मचारीले सेवा अवधिमा काम गरेबापत प्राप्त गरेको रकम असुल गर्ने भनी निर्णय गर्ने अधिकारमाथि उल्लिखित कानूनी व्यवस्थाले दिएको नदेखिने ।

कुनै पनि व्यक्तिलाई काममा लगाएपछि पारिश्रमिक दिनु पर्दछ । पारिश्रमिक नदिई सेवामा लगाउन पाइँदैन भन्ने श्रमसम्बन्धी विधिशास्त्रको सामान्य मान्यता एवम् सिद्धान्त हो । काम लगाएर पारिश्रमिक नदिइने कार्य प्रत्यक्ष रूपमा श्रमको शोषण एवम् श्रमसम्बन्धी विधिशास्त्रको सिद्धान्तविपरीतको कार्य हो । रिट निवेदक कर्णबहादुर के.के. नेपालगन्ज नगरपालिकाको स्थायी कर्मचारीको रूपमा नियुक्त भएका हुन् । निज सेवामा कार्यरत रहँदैको अवस्थामा नगरपरिषद्को निर्णयबमोजिम निजलाई बढुवा गरिएको र सो बढुवाको निर्णय बदर नभई यथावत् कायम रहेको अवस्था छ । अधिकार निकाय अर्थात् साधिकार

निकायबाट निर्णय भएकोमा उक्त निकायमा निमित्त भई काम गर्ने अधिकार रहेको अवस्थामा नगर परिषद्को निर्णय कार्यान्वयन गर्ने गरेको निवेदकको कार्यबाट कुनै गैरकानूनी कार्य भए गरेको देखिँदैन । यसैबिच निजले उमेर हदको कारण अनिवार्य अवकाश पनि लिइसकेका छन् । यस्तो अवस्थामा निजको बढुवाको निर्णय सम्बन्धमा कुनै कारबाही नचलाई केवल सो बढुवा अवधिमा प्राप्त गरेको तलब भत्ता फिर्ता गर्नु भनी निर्णय गर्न श्रमसम्बन्धी विधिशास्त्रले पनि उपयुक्त हुँदैन । यस्तो स्थितिमा निवेदक कर्णबहादुर के.के. ले आफू कार्यरत पदमा रही सेवा गरेको अवधिमा कामकाज गरेबापत कानूनबमोजिम बुझेको तलब भत्ताको रकम असुलउपर गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट २०७१।३।१२ मा भएको निर्णय विवेकसम्मत तथा न्यायिक मनको प्रयोग गरी भएको निर्णय हो भन्न मिल्ने अवस्था नदेखिँदा उक्त निर्णय कानूनबमोजिमको नदेखिने ।

तसर्थ, विवेचित आधार र कारणहरूबाट रिट निवेदक कर्णबहादुर के.के. मिति २०७०।७।२२ मा उमेर हदको कारण अनिवार्य अवकाश हुनुअगाडि नेपालगन्ज नगरपालिकाको नगरपरिषद्को मिति २०६७।३।३२ को निर्णयले डि.ई. सातौँ तहमा बढुवा भई कार्यरत रहेको देखिएको र उल्लिखित नगरपरिषद्को निर्णय यथावत् कायम रहेको अवस्थामा निज निवेदकले आफूले सो बढुवा भएको अवधिका कामकाज गरेको अवधिको तलब भत्तालगायतका सुविधा कानूनबमोजिम नै प्राप्त गरेको देखिन आयो । यसरी निवेदकले कानूनबमोजिम खाइपाई सकेको उक्त तलब भत्ताको रकम असुलउपर गर्नु भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेतबाट मिति २०७१।३।१२ मा भएको निर्णय र सोबमोजिम भए गरेका काम कारबाही एवं पत्राचारहरूसमेत विधिसम्मत नदेखिँदा उत्प्रेषणको आदेश जारी भई उक्त मिति २०७१।३।१२ को निर्णय बदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का
कम्प्युटर: देवीमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल पुस २७ गते रोज१ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७६-WH-०११०, बन्दीप्रत्यक्षीकरण, टीका वि.क. वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदक वीरेन्द्र वि.क.उपर सङ्गठित अपराधको कसुरमा जिल्ला प्रहरी कार्यालय कैलालीमा प्रतिवेदन जाहेरी दर्ता भएको र निज अनुसन्धानको क्रममा नै फरार रहेको अवस्था छ । निजउपर कैलाली जिल्ला अदालतमा मुद्दा दायर गरिएको र कैलाली जिल्ला अदालतबाट निजका नाममा पक्राउ पुर्जी जारी भई निवेदक वीरेन्द्र वि.क. लाई पक्राउ गरिएको हो भनी जिल्ला प्रहरी कार्यालय कैलालीको लिखित जवाफबाट देखियो ।

जिल्ला प्रहरी कार्यालय कैलालीको मिति २०७५।११।१३ को पत्रबाट रिट निवेदक वीरेन्द्र वि.क. समेतउपर पक्राउ गर्न अनुमति माग भई कैलाली जिल्ला अदालतबाट मिति २०७५।१२।१४ मा पक्राउ गर्न अनुमति प्रदान गरेकोसमेत देखिने ।

रिट निवेदकउपर कानूनबमोजिम अदालतबाट पक्राउ पुर्जी जारी भएको अवस्थामा निजलाई पक्राउ गरिएको कार्य बदनियत तथा प्रवृत्त धारणा राखी पक्राउ गरिएको भनी मान्न मिलेन । कानूनसम्मत प्रक्रिया अवलम्बन नगरी वा कानूनको प्रतिकूल हुने गरी थुनामा राखेको भन्ने वस्तुनिष्ठ प्रमाण निवेदकले पेस गरी पुष्टि गराउन सकेको देखिएन । निवेदकलाई पक्राउ गरेपछि अदालतमा उपस्थित गराइएकोले सुनुवाइको मौका पनि नपाउने भन्ने देखिएन । निजउपर अभियोगसमेत दायर भएको छ । पक्राउ गर्नुपर्ने कारणसहितको पक्राउ पुर्जी नै जारी गरिएको छ । कानूनको उचित प्रक्रिया

अनुशरण गरी निवेदकलाई थुनामा राखिएको कार्यले संविधानले प्रत्याभूत गरेको निवेदकको मौलिक हक हनन भएको भन्ने निवेदन जिकिर न्यायोचित र मनासिब नदेखिने।

निवेदकले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन मिति २०७६।६।१७ मा यस अदालतमा दायर गरेको देखिन्छ भने निजका विरूद्ध कैलाली जिल्ला अदालतबाट त्यसअघि नै मिति २०७६।२।२४ मा पक्राउ पुर्जी जारी भइसकेको अवस्था छ। निवेदकलाई अदालतमा उपस्थित गराई सकिएको छ। निजउपरको कसुरजन्य कार्यको बारेमा सोही अदालतबाट न्यायिक प्रक्रियाको अवलम्बन भई न्याय निरूपणसमेत हुने नै हुन्छ। यस्तो अवस्थामा बदनियत तथा प्रवृत्त धारणा बनाई आफूलाई गैरकानूनी रूपमा थुनामा राखेको भन्ने निवेदन जिकिरको सार्थकता र सान्दर्भिकता देखिन आएन। निवेदकको थुना विधिसम्मत नै देखिने।

अतः उल्लिखित आधार तथा कारणसमेतबाट निवेदकउपर कैलाली जिल्ला अदालतबाट मिति २०७६।२।२४ मा पक्राउ पुर्जी जारी भई सोही पक्राउ पुर्जीअनुसार निजलाई पक्राउ गरिएको देखियो। मिति २०७६।६।२८ मा निवेदकलाई अदालतमा पेस गरी मिति २०७६।६।२९ मा निजको बयान कार्य सुरू भई मुद्दाको कारबाही प्रक्रिया कानूनबमोजिम भइरहेको हुँदा निवेदकको थुना गैरकानूनी देखिएन नआएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- भरतकुमार दाहाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६६-WO-००३९, उत्प्रेषण / परमादेश, कुमार थापा वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदकलाई प्रहरी प्रधान कार्यालयको मिति २०६३।९।१२ को पत्रबाट आधारभूत तालिममा खटाइएको र मिति २०६३।१०।४ को मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र भरतपुरको पत्रबाट निवेदक तालिम लिन नगएको भन्ने कुरा देखियो। कार्यालयमा समेत हाजिर नभई गैरहाजिर भएको अवस्थामा निवेदकको नाममा बाटाका म्यादबाहेक २४ घण्टाभित्र कार्यालयमा उपस्थित हुन आउनु अन्यथा नियमावलीबमोजिम कारबाही हुने छ भन्ने म्याद सूचना निजको घरदैलोमा तामेल भएको छ। मिति २०६३।१०।२५ मा निवेदक फेला नपरेको भनी सूचना तामेल भई मुचुल्कासमेत महानगरीय प्रहरी परिसर ललितपुर जावलाखेलले प्रहरी प्रधान कार्यालयलाई पठाएको देखिन्छ। सो हुँदा निवेदकलाई सम्पर्क राख्न मौका दिएको भन्ने कुरा निजको नाममा तामेली भएको सूचनाबाट देखियो। सो सूचना तामेली भएपश्चात् पनि निवेदक मनासिब आधार कारण खुलाई लिखितरूपमा जानकारी नगराई कार्यालयमा हाजिर नभई म्याद नै गुजारी बसेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमबमोजिमको कार्यविधिको रीत पुऱ्याउनुपर्ने छैन भन्ने कानूनी व्यवस्था देखिँदा स्पष्टीकरण पेस गर्ने मौका नदिएको भन्ने निवेदन जिकिर सान्दर्भिक नदेखिने।

न्यायिक, अर्धन्यायिक निकाय वा कानूनले अख्तियार दिएको प्रशासनिक निकायबाट गैरकानूनी त्रुटिपूर्ण भएको निर्णयसम्म उत्प्रेषणको आदेशले बदर गर्न मिल्ने हुन्छ। निवेदकलाई सेवाबाट हटाउने निर्णय गर्दा कार्यविधि कानूनको पालना नगरेको, निर्णयमा कानूनी त्रुटि रहेको भन्ने कुराको प्रमाण निवेदकले पेस गरी प्रमाणित गराउन सकेको छैन। निर्णय गर्नुअघि कार्यालयमा उपस्थित हुन निवेदकका नाममा सूचना तामेल भएको छ। यस्तो अवस्थामा निवेदकलाई

भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) विपरीत भन्न मिलेन । वस्तुतः रीतपूर्वकको म्याद सूचना नदिई गरिएको निर्णय मात्र प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । प्रहरी उपरीक्षकले गरेको निर्णयउपर निवेदकले प्रहरी नायब महानिरीक्षकसमक्ष पुनरावेदन गरेको देखिन्छ । निवेदकले पुनरावेदकीय अधिकारसमेत उपभोग गरेको देखिँदा सुनुवाइको मौका नदिएको भन्ने निवेदन जिकिरसमेत मनासिब देखिएन।

प्रहरी सङ्गठनमा अनुशासन ज्यादै महत्त्वपूर्ण मानिन्छ । शान्ति सुरक्षा कायम गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी रहेका प्रहरी कर्मचारीले विनासूचना लामो अवधिसम्म खटाइएको काममा नजाने, कार्यालयमा उपस्थित नै नहुने जस्तो अनुशासनहीनता काम गर्नु कदापि उचित मान्न सकिँदैन । निवेदकलाई कानूनबमोजिम सफाइ पेस गर्ने सूचनासमेत दिइएकोमा स्वयं निवेदकले नै सो मौकाको उपयोग गर्न अनिइच्छा देखाएको पाइन्छ । निवेदक बिरामी परी प्रहरी अस्पतालमा उपचार गराएको तथा भर्ना भएको भन्ने प्रमाण पनि पेस गर्न सकेको पाइँदैन । निवेदक बिरामी परेको भए नियमानुसार बिदा स्वीकृत गराई बिदा लिई बसेको पनि नदेखिने ।

निवेदकलाई सफाइ पेस गर्ने अवसर दिएकोमा निज कार्यालयमा सम्पर्क गर्न नै नआएको देखिँदा त्यस्तो अवस्थामा निजसँग सम्पर्क गर्ने अन्य सम्पर्क माध्यम तथा आधार देखिएन । निवेदकउपर प्रहरी नियमावलीले दिएको अख्तियार प्रयोग गरी भएका काम कारबाहीमा बदनियत रहेको पनि पाइँदैन । नागरिकको जिउ ज्यान, शान्ति सुरक्षामा खटीरहनुपर्ने प्रहरी कर्मचारी सम्बन्धित अधिकारीबाट बिदा स्वीकृत नलिई, विना सूचना कार्यालयमा हाजिर नै नभई गैरहाजिर रहेको, सम्पर्क गर्न पनि नआएको स्थितिमा निवेदकलाई विपक्षीहरूबाट प्रहरी नियमावलीबमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णयहरू कानूनसङ्गत नै रहेको देखिने ।

तसर्थ, माथि विवेचित रिट निवेदनको तथ्य, कानूनी व्यवस्था र नजिरसमेतका आधारबाट मिति २०६३।१२।२ मा प्रहरी उपरीक्षकबाट निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय र सो निर्णय सदर गर्ने गरेको प्रहरी नायव महानिरीक्षकबाट भएको मिति २०६६।२।३ को पुनरावेदन निर्णय पर्चासमेत कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ६ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-CR-१०२६, कर्तव्य ज्यान, सुमित्रादेवी शाह सोनारसमेत वि.नेपाल सरकार*

घटनास्थलबाट फुटेका चुरा, ऐना फुटेको सिसाको टुक्रा तथा चाँदीको जस्तो देखिने औंठी बरामद भएको र औंठी रहेको नजिक जमिन खोस्रिएको भन्ने देखिन्छ । घटनास्थलको प्रकृति हेर्दा प्रतिवादीहरूसँग मृतकले सङ्घर्ष गरेको देखिन्छ । आत्महत्या गर्नुपर्ने कारण प्रतिवादीहरूले खुलाउन सकेको छैन । लास झुन्डिएको नदेखिई भुइँमा उत्तानो परी सुतेको भन्ने लास जाँच मुचुल्काबाट देखिनु, घाँटीमा डोरीको चिह्न (Ligature Mark) समेत नदेखिनु र Manual Strangulation भन्ने शव परीक्षण प्रतिवेदनको बेहोराबाट मृतक नगीनादेवी साहको मृत्यु आत्महत्या नभई कर्तव्यबाटै भएको देखिने ।

प्रतिवादीहरूले मृतक आफैँ कोठामा झुन्डी मरेको भनी अदालतको बयानमा उल्लेख गरेको

पाइन्छ । प्रतिवादीको घरको कोठामा वारदात भएको भन्ने घटनास्थल मुचुल्कामा उल्लिखित बेहोराबाट देखिन आएको छ । मृतक नगीनादेवी साहको मृत्यु झुन्डिएर भएको भन्ने तथ्य नै लासको पोष्टमार्टम रिपोर्टबाट पुष्टि भएको छैन । मृतकलाई घाँटीमा हातले दबाई Manual Strangulation (throttling) बाट निजको मृत्यु भएको भन्ने विशेषज्ञको जाँच तथा निजले गरिदिएको बकपत्रबाट देखिन आएको छ । मृतक आफैँ झुन्डी मरेको भन्ने प्रतिवादीहरूको भनाइ उक्त तथ्यहरूबाट मिल्दो देखिन आएन । अतः मृतकको मृत्यु कर्तव्यबाट भएको अवस्थामा प्रतिवादीहरूको घर कोठामा अरू व्यक्ति गई कर्तव्य गरी मारेको भन्ने कहीँकतै मिसिलबाट देखिन आएको छैन । सो हुँदा श्रीमतीलाई दहेजकै कारण प्रतिवादी शत्रुधनप्रसाद साह र मृतककी सासू सुमित्रादेवी साह (सोनार) को संलग्नतामा कर्तव्य गरी नगीनादेवी साहलाई मारेको भन्ने उपर्युक्त विवेचित प्रमाणहरूबाट पुष्टि हुन आयो । अभियोग दाबीको कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

अतः माथि उल्लिखित विवेचित तथ्य तथा नजिर सिद्धान्तसमेतका आधारबाट प्रतिवादीहरू सुमित्रादेवी साह (सोनार) र शत्रुधनप्रसाद साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरी सप्तरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति२०७४।०८।०६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- भरतकुमार दहाल

कम्प्युटर: देबिना खतिवडा

इति संवत् २०७५ साल चैत्र १९ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-०७८८, सवारी अङ्गभङ्ग, नेपाल सरकार वि. अरूणकुमार ठाकुर*

वस्तुत: प्रस्तुत मुद्दाका प्रतिवादीले बदनियतपूर्वक दुर्घटना गराएको थियो भनी वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको अवस्था देखिँदैन । गाडीको मेकानिकल जाँच प्रतिवेदनबाट उक्त गाडीको ब्रेकलगायतका पार्टपुर्जा दुरूस्त रहेको भन्ने देखिन आएको छ । ट्रकमा मसुरो लोड गरेर ल्याएको भन्ने देखिएको हुँदा लोड गाडीको गति अत्यधिक नभएको पुष्टि हुन्छ । ट्रक अत्यधिक गतिमा आएको थियो भन्ने पीडितको भनाइ रहेको पनि देखिँदैन । साथै गाडी तीव्र गतिमा रहेको भनी मौकामा कागज गर्ने व्यक्तिहरूले समेत लेखाएको पाइँदैन । घटनाको प्रकृति एवम् घटनास्थल मुचुल्का र बुझिएका व्यक्तिहरूले घटना सडकको बिचोबिच भागमा भएको भनी लेखाइदिएबाट प्रतिवादीले गाडी चलाउँदै गर्दा पीडितले राजमार्ग पार (Highway Cross) गर्ने क्रममा पीडितको अनपेक्षित उपस्थितिका कारणले दुर्घटना हुन गएको देखिएको छ । प्रतिवादीले जानी जानी लापरवाहीपूर्वक दुर्घटना गराएको देखिन नआई पीडितले अचानक बाटो क्रस गर्दा दुर्घटना हुन गएको भन्ने देखिन आएको, औषधोपचार खर्च ट्रक धनीले नै गराएको र उपचारपछि पीडित निको हुने क्रममा रहेको भन्नेसमेत पुष्टि हुन आएको साथै घट्ना वारदात तथा घटना हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा प्रतिवादीले बदनियतसाथ गाडी चलाएको भन्ने पुष्टि हुन पनि नआएको हुँदा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम रू.५०००।- जरिवाना गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा नदेखिने ।

अत: विवेचित आधार कारणसमेतबाट प्रतिवादी अरूणकुमार ठाकुरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम रू.५०००।- (पाँच हजार) जरिवाना हुने ठहर गरेको सुरू रौतहट जिल्ला अदालतको फैसला सदर गरी

पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल असोज २ गते रोज ५ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-WO-१०१३, उत्प्रेषण, मनबहादुर क्षेत्री वि. शिक्षा सेवा आयोग, भक्तपुरसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ हेर्दा, **योग्यता तथा तालिमसम्बन्धी व्यवस्था** शिर्षकमा यस नियम ९ को उपनियम (१) मा **"अध्यापन अनुमति पत्र वा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन देहायबमोजिमको शैक्षिक योग्यता तथा तालिम प्राप्त गरेको हुनुपर्ने छ"** भन्ने व्यवस्था उल्लेख गरी सो नियम ९ को उपनियम (१) को खण्ड (ख) मा **"निम्न माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको"** भन्ने उल्लेख गरिएको देखिन्छ। शिक्षा सेवा आयोग नियमावलीमा मिति २०५९।२।१३ मा भएको पहिलो संशोधनद्वारा नै नियम ९(१) मा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन अनिवार्य रूपमा दश महिने तालिम पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको पाइने।

वस्तुत: रिट निवेदकले उक्त नियमावलीले तोकेबमोजिम शिक्षक पदका लागि आवश्यक पर्ने दश महिने तालिमको प्रमाणपत्र दरखास्तसाथ पेस गरेको भन्ने देखिँदैन। उल्लिखित कानूनी व्यवस्थाअनुसार शिक्षक सेवा आयोगले मिति २०७५।३।६ मा प्रकाशित गरेको विज्ञापनमा दरखास्त स्वीकृत हुनका लागि आवश्यक तालिमको योग्यता प्राप्त नगरेको भन्ने निवेदकको निवेदन बेहोराबाटै पुष्टि हुन आएको छ। शिक्षण पेसामा निरन्तर कार्यरत रहेका निवेदकलाई उक्त कानूनी व्यवस्थाअनुसार शैक्षिक योग्यता र तालिम प्राप्त गर्ने समयावधि प्राप्त नभएको भन्ने पनि देखिँदैन। यसरी कानूनद्वारा तोकिएको तालिम प्राप्त नगरेको वा योग्यता नभएको अवस्थामा दरखास्त अस्वीकृत गर्नु कानूनबमोजिमकै कार्य हुने हुँदा कानूनबमोजिम भए गरेको कार्यबाट निवेदकको संविधान प्रदत्त मौलिक हकमा असर पुग्न गएको मान्न मिल्ने नदेखिने।

त्यसैगरी, शिक्षक सेवा आयोगले मिति २०७५।३।६ मा निकालेको सूचना विज्ञापनबमोजिमको पदमा अस्वीकृत भएको निवेदकको दरखास्त स्वीकृत गराई परीक्षामा सहभागी हुन उक्त सूचनाअनुसार २०७५ आषाढ २९ र ३० गतेलाई तोकिएको परीक्षा स्थगित गर्नका लागि अन्तरिम आदेश जारी गर्न माग गरेकोमा सोबमोजिम अन्तरिम आदेश जारी भएको देखिँदैन। उक्त सूचनाबमोजिम निर्धारित मितिमा परीक्षा सम्पन्न भई उत्तरपुस्तिका जाँच्ने क्रममा रहेको भन्ने देखिन आएको छ। तसर्थ, रिट निवेदकले जुन परीक्षामा सहभागी हुने प्रयोजनको लागि निवेदन दर्ता गरेको हो, सो परीक्षा पूर्वनिर्धारित समयानुसार सम्पन्न भइसकेकाले अब निवेदन मागबमोजिम आदेश जारी भई निवेदकले उक्त परीक्षामा सहभागी हुन पाउने स्थिति नरहेको हुँदा निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार, कारणसमेतबाट शिक्षक सेवा आयोगले मिति २०७५।३।६ मा निकालेको विज्ञापन सूचना र सो विज्ञापनका लागि निवेदकले भरेको दरखास्त आवेदन अस्वीकृत गरेको कार्यसमेत कानूनबमोजिमकै रहेको देखिनुका साथै उक्त सूचनाबमोजिम मिति २०७५ आषाढ २९ र ३० गतेलाई तोकिएको परीक्षा सम्पन्न भइसकेकाले निवेदनमा दाबी लिइएको विषयवस्तुको प्रयोजन नै समाप्त भइसकेको हुँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नहुँदा रिट जारी हुने अवस्था रहेन। प्रस्तुत

रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- दीपेन्द्र थापा मगर / हेमा पाण्डे

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७६ साल भाद्र ३१ गते रोज ३ शुभम् ।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७३-CI-०९८७, उत्प्रेषण / परमादेश, राजेश्वर सहनी वि. जिल्ला शिक्षा समिति रौतहट, गौरसमेत*

विद्यालय समायोजन गर्नेसम्बन्धी निर्णय हेर्दा विभिन्न मितिमा अनुमति लिई सञ्चालन भएका विद्यालयहरू जिल्ला शिक्षा कार्यालयबाट भएको अनुगमनको क्रममा आवश्यक न्यूनतम भौतिक पूर्वाधार तथा तोकिएबमोजिम न्यूनतम विद्यार्थी संख्यासमेत नपुग भएकाले शिक्षा ऐन, नियमावली र विद्यालय समायोजन निर्देशिकाबमोजिम विद्यालय समायोजन तथा बन्दको लागि जिल्ला शिक्षा समिति रौतहटको मिति २०७२।३।८ र मिति २०७२।३।२८ को सिफारिस तथा शिक्षा विभाग शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखाको पत्रबाट शिक्षा नियमावलीको नियम १८५(क) अनुसार जिल्ला शिक्षा अधिकारीबाट नै विद्यालयहरू बन्द तथा समायोजन गर्न सकिने देखिँदा पेस भएबमोजिम विद्यालय बन्द तथा समायोजनको कार्य जिल्ला शिक्षा अधिकारीबाट हुन निर्णयानुसार अनुरोध छ भनी लेखी आएकोले विद्यालय बन्द तथा समायोजनका लागि निर्णयार्थ पेस भई बन्द तथा समायोजन हुने विद्यालयहरूको नामसमेत उल्लेख भएकोमा **"पेस भएबमोजिमका विद्यालयहरूलाई मिति २०७२।४।१ देखि लागु हुने गरी बन्द तथा समायोजन गर्ने गरी सदर"** भनी मिति २०७२।४।२९ को मिति जनाई निर्णय भएको देखिन्छ। उक्त निर्णयमा निवेदक पशुपतिनाथ प्रा.वि. मलाहीलाई सरस्वती उच्च मा.वि. मलाहीमा समायोजन गरेको भन्ने देखिन्न ।

शिक्षा ऐन, नियम, निर्देशिकाले तोकेअनुसारको मापदण्ड पूरा भएका विद्यालयहरूलाई स्वइच्छाचारी ढङ्गबाट भेदभावपूर्ण तवरबाट विद्यार्थी, अभिभावक, विद्यालयलाई ज्यादै मर्का पर्ने गरी स्वार्थपूर्ण भावनाबाट विद्यालयहरूलाई समायोजन गरिनु हुँदैन । त्यस्तो कार्यबाट संविधानमा व्यवस्था भएको शिक्षासम्बन्धी हक कुण्ठित हुने अवस्था सिर्जना हुन्छ । अतः विद्यालयहरू समायोजन गर्ने पदाधिकारीहरूले पारदर्शी रूपमा विवेकपूर्ण ढङ्गबाट संविधान, कानूनहरूले दिएको दायित्व निर्वाह गरी समायोजन निर्देशिकामा उल्लिखित मापदण्डहरूकै आधारमा गर्नुपर्ने हुन्छ । प्रस्तुत विद्यालय समायोजन गर्दा नक्साङ्कन नभई विद्यालय खुलेको, निरीक्षण प्रतिवेदनको र विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या र समायोजन हुन जाने विद्यालयको दुरी आदि समग्र तथ्यहरूको आधार लिई कानूनबमोजिम समायोजन भएको भन्ने खुल्न आएको देखिने ।

निवेदकसहितका रौतहट जिल्लाका ७३ वटा विद्यालयहरू समायोजन भएको भन्ने लिखित जवाफ रहेको देखिँदा निवेदकका हकमा मात्र लागु हुने गरी उक्त निर्णय भएको भन्ने देखिएन । समायोजन गरिएको यो विद्यालयकै अत्यन्तै नजिकमा व्यवस्थित रूपमा सरस्वती उच्च मा.वि. रहेको भन्ने लिखित जवाफबाट देखिएको हुँदा निवेदकको नजिकमा अर्को विद्यालय नरहेको वा भौगोलिक विकटता रही आउन जान विद्यार्थीलाई गाह्रो हुने भएको भन्ने देखिएको छैन । विगतका वर्षहरूमा नक्साङ्कन नगरी विद्यालय खोल्ने परिपाटी रहेको, कतिपय विद्यालय झोलामा सीमित रहेका, कतिपयमा नाम मात्रको विद्यार्थी संख्या रहेकोमा फर्जी विद्यार्थी देखाई पाठ्यपुस्तक छात्रवृत्तिप्रति विद्यार्थी इकाइ अनुदान तलब र गैर तलब लिने गरेका कारण राज्यकोषको रकम दुरूपयोग हुने गरेको कुरा लिखित जवाफमा उल्लेख भएको देखिन्छ । शैक्षिक जगतमा विकृतिजन्य कार्यहरूको नियन्त्रणको लागि त्यस्ता अमर्यादित, अनैतिक र

अनियमित कार्य रोक्नका लागि सरकारले राष्ट्रिय नीति बनाएर विद्यालय समायोजनको कार्यको थालनी गरेको र त्यसैको परिणाम स्वरूप श्री पशुपतिनाथ प्रा. वि. मलाहीलाई श्री सरस्वती उच्च मा.वि. मलाहीमा समायोजन गरेको भन्ने देखिएको छ । विद्यालय सुधारका लागि सरकारले राष्ट्रिय रूपमै नीति बनाएर कार्यविधि निर्देशिकासमेत बनाई सोहीबमोजिम समायोजनको कार्य भएको देखिएको छ । सञ्चालित विद्यालयहरूका विद्यार्थी संख्या, विद्यालयको भौतिक पूर्वाधार, विद्यालय दुरीसमेतलाई विचार गरी शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, विद्यालय समायोजन कार्यविधि निर्देशिका, २०७० बमोजिम विद्यालयहरूको स्थलगत अध्ययन गरी प्राप्त प्रतिवेदनसमेतका आधारमा कानूनबमोजिम अख्तियार राख्ने जिल्ला शिक्षा समितिबाट मिति २०७२।३।८ मा सिफारिस भई राष्ट्रिय हितलाई ध्यानमा राखी कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीले कानूनका सबै विधि र प्रक्रियाहरू पूरा गरी मिति २०७२।४।२९ मा निवेदक श्री पशुपतिनाथ प्रा. वि. मलाहीलाई सरस्वती मा.वि. मलाहीमा समायोजन गर्ने गरेको देखिएको अवस्थामा रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको आदेश अन्यथा नदेखिने ।

तसर्थ, अख्तियारप्राप्त अधिकारीले विद्यालय समायोजन गर्ने गरी मिति २०७२।४।२९ मा गरेको निर्णय कानूनसम्मत रूपमा भए गरेको देखिएको हुँदा सो निर्णयसमेतका कामकारबाही बदर गरिपाउँ भन्ने निवेदकको दाबी मनासिब देखिन नआउने ।

अतः रिट खारेज गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।३।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदक पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मदनप्रसाद पराजुली

इति संवत् २०७७ साल आषाढ २९ गते रोज २ शुभम् ।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७१-WO-०३९२, उत्प्रेषण / परमादेश, पुरुषोत्तम पोखरेल वि. श्रम अदालत, काठमाडौंसमेत*

विपक्षीमध्ये देवराज भण्डारीलाई १ जुन २०१३ देखि र प्रत्यर्थी सन्तोषकुमार उपाध्यायलाई २ जुन २०१३ देखि लागु हुने गरी युरासिया रेयुकाई नेपाल, कार्य समितिको २० जुन २०१३ को निर्णयअनुसार सेवाबाट हटाइएको भन्ने देखिन्छ । निज देवराज भण्डारीले संस्थाको काममा बाधा पुर्‍याएकोले ९ मे २०१३ को निर्णयअनुसार स्पष्टीकरण सोधिएको भन्ने देखिन्छ । साथै, ३० मे २०१३ को निर्णयअनुसार युरासिया रेयुकाई, नारायणगढ संस्कृति केन्द्रमा सरूवा गरिएकोमा सरूवापत्र नबुझी सरूवा भएको स्थानमा हाजिर हुन नगएको भन्ने आधारमा निजलाई सेवाबाट हटाइएको भन्ने निवेदन बेहोराबाट देखिन आएको छ । अर्का विपक्षी सन्तोषकुमार उपाध्यायलाई बिना सूचना २ जुन २०१३ देखि कार्यालयमा अनुपस्थित हुनुका साथै संस्थाको विरूद्धमा अनर्गल प्रचार प्रसारसमेत गरेको भन्ने आधारमा सेवाबाट हटाएको देखिन्छ । यसरी निजहरूलाई सेवाबाट हटाउनुभन्दा अगाडि निजहरूउपर लागेको आरोपको खण्डन गरी स्पष्टीकरण पेस गर्ने मौका दिइएको पाइँदैन । निजहरूलाई सेवाबाट हटाउनुपूर्व सूचना दिई सुनुवाइको मौका प्रदान गरी सेवाबाट हटाउनुपर्नेमा किन सेवाबाट बर्खास्त गर्नुपरेको हो सोबारेमा निजहरूको भनाइ नै नसुनी सुनुवाइको मौकासमेत नदिई सेवाबाट बर्खास्त गरेको देखिँदा निवेदक प्रतिष्ठानको उक्त निर्णय प्रथमदृष्टिमा नै प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको देखिने ।

विपक्षीहरू नेत्रप्रसाद पौडेल र शिवकुमारी गुरूङलाई २७ अप्रिल २०१३ को युरासिया रेयुकाई बोर्ड अफ डइरेक्टर्सको बैठकबाट संस्थाको कर्मचारी कटौती गर्ने भनी भएको निर्णयअनुरूप एक महिनाको

थप सुविधा प्रदान गरी एक महिनाअगाडि सूचना दिई १ जुन २०१३ देखि सेवाबाट अवकाश दिइएकोमा सो रकम र अवकाश पत्र बुझेको तर भरपाई नगरेकाले संस्थाका अध्यक्षको रोहबरमा मुचुल्का खडा गरी संस्थाकै सूचना पाटीमा टाँस गरिएको भन्ने निवेदन बेहोराबाटै देखिन आएको छ । निजहरूलाई युरेसिया रेयुकाईले 1st January 2013 मा दिएको Employee Contractual Letter हेर्दा, Terms & Conditions को बुँदा नं. २ मा This contractual agreement is valid for one year i.e. 2013 January 1st to 2013 December 31st भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । त्यसैगरी, बुँदा नं. ५ मा The contract may be terminated in writing by either party with one month prior written notice to the other भन्ने बेहोरासमेत उल्लेख भएको पाइन्छ ।

निवेदक प्रतिष्ठानले विपक्षीहरूलाई १ वर्षको करार अवधि रहने भए पनि एक महिनाअगाडि पूर्वलिखित सूचना दिई हटाउन सक्ने सर्त रहेको देखिन्छ । तर विपक्षी शिवकुमारी गुरूङ र नेत्रप्रसाद पौडेललाई १ जुन २०१३ देखि अवकाश हुने गरी दिइएको पत्र निज विपक्षीहरूले एक महिनाअगावै विधिवत् रूपले भरपाई गरी बुझेको भन्ने देखिँदैन । निजहरूलाई यसरी सेवाबाट हटाएको सम्बन्धमा निवेदक संस्थाले आफैँ मुचुल्का खडा गरेको र आफ्नो कार्यालयको सूचनापाटीमा टाँसेको भन्ने अन्य कुनै प्रमाणबाट पुष्टि हुन आएको छैन । यस स्थितिमा सो कार्यलाई उक्त करारको सर्तबमोजिमको लिखित सूचना दिएको भनी मान्न मिल्ने देखिँदैन । तसर्थ, निवेदकले विपक्षीहरूलाई उक्त सम्झौताको सर्तको पालना गरी सेवाबाट अवकाश दिएको भन्ने पुष्टि हुन नआउने ।

निवेदकले श्रम अदालतबाट भएको फैसला सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका २०६९, अङ्क १, नि.नं. ८७४८, र नेपाल कानून पत्रिका २०६९, अङ्क ९, नि.नं. ८८९२ मा प्रकाशित कानूनी सिद्धान्तहरू प्रतिकूल रहेको भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा, उक्त नि.नं. ८७४८ मा "... नियुक्तिपत्रको सर्तबमोजिम करार अवधि व्यतीत भइसकेको अवस्थामा कम्पनी आफैँले सेवा करारको अवधि थप गरी सेवालाई निरन्तरता दिनुपर्ने भनी मान्न नसकिने" भनी प्रतिपादन भएको सिद्धान्त यस निवेदनको विषयवस्तुसँग मिल्ने देखिँदैन । त्यसैगरी उल्लिखित नि.नं. ८८९२ मा सिद्धान्त कायम भएको मुद्दामा सो मुद्दाका पक्षहरूका बिचमा भएको करारमा उल्लिखित सर्त र प्रस्तुत रिट निवेदनको विषयवस्तु अलग प्रकृतिको भएकाले उक्त सिद्धान्त पनि यसमा आकर्षित हुनसक्ने नदेखिने ।

वस्तुत: निवेदकले प्रतिष्ठानमा कार्यरत विपक्षी देवराज भण्डारी र सन्तोषकुमार उपाध्यायलाई कार्यालयमा हाजिर गर्न नआएको भए निजहरूलाई तत्काल प्रचलित श्रम ऐन, २०४८ को परिच्छेद-८ अन्तर्गत दफा ५१ बमोजिमको खराब आचरणमा कारबाही गर्नुपर्नेमा सोबमोजिम गरेको पाइँदैन । निजहरूलाई हाजिर गरी काम गर्न नदिएको कारणले निजहरूले हाजिरी गरी काम गर्न दिएन भनी श्रम कार्यालयमा उजुरी गर्नुपरेको अवस्था देखिन्छ । विपक्षीहरू नेत्रप्रसाद पौडेल र शिवकुमारी गुरूङलाई करारबमोजिम कामबाट हटाएको सूचना एक महिनाअगाडि नै पाएको भन्ने तथा एक महिना बराबरको तलब भुक्तानी दिएको भन्ने कुनै प्रमाण रहेको देखिँदैन । यसरी विपक्षीहरूलाई करारको अवधि बाँकी छँदै अनावश्यक कारबाही गरी कार्यालयमा हाजिर हुन नदिने तथा एकतर्फी रूपले करार सेवाबाट अवकाश दिने कार्य गरेको हुँदा निज विपक्षीहरूले प्रतिष्ठानको रोजगारीबाट अनुचित रूपमा वञ्चित हुन पुगेको देखिन्छ । तसर्थ, करार अवधि बाँकी रहेको अवस्थामा श्रमिकलाई रीतपूर्वक सेवाबाट हटाउने कार्य नगरी कार्यालयमा हाजिर नगराउने, बदनियतसाथ अन्यत्र

सरूवा गर्ने जस्ता कार्य गरेको देखिन आएको र निवेदककै काम कारबाहीबाट विपक्षीहरूले करारको बाँकी अवधि काम गर्ने अवसरबाट अनुचित रूपमा वञ्चित हुनुपरेको स्थिति हुँदा सो करार अवधिसम्मको पारिश्रमिक पाउने गरी श्रम अदालतसमेतबाट भएको फैसला गैरकानूनी देखिन नआएकोले निवेदकको मागबमोजिम रिट जारी हुनसक्ने अवस्था विद्यमान रहेको नदेखिने।

अत: उल्लिखित आधार, कारणसमेतबाट श्रम कार्यालय, बाग्मती अञ्चलबाट भएको निर्णय केही उल्टी गरी विपक्षी देवराज भण्डारी, सन्तोषकुमार उपाध्याय, नेत्रप्रसाद पौडेल र शिवकुमारी गुरूङलाई निवेदकले सेवाबाट हटाएको मितिदेखि करार अवधिसम्मको तलब भत्ता तथा सुविधा पाउने गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७१।५।५ मा भएको फैसला गैरकानूनी नदेखिई कानूनसम्मत देखिन आएकाले निवेदकको मागबमोजिम सो फैसला बदरसमेत गर्न उत्प्रेषण तथा परमादेशसमेतको रिट जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: राधिका घोरासाइनी

इति संवत् २०७६ साल मङ्सिर ९ गते रोज २ शुभम्।

९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७१-WO-०५९६, उत्प्रेषण / परमादेश, दोर्जी शेर्पा वि. श्रम अदालत, अनामनगर, काठमाडौं*

आफूमाथि कुटपिट भएको भनी प्रतिवेदन दिने जिवेस पोखरेलले नै के कस्तो तरिकाबाट आफूमाथि कुटपिट भएको हो भन्ने सम्बन्धमा प्रतिवेदनमा स्पष्ट उल्लेख गर्न सकेको पाइँदैन । अन्य चश्मदिद प्रतिवेदकहरूमध्ये कपिल खड्कासमेतले पनि कुटपिट नै भएको हो भनी प्रतिवेदनमा उल्लेख गर्न र सो बेहोरालाई पुष्टि हुने गरी बकपत्र गर्न सकेकोसमेत देखिँदैन । कुटपिट भएको भन्ने सम्बन्धमा स्वास्थ्य परीक्षण भई सो जाँचको प्रतिवेदन मिसिल सामेल रहेको अवस्था पनि देखिँदैन। तसर्थ, कुटपिटको भएको भन्ने वारदात नै स्पष्ट खुल्न नआउनुका साथै कुटपिट गरेको प्रमाणित हुने वस्तुगत प्रमाण पेस भएको अवस्थासमेत नरहेकाले विपक्षी श्रीधर पोखरेलले प्रतिष्ठानका जिवेस पोखरेललाई कुटपिट गरेको भन्ने पुष्टि हुन सकेको नदेखिने।

तत्काल प्रचलित श्रम ऐन, २०४८ को दफा ५१ को खण्ड (क) अनुसारको खराब आचरण गरेको हुँदा सोही ऐनको दफा ५२(४) बमोजिम विपक्षी श्रीधर पोखरेललाई सेवाबाट हटाएको भन्ने निवेदकको जिकिर रहेकाले सो दफा ५१ खण्ड (क) को कानूनी व्यवस्था हेर्दा निम्नअनुसार रहेको देखिन्छ।

दफा ५१. खराब आचरण: दफा ५० को प्रयोजनको लागि कामदार वा कर्मचारीको देहायको आचरणलाई खराब आचरण मानिने छ:-

(क) श्रम विवाद वा अन्य विषयलाई लिएर व्यवस्थापक, प्रबन्धक वा कर्मचारीको विरूद्ध कुनै किसिमको हातहतियार प्रयोग गरी वा नगरी शारीरिक चोट वा आघात पुऱ्याएमा वा बाँधेमा वा थुनछेक गरेमा वा प्रतिष्ठानको क्षेत्रभित्र हुलदङ्गा वा तोडफोड वा कुटपिट गरेमा,

उक्त कानूनी प्रावधानअनुसार श्रम विवाद वा अन्य विषयलाई लिएर कुनै कामदार वा कर्मचारीले हातहतियार प्रयोग गरी वा नगरी व्यवस्थापक, प्रबन्धक वा कर्मचारीलाई शारीरिक चोट वा आघात पुऱ्याउने, बाँध्ने, थुनछेक कुटपिट गर्ने, वा प्रतिष्ठानभित्र हुलदङ्गा वा तोडफोड गरेमा श्रम ऐन, २०४८ को दफा ५१(क) अन्तर्गतको खराब आचरण हुने।

वस्तुत: निवेदक प्रतिष्ठानमा मिति २०७०।११।२५ (९ मार्च, २०१४) का दिन बेलुका Staff Kitchen मा श्रीधर पोखरेल र Duty Manager जिवेस पोखरेलबिच खानाको विषयमा भनाभन भएको भन्ने सुरक्षा गार्डको Duty Report समेतबाट पुष्टि हुन आएको छ । तर विपक्षी श्रीधर पोखरेलले आफ्नै सहकर्मी रहेका Duty Manager जिवेस पोखरेललाई कुटपिट गरेको भन्ने तथ्य पुष्टि हुन आएको छैन । साथै, निज श्रीधर पोखरेलसँग अरू व्यक्तिसमेत मिलेर उक्त प्रतिष्ठानभित्र निजसमेतले हुलदङ्गा गरी तोडफोड गरेको भन्ने कुरा स्थापित भएको स्थिति पनि देखिँदैन। विपक्षीले हातहतियार प्रयोग गरी वा नगरीकनै व्यवस्थापक, प्रबन्धक वा अन्य कर्मचारीलाई शारीरिक चोट वा आघात पुऱ्याएको भन्ने निवेदन जिकिर नै रहेको पाइँदैन । यस स्थितिमा श्रम ऐन, २०४८ को दफा ५१(क) को खराब आचरण गरेको भनी सोही ऐनको दफा ५२(४) बमोजिम सेवाबाट हटाउने गरेको विपक्षी प्रतिष्ठानको निर्णय कानूनबमोजिमको रहेको नदेखिँदा सो निर्णयलाई बदर गरी निजले सेवामा पुनर्बहाली भई अवकाशित अवधिको तलब भत्तासमेत पाउने ठहर गरी श्रम अदालतबाट भएको फैसला कानूनसम्मत नै रहेको देखियो। श्रम अदालतबाट कानूनबमोजिम भएको उक्त फैसलाबाट रिट निवेदकको कानूनी एवम् संवैधानिक हकमा आघात पुगेको भनी मान्न मिल्ने नदेखिने।

अत: उल्लिखित आधार, कारणसमेतबाट विपक्षी श्रीधर पोखरेललाई श्रम ऐन, २०४८ को दफा ५१(क) अन्तर्गतको खराब आचरण गरेको कसुरमा सोही ऐनको दफा ५२(४) बमोजिम प्रतिष्ठानको सेवाबाट हटाउने गरी एल.एम. सुभिर ब्रदर्श (नेपाल) प्रा.लि.का व्यवस्थापकबाट भएको निर्णय बदर गरी निजले सेवामा पुनर्बहाली भई अवकाशित अवधिको तलब भत्तासमेत पाउने ठहर गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७१।९।१६ मा भएको फैसला गैरकानूनी नदेखिई कानूनसम्मत देखिएकाले निवेदकको मागबमोजिम सो फैसला बदरसमेत गर्न उत्प्रेषण तथा परमादेशसमेतको रिट जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: राधिका घोरासाइनी

इति संवत् २०७६ साल मङ्सिर ९ गते रोज २ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-WO-०३१५, उत्प्रेषण, रामकुमार राईसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संवैधानिक परिषद्बाट मिति २०७१/६/२ मा भएको सिफारिसअनुसार गरिएको नियुक्तिमा को, के कस्तो प्रकारका योग्यता भएका व्यक्तिहरूलाई समावेश गरिएको रहेछ भनी हेर्नु आवश्यक छ। अध्यक्षको पदमा नियुक्त श्री अनुपराज शर्मा सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदबाट सेवा निवृत्त हुनु भएको, सदस्य पदमा नियुक्ति पाउनु हुने श्री मोहना अन्सारी मुस्लिम समुदायकी महिला रहनु भएको, अन्य तीनजना सदस्यहरूमध्ये श्री प्रकाश वस्ती सर्वोच्च अदालतका पूर्व न्यायाधीश, सदस्य श्री गोविन्द शर्मा पौडेल सक्रिय कानून व्यवसायी र श्री सुदिप पाठक सक्रिय मानव अधिकारकर्मी रहेको तथ्यमा कुनै विवाद देखिँदैन । यस प्रकार वहाँहरू फरक-फरक पृष्ठभूमिका व्यक्तिहरू रहनु भएको तथ्य स्वयम्मा नै प्रस्ट छ। नियुक्ति पाउने उल्लिखित पाँच जना पदाधिकारीहरूमध्ये कोही कसैका हकमा पनि “मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्ति” नभएको भन्ने जिकिर निवेदकले लिएको देखिँदैन । वहाँहरू मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि विशिष्ट योगदान

पुऱ्याएको ख्यातिप्राप्त व्यक्ति हुनुहुन्छ भन्ने तथ्यलाई सारतः रिट निवेदकले स्वीकार गरेको देखिन्छ। नियुक्त हुनु भएका पदाधिकारीहरूमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१(६) अनुसारको योग्यता नरहेको सम्बन्धमा अन्यथा जिकिर गरेको र पुष्ट्याई हुन आएको अवस्था नदेखिँदा नियुक्त हुनु भएका पदाधिकारीहरूको योग्यताको विषयमा थप विवेचना गरिरहनु नपर्ने।

निवेदकहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ र ३३ को सन्दर्भ पनि उल्लेख गर्नु भएको देखियो । उल्लिखित धारा २१ मा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने छ" भन्ने प्रावधान रहेको देखिन्छ । धारा ३३ मा राज्यको दायित्वको रूपमा "समावेशी" सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने कुरा उल्लेख छ । परिवर्तित राजनीतिक तथा संवैधानिक सन्दर्भमा यो समावेशितासम्बन्धी अवधारणा अवश्य नै महत्त्वपूर्ण छ र यसलाई राज्यले प्रगतिशील रूपमा व्यवहारमा रूपान्तरण गर्दै लैजानुपर्ने (Progressively realization गर्नुपर्ने) आवश्यकता पनि रहेको छ । वस्तुतः समावेशिताको तात्पर्य हरेक कुरामा प्रत्येक जात जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिका मानिसहरूका बिच बराबरी भागबन्डा गर्नु पर्दछ भन्ने पनि होइन। यो क्रमिक रूपमा अर्थपूर्ण तवरबाट व्यवहारमा उतार्नुपर्ने विषय हो। समावेशितासम्बन्धी अवधारणालाई वर्तमान नेपालको संविधानमा अझ प्रस्ट रूपमा समावेश गरिएको छ । समावेशिताको सन्दर्भमा पनि योग्यता, क्षमता, गुण, दोष आदि विषयहरू सान्दर्भिक बन्दछन्। यसलाई निरपेक्ष रूपमा हेरिनु मनासिब देखिँदैन। राज्य संरचनाभित्र समावेशितालाई अर्थपूर्ण र उद्देश्यमूलक तवरबाट महत्त्व दिइनु र प्रयोगमा ल्याइनु पर्दछ । उल्लिखित सन्दर्भमा हेर्दा निवेदकले उल्लेख गरेको मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्ति संविधानको भावना र मर्मअनुकूल नै भएको देखिने।

अतः संवैधानिक परिषद्बाट मिति २०७१/६/२ मा भएको सिफारिसअनुसार सम्माननीय राष्ट्रपतिबाट भएको राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्ति नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१(२) अनुकूल अर्थात् संविधानसम्मत देखिँदा निवेदन मागबमोजिम उल्लिखित नियुक्ति बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी गर्न मिलेन । नियुक्ति संविधानसम्मत देखिँदा अर्को सिफारिस र नियुक्तिका लागि परमादेश जारी गर्नुपर्दछ भन्ने जिकिरअनुसारको आदेश पनि जारी गर्नु नपर्ने।

राज्य संरचनामा विविधता र समावेशिता कायम गरिनु पर्दछ भन्ने मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ तथा वर्तमान नेपालको संविधानले समेत आत्मसात् गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगको गठन विधि यस कुराको अपवाद हुन सक्दैन । देशका अनेक जात जाति, वर्ग, क्षेत्र, लिङ्ग, धर्म, सम्प्रदाय, भाषा, संस्कृति आदि सबैको शासन व्यवस्थामा अधिकाधिक सहभागिता कायम गरी न्याय र समानतामा आधारित समतामूलक समाजको निर्माण गर्नेतर्फ सिर्जनशील प्रयासहरू अगाडि बढाउनु वाञ्छनीय छ । नेपाल पक्ष रहेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, घोषणापत्रहरूको माध्यमबाट गरिएको प्रतिबद्धता कार्यान्वयनका लागि तथा संविधानको माध्यमबाट नेपाली जनताले सुनिश्चित गरेका हक अधिकारहरूको संरक्षण र उपभोग गर्ने अवस्था निर्माणका लागि पनि सामाजिक, आर्थिक, राजनीतिक तथा साँस्कृतिक हरेक दृष्टिले न्यायपूर्ण समाजको निर्माण गर्नेतर्फ राज्यका प्रयासहरू परिलक्षित हुनु पर्दछ । यस सन्दर्भमा मानव अधिकार आयोगको गठन-विधि

समावेशिताको मान्यतामा आधारित, न्यायपूर्ण तथा सक्षम र प्रभावकारी तवरबाट भएको छ भन्ने अनुभूति दिलाउनेतर्फ पर्याप्त दृष्टि पुऱ्याइनु आवश्यक देखिन्छ। तसर्थ, अब गरिने मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्तिका सन्दर्भमा उल्लिखित समग्र पक्षमा समुचित संवेदनशीलता अपनाउनेतर्फ थप ध्यानाकर्षण हुन र समावेशितासम्बन्धी संवैधानिक प्रावधानको उद्देश्यमूलक कार्यान्वयन गर्न विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र ४ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-WO-०२३१, उत्प्रेषण, अधिवक्ता भिम राईसमेत वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-WO-१०९२, उत्प्रेषण / परमादेश, डा. निश्चल घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

यस अदालतको २०७३।०५।०८ को फैसला (आदेश) कार्यान्वयन गर्नु भनी आदेश जारी होस् भन्ने निवेदन माग सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा *"मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने छ"* भन्ने व्यवस्था रहेको देखिन्छ। निवेदक निरज शाहसमेत विपक्षी नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालयसमेत भएको रिट नम्बर ०६९-wo -०३४८ को मुद्दामा *"अबको भर्नामा उक्त विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थान र क्याम्पसहरू एवं शैक्षिक कार्यक्रमहरूमा जुन जुन वर्ग र समूहबाट नेपाली विद्यार्थीहरू भर्ना गरिने हो सो सबैमा समानुपातिक समावेशिता कायम गर्नका लागि कानून निर्माण र कार्यान्वयन गर्नु"* भनी विपक्षीहरूको नाममा मिति २०७३।५।८ गते निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। सो आदेश जारी भएपश्चात् राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ निर्माण भएकोसमेत देखिन्छ। वस्तुतः अदालतबाट भएका निर्णय तथा आदेशहरू कार्यान्वयन हुनु नै पर्दछ। अदालतको आदेश वा निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी राज्यका प्रत्येक निकायमा रहेको हुन्छ। न्यायिक निर्णयको कार्यान्वयन गर्ने कुरामा सहयोगी भूमिका निर्वाह गर्नु नागरिक कर्तव्यभित्र पनि पर्दछ। अदालतबाट भएका निर्णय आदेशको कार्यान्वयन गर्नबाट पन्छिने, बहानाबाजी गर्ने, अटेर वा असहयोग गर्ने जस्ता कुरा स्वीकार्य हुँदैनन्। यसको तात्पर्य कुनै विवादका सन्दर्भमा अदालतबाट एकपटक कानूनी स्थितिको उद्घोष भइसकेपछि त्यसको कार्यान्वयनका लागि पुनः अर्को आदेश वा निर्णय गर्नु पर्दछ भन्ने होइन। अन्तिम भएर बसेको निर्णय वा आदेश स्वयम् नै कार्यान्वयनयोग्य हुन्छ र त्यसको कार्यान्वयन गरिनु पर्दछ। यस दृष्टिले हेर्दा निवेदकले उल्लेख गरेअनुसार यस अदालतबाट ०६९-WO-०३४८ को रिट निवेदनका सन्दर्भमा मिति २०७३।०५।०८ मा भएको आदेशको कार्यान्वयनका लागि अहिले आदेश गर्नु आवश्यक नदेखिने।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४० मा सिट आरक्षणसम्बन्धी व्यवस्था रहेको देखिन्छ। उल्लिखित प्रावधानअनुसार "आयोगले तोकेबमोजिमको सिट आरक्षण गर्नु" पर्ने अवस्थासमेत देखिन्छ। उक्त ऐनको दफा २(क) र दफा ५ बमोजिम गठित चिकित्सा शिक्षा आयोगलाई आरक्षणसम्बन्धी कर्तव्य वा जिम्मेवारी रहेकोमा सो आयोगलाई विपक्षी बनाई रिट निवेदन गरेको देखिएन। विपक्षी नै नबनाएको चिकित्सा शिक्षा आयोगका नाममा अहिले आदेश जारी गर्नु मनासिब देखिएन। आरक्षणसम्बन्धी

व्यवस्था नेपालको सन्दर्भमा नवीनतम प्रयोगको विषय बनेको छ । आरक्षण व्यवस्थापनसँग सम्बन्धित कतिपय प्रश्नहरू अझ पनि कानूनी रूपमा अनुत्तरित छन् भने कतिपय व्यवस्थापकीय कार्यहरू गर्न बाँकी नै रहेका देखिन्छन् । आरक्षणको वितरण प्रणालीलाई वैज्ञानिक र पारदर्शी बनाउनुपर्ने अवस्था पनि देखिएको छ । आरक्षणको कारणबाट योग्यता वा क्षमता (Merit) को कुरामा अनुचित तवरबाट सम्झौता (compromise) गर्न नपुगियोस् भन्ने पक्षमा पनि विचार पुऱ्याउनुपर्ने आवश्यकता छ । समावेशिताको अवधारणा कार्यान्वयनका लागि आरक्षणको प्रावधान कानूनमा समाविष्ट गरिएको र सामाजिक न्यायसम्बन्धी यस प्रकारका अवधारणाको कार्यान्वयन क्रमिक रूपमा (progressively realization) गर्नुपर्ने विषय भएको हुँदा यसलाई निरपेक्ष रूपमा हेर्नु मनासिब पनि देखिँदैन। तसर्थ, पनि निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान रहेको नदेखिने।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भएको सन्दर्भमा अब सो ऐनको दफा ४० बमोजिम चिकित्सा शिक्षा अध्ययनका लागि शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार, द्वन्द्व पीडित महिला, दलित, आदिवासी जनजाति, खस, आर्य, मधेसी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रसमेतलाई आयोगले तोकेबमोजिमको सिट आरक्षण गर्ने प्रावधानको कार्यान्वयन गर्नु वाञ्छनीय देखिएको छ । तसर्थ, सोको कार्यान्वयन प्रक्रिया प्रभावकारी रूपमा अगाडि बढाउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेशसम्म जारी हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दहाल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल भाद्र २६ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, *०७३-CR-१५४९, ०९९९, १०००, कर्तव्य ज्यान, नेपाल सरकार वि. मनोज राईसमेत, मनोज राईसमेत वि. नेपाल सरकार, सन्तोष राई वि. नेपाल सरकार*

मिसिल अध्ययन गर्दा मिति २०७२।०१।१७ गते कुमार थापाको बिहेमा नाचगान गर्ने क्रममा भाइ धनबहादुर गुरूङले मनोज राईको खुट्टामा कुल्चिएको निहुँमा विवाद भई मेलमिलापसमेत भइसकेपछि मनोज राई घरमा गई दाजुभाइसँग सल्लाह गरी मार्ने योजना बनाई सुरेश राई, किरण राई, सन्तोष राई र अरूण राईसमेत भई बाँसको मुङ्ग्रो जस्तो लिएर आई धनबहादुरलाई टाउकोसमेतमा प्रहार गरी बेहोश बनाएको उपचारको क्रममा मिति २०७२।१।१८ गते मृत्यु भएको भन्नेसमेत जाहेरीबाट प्रस्तुत मुद्दा उत्थान भएको पाइन्छ । मृतक धनबहादुर गुरूङको लासको टाउकोको दाहिनेपट्टि गाला पिल्सिएर रगत निस्किएको, सो चोटभन्दा एक इन्चमाथि टाउकोको चोट वरिपरिको छाला मासुभित्र दबेको छाम्दा गिलो रहेको, चल्नीको भागसम्म सुनिएको, छातीमा नङले कोतारिएको जस्तो डाम धर्का रहेको भन्ने घटनास्थल लास जाँच प्रकृति मुचुल्का रहेको तथा मृतकको मृत्युको कारण Traumatic brain injury with brain haemorrhage भन्ने शव परीक्षण प्रतिवेदनको बेहोराबाट मृतक धनबहादुर गुरूङको मृत्यु स्वाभाविक रूपमा भएको नभई कर्तव्यबाट भएकोमा विवाद देखिएन। सो तथ्यलाई प्रतिवादीहरूले समेत अन्यथा भन्न सकेको नदेखिने।

को, कसको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू मनोज राई, सुरेश राई, सन्तोष राई, किरण राई र अरूण राईसमेतको चोट प्रहारबाट मृतकको मृत्यु भएको भन्ने

पुनरावेदक वादी नेपाल सरकारको सुरू अभियोग दाबीका साथै पुनरावेदन जिकिरसमेत रहेको छ । यी प्रतिवादीहरूमध्ये मनोज राई, सुरेश राई र सन्तोष राईलाई मात्र कसुरदार ठहऱ्याई सुरू जिल्ला अदालत र पुनरावेदन अदालतले जन्मकैदको सजाय गरेउपर निजहरूको यस अदालतमा पुनरावेदन पर्न आएको छ । पुनरावेदक प्रतिवादी सन्तोष राईको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा निज आफूले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको तथ्यमा साबित रही उक्त घटना मार्ने मनसाय नराखी सामान्य वादविवादका क्रममा भवितव्यबाट घटना भएकोले ज्यानसम्बन्धीको ६ नं. बमोजिम मात्र सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर रहेको छ । के कस्तो अवस्थामा भवितव्य ज्यान ठहर्ने भन्ने सम्बन्धमा **ज्यानसम्बन्धी महलको ५ नं. मा "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"** भन्ने व्यवस्था भएको पाइने ।

पुनरावेदक प्रतिवादी सन्तोष राईसमेतको मृतकसँग ज्यान लिने इविलाग वा मनसाय रहेको भन्ने नदेखिए पनि आफूले मृतकलाई बाँसको भाटाले कसेर टाउकोलगायत शरीरको विभिन्न भागमा हानेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्नुका साथै अदालतमा पनि बाँसले टाउकोमा हानेकोमा साबित रहेका छन् । टाउको जस्तो संवेदनशील अङ्गमा बाँसको भाटाले प्रहार गर्दा मानिस मर्न सक्ने सम्भावना हुने र मृतकको मृत्युको कारण पनि टाउकोको चोटका कारण भएबाट निजको चोट प्रहारलाई भवितव्य भन्न सकिने अवस्था नदेखिने ।

पुनरावेदक प्रतिवादीहरू मकालु भन्ने मनोज राई र सुरेश राईको पुनरावेदन जिकिरतर्फ विचार गर्दा सन्तोष राईको अदालतमा भएको बयानबाट नै निजको मात्र प्रहारबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि भइरहेको अवस्थामा आफूहरूलाई सजाय गरेको नमिलेको, सफाइ पाउनुपर्ने भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको छ । निज पुनरावेदक प्रतिवादीहरूसमेत वारदात स्थलमा उपस्थित भएकोमा विवाद रहेको छैन। घटनाको सुरूवात नै मृतक धनबहादुरले पुनरावेदक प्रतिवादी मनोज राईलाई खुट्टामा कुल्चनेसमेतको कार्य गरेबाट भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीहरू अदालतमा बयान गर्दा आफूहरूले मृतकलाई कुटपिट नगरेको सन्तोष राईले मात्र बाँसले हानेको भने तापनि अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट मनोज राईसमेतले बाँसको लौराले हानेर ढुनमुनिँदै गरेको समयमा सुरेश राईले लातमुक्काले हानेको भन्ने देखिन्छ । प्रतिवादीमध्येका सन्तोष राईले अदालतमा बयान गर्दा अरूले होइन मैले मात्र प्रहार गरेको भने तापनि मौकामा अनुसन्धानमा बयान गर्दा आफूले र मनोज राईले बाँसले एक एक पटक टाउकोमा हिर्काई मृतक ढुनमुनिँदै गर्दा अर्को प्रतिवादी सुरेश राईसमेत आई लात्ती मुक्काले हानेका भनी बयान गरेको देखिन्छ । साथै मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने प्रत्यक्षदर्शी सुवास मगर, हेविसन भन्ने चन्द्रबहादुर गुरूङसमेतको बकपत्रलगायतका प्रमाणहरूबाट कुमारबहादुर थापाको घरमा विवाह तथा व्रतबन्धको भोजको क्रममा मृतक तथा प्रतिवादीहरूसमेत नाच गान गर्दै रहेको क्रममा मृतक धनबहादुर गुरूङले प्रतिवादी मनोज राईको खुट्टा कुल्चने, कुइनाले ठेल्ने तथा छिर्के लगाउनेसमेतका विषयलाई लिई प्रतिवादीहरू र मृतक धनबहादुर गुरूङबिच झगडा भएको देखिन्छ । सोही झगडाको क्रममा मृतकले प्रतिवादीमध्येका मनोज राईलाई हिर्काई उछिट्याएपछि प्रतिवादी मनोज राई रिसाई बाँसको लाठी लिई आएको र अर्को प्रतिवादी सन्तोष राईसमेतले बाँसको लौरो लिई आई मृतकको टाउकोमा प्रहार गरेको देखिएको छ । उल्लिखित प्रतिवादीहरूको बयान तथा बुझिएका व्यक्तिहरूको कागज र बकपत्रसमेतबाट मृतकको शरीर र टाउकोमा

विभिन्न चोट लागेको भन्ने लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन समर्थित भएबाट सो पुनरावेदक प्रतिवादीहरूको समेत संलग्नता पुष्टि भएको देखिने।

सजाय पाएका प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्ने कम सजाय गरेको र प्रतिवादीमध्येका अरूण राई र किरण राईलाई सफाइ दिएकोसमेत मिलेको छैन भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू सन्तोष राई, मनोज राई र सुरेश राईको चोट पिरबाट मृतकको मृत्यु भएको ठहर भए तापनि निजहरूको उक्त कसुर ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको नभई १४ नं. बमोजिम हुने भनी फैसला भएको पाइन्छ। सो ठहर मिलेको छ, छैन भन्ने सम्बन्धमा हेर्दा, पुनरावेदक प्रतिवादीहरूले प्रहार गरेको लाठा मुक्कासमेतको कारण सोही चोटको पिरबाट मृतक धनबहादुर गुरूङको मृत्यु भएको तथ्य स्थापित भए पनि यी प्रतिवादीहरूको मृतकलाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी वा पूर्वयोजना रहेको कुरा जाहेरवाला, प्रतिवादीहरूको बयान र साक्षीहरूको बकपत्रसमेतबाट खुल्न आएको पाइँदैन । प्रतिवादीहरूले मृतकलाई मार्नेसम्मको पूर्वरिसइवी र पूर्वतयारी गरेको मिसिलबाट देखिएन । कुनै पनि अपराधको आपराधिक कार्य प्रमाणित हुनको लागि आपराधिक मनसाय (Mens rea) भई आपराधिक कार्य (Actus reus) भएको हुनुपर्ने, साथै सो कार्यको परिणामको पूर्वजानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेतका ४ तत्त्वहरू कर्तव्य ज्यान मुद्दामा हुनुपर्ने हुन्छ । प्रतिवादीहरूद्वारा गरिएको सो आपराधिक कार्यमा ती चार तत्त्वहरू रहेको कुरा वादी पक्षले नै प्रमाणित गर्नुपर्ने बाध्यात्मक अवस्थामा प्रस्तुत वारदातको जरिया मृतक तथा प्रतिवादीहरूसमेत नाचगान गर्दै गरेको, मृतक धनबहादुर गरूङले प्रतिवादी मनोज राईको खुट्टा कुल्चने, कुइनाले ठेल्ने तथा छिर्के लगाउनेसमेतका विषयलाई लिई प्रतिवादीहरू र मृतक धनबहादुर गुरूङबिच झगडा भएको भन्ने तथ्यमा विवाद रहेको छैन । सोही झगडाको क्रममा मृतकले प्रतिवादीमध्येका मनोज राईलाई हिर्काई उछिट्याएपछि प्रतिवादी मनोज राई रिसाई बाँसको लाठी लिई आएको र अर्का प्रतिवादी सन्तोष राईसमेतले बाँसको लौरोले मृतकको टाउकोमा प्रहार गरेको भन्ने देखिएको छ । निजहरूको पूर्वरिसइवी लिई आपराधिक मनसाय राखी पूर्वयोजना र परिणामको पूर्वजानकारी र परिणाम घटाउने इच्छा रहेको देखिँदैन। वादी पक्षबाट मृतकलाई मार्ने आपराधिक मनसाय (Mens rea) र आपराधिक कार्य (Actus reus) रहेको र सोको प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन। प्रस्तुत घटनाको प्रकृति हेर्दा वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. अनुरूपको मनसाय प्रेरित हत्याको वारदात नभई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.को आवेशप्रेरित हत्याको अवस्था देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.मा **"ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इबी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ ।"** भन्ने कानूनी व्यवस्थाबमोजिम आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुनुपर्ने, आरोपित व्यक्तिले मृतकउपर साधारण लाठी, ढुङ्गा प्रहार गर्दा वा लात मुक्का वा यस्तै प्रकारको गैरजोखिमी साधनले प्रहार गर्दा त्यसको प्रहारको चोटबाट तत्कालै वा ऐनका

म्यादभित्र ज्यान मर्न गएको स्थिति हुनुपर्ने, आफ्नो कार्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको हुनुपर्ने, प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने र यो उत्तेजना योजनाबद्ध वा पहिलेदेखि नै विद्यमान रहेको नभई तत्काल नै मृतकको व्यवहारका कारणले जन्मेको हुनुपर्छ । सोहीअनुरूप प्रस्तुत वारदातमा पनि मृतक धनबहादुर गुरूङले प्रतिवादी मनोज राईको खुट्टा कुल्चने, कुइनाले ठेल्ने तथा छिर्के लगाउनेसमेतका विषयलाई लिई प्रतिवादीहरू र मृतक मनोजबिच भएको झगडाको क्रममा मृतकले प्रतिवादीमध्येका मनोज राईलाई हिर्काई उछिट्याएपछि प्रतिवादी मनोज राई रिसाई बाँसको लाठी लिई आएको र अर्का प्रतिवादीहरू सन्तोष राई र सुरेश राईसमेतले बाँसको लाठाले मृतकको टाउकोमा प्रहार गरेको भन्ने देखिन आएबाट प्रतिवादीहरू रिस थाम्न नसकी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई प्रतिक्रियाको रूपमा तत्काल पीडितउपर प्रहार गरेको अवस्था देखिने।

यस सम्बन्धमा यस अदालतबाट पुनरावेदक जितबहादुर बुढाथोकी विरूद्ध वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा (नि.नं. ८१६७) **"आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत भई सो कार्यतर्फ लक्षित रहेको अवस्थामा दुर्भाग्यवश मानिसको मृत्यु भएमा त्यो भवितव्य हुने कानूनी मनसाय देखिँदा भवितव्य हत्यालाई सांयोगिक घटनाको रूपमा लिइन्छ । संयोगवश मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसाय प्रेरित हत्याको रूपमा हेरिँदैन र मनसाय तत्त्वको अभावको कारण यस्तो वारदातलाई आपराधिक गाम्भीर्य घटाउने परिस्थितिको रूपमा लिइन्छ । मनसाय तत्त्वको अभावका साथै भवितव्यको घटनामा आवेशपूर्ण परिस्थितिलाई पनि वर्जित गरिन्छ । आवेशपूर्ण स्थितिमा पीडित (मृतक) उपर कर्ता आक्रामक अवस्थामा रहन्छ, जुन भवितव्यमा नहुने"** र पुनरावेदक निमतेम्बा शेर्पा र वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा (नि.नं.१०१३९) **"ज्यानसम्बन्धी मुद्दाहरूमा आवेशको अवस्थालाई अपराधको गाम्भीर्य घटाउने परिस्थितिको रूपमा लिइने हुँदा यस्तो हत्यालाई मनसायप्रेरित हत्याको वर्गमा राखेर हेरिएको पाइँदैन । यस्तो हत्यामा प्रतिवादीमा पीडितउपर आक्रमण गर्ने उत्तेजना भने तत्काल जागृत भएको हुन्छ । आवेशको उत्तेजनामा गरिने कार्यमा कर्ताले त्यसबाट उत्पन्न हुने परिणामको ख्याल नगर्ने र त्यस सम्बन्धमा कुनै सोच विचारसमेत नगर्ने हुँदा आवेशको अवस्थालाई तत्कालीन भावावेश र उत्तेजनाको रूपमा लिनुपर्ने हुन्छ । यस्तो आवेश वा त्यस्तो उत्तेजना मृतकको क्रियाकलापबाट वा निजसँग अन्योन्याश्रित क्रियाकलापबाट प्रतिवादीको मानसिकतामा तत्काल सिर्जित गराउने"** भन्ने फैसला भएको पाइने।

यी उल्लिखित न्यायिक सिद्धान्तका आधारमा पुनरावेदक वादी नेपाल सरकारले सबै प्रतिवादीहरूलाई एकैचोटी उसै समयमा रिस उठी थाम्न नसकी वारदात स्थलमा भेटिएको भाटा, लाठा, मुड्कीले हानेको, मृतकको शरीर र टाउकोसमेतमा धेरै चोटपटकहरू देखिएको, मृत्युको कारण टाउकोमा लागेको चोटबाट ब्रेन हेमरेज भई भएको शव परीक्षण प्रतिवेदनबाट देखिँदादेखिँदै ज्यानसम्बन्धीको १४ नं. बमोजिम प्रतिवादीहरू मनोज राई, सन्तोष राई र सुरेश राईको सजाय हुने र अन्य प्रतिवादीहरू किरण राई र अरूण राईले मृतकलाई कुनै लाठा ढुङ्गा मुक्कासमेतले प्रहार गरेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएको हुँदा निजहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी गरेको फैसला बदर गरी सुरू अभियोग

दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनसँग सहमत हुन सकिएन। त्यस्तै पुनरावेदक प्रतिवादीहरू मनोज राई र सुरेश राईले सन्तोष राई र धनबहादुर गुरूङ एकापसमा लडेको देखेपछि निजहरूलाई छुट्याउन गएको मात्र हुँदा हामीहरू मनोज राई र सुरेश राईले सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग र पुनरावेदक प्रतिवादी सन्तोष राईले मृतक धनबहादुर गुरूङले नै हानेको बाँस खोसी भुलवश टाउकोमा हान्दा निजलाई चोट लागेकोले भवितव्य परी ज्यान गएको हुँदा भवितव्य ज्यानमा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रस्तुत अपराधको प्रकृति, परिवेश, परिस्थितिसमेतमा आवेश प्रेरित भएको नै देखिँदा सुरू इलाम जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं.बमोजिम प्रतिवादीहरू मनोज राई, सन्तोष राई, सुरेश राईलाई १० वर्ष कैद गर्ने ठहर गरेको फैसला सदर गर्ने पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने।

अन्य प्रतिवादीहरू किरण राई र अरूण राईको हकमा विचार गर्दा निजहरू आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत इन्कार रहेका, प्रतिवादीहरू मनोज राई, सन्तोष राई र सुरेश राईले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत निजहरूको सो कुटपिटमा संलग्नता नरहेको भनी बयान गरेका, वारदात स्थलमा उपस्थित रहेका प्रत्यक्षदर्शी सुवाष मगरले अदालतमा बकपत्र गर्दा सबैजनाले कुटपिट गरे भनी गोश्वारा ढङ्गले कुटपिट गरेको भनी बेहोरा लेखाए पनि प्रतिवादीहरू किरण राई र अरूण राईले के कसरी कुटपिट गरेको भनी उल्लेख गर्न नसकेको र अर्का प्रत्यक्षदर्शी हेविसन भन्ने चन्द्रबहादुर गुरूङले ५ जना प्रतिवादीहरू आई मृतक र मसमेतलाई कुटी म बेहोस भएँ, होसमा आउँदा धनबहादुर गुरूङ लडिरहेका भनी मृतकलाई यी प्रतिवादीले यो यसरी कुटपिट गरेको भनी स्पष्ट छुट्याई बकपत्र गर्न सकेको देखिएन। मिसिल संलग्न प्रमाणहरूबाट सो वारदातमा यी प्रतिवादीहरू किरण राई र अरूण राईले मृतकलाई कुनै लाठा, ढुङ्गा, मुक्कासमेतले प्रहार गरेको भन्ने पुष्टि हुन नआएको हुँदा निजहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको सुरू इलाम जिल्ला अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार कारणबाट सो वारदातमा संलग्न प्रतिवादीहरूमध्येका मनोज राई, सन्तोष राई, सुरेश राई र मृतक धनबहादुर गुरूङसमेतले हात हालाहाल गर्दा तत्काल रिसमा आई रिस थाम्न नसकी प्रतिवादीहरूले सोही स्थानमा भेटिएको बाँसको लाठा, लात्ता र मुक्कासमेतले मृतक धनबहादुर गुरूङलाई प्रहार गरेको देखिएको र सोही चोट पिरको कारण मृतक धनबहादुर गुरूङको उपचारको क्रममा मृत्यु भएको भन्ने अवस्था हुँदा यी प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसुर गरेको हुँदा निज प्रतिवादीहरू मनोज राई, सन्तोष राई, सुरेश राईलाई ऐ. ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० वर्ष कैद हुने तथा अन्य प्रतिवादीहरू किरण राई र अरूण राईले मृतक धनबहादुर गुरूङलाई बाँसको लाठा, लात्ता र मुक्कासमेतले प्रहार गरेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएकोले निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू इलाम जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७३/५/२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मोहनप्रसाद बेल्वासे

इति संवत् २०७७ साल असार ९ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, *०७०-WO-०७७६, उत्प्रेषण,*

डा.सिद्धार्थकुमार ठाकुरसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, काठमाडौंसमेत

प्रस्तुत निवेदनको विषयवस्तुका सन्दर्भमा हेर्दा लोक सेवा आयोगबाट प्रकाशित मिति २०७०।६।२३ को सूचना नं. १७१ मा पद कन्सल्टेन्ट आयुर्वेद विज्ञ, समूह आयुर्वेद, उपसमूह जनरल आयुर्वेद नवौं तह पदको लागि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ बमोजिमको योग्यता तोकिएको पाइयो। सो नियमावलीको अनुसूची-७ को क्रम संख्या १८(क) मा नवौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको भन्ने उल्लेख गरेको पाइन्छ। नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४ को उपनियम ६ मा सेवाको सातौं तह वा सोभन्दा माथिको तहको कुनै पदमा बढुवा हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता अधिकृत सातौं तह र आठौं तहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नै त्यस्तो पदमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता मानिने व्यवस्था भई नियमावलीको नियम र अनुसूची आपसमा बाझी असङ्गति उत्पन्न भएको भन्ने देखिने।

यसरी स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम र त्यसको अनुसूची बाझिएको अवस्थामा के, कुन व्यवस्था लागु हुने हो भन्ने सम्बन्धमा विचार गर्दा हाल बढुवाका लागि आवश्यक शैक्षिक योग्यताको विवाद सिर्जना भएको छ । सो सम्बन्धमा ऐन तथा नियममा भएको कानूनी व्यवस्था अध्ययन गर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(२) मा "स्वास्थ्य सेवाका समूह तथा उपसमूहहरूमा रहने विभिन्न तहका पदहरूको लागि चाहिने न्यूनतम योग्यता तोकिएबमोजिम हुने छ" भन्ने व्यवस्था रहेको छ। सो तोक्ने क्रममा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) मा "ऐनको दफा ७(२) तथा नियम ८ बमोजिम सेवाको अनुसूची ३ मा उल्लिखित समूह तथा उपसमूहको खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची-६ मा तथा बढुवाद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची-७ मा उल्लेख भएबमोजिम हुने छ" भन्ने व्यवस्था गरिएको पाइन्छ । निवेदनमा उल्लिखित पदका लागि उक्त अनुसूची-७ को क्रमसंख्या १८(क) मा "मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त" भनी तोकिएको पाइन्छ। साथै स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ (मिति २०७०।१२।१२ को चौथो संशोधनले मिति २०६९।१२।२९ को अध्यादेशबाट भएको संशोधनलाई निरन्तरता दिएको) मा बढुवाको लागि न्यूनतम योग्यता र सेवा अवधिको व्यवस्था निम्नबमोजिम गरिएको पाइन्छ :

(१) कर्मचारीको बढुवाको लागि उम्मेदवार हुन तोकिएबमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तहभन्दा एक तहमुनिको पदमा रही कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने छ।

तर,

(क) संवत् २०५४ साल जेष्ठ १४ गतेपछि तह मिलान हुँदा वरिष्ठ पाँचौं तह कायम गरिएको वा पाँचौं तहमा दश वर्ष सेवा गरेको कर्मचारीको पाँचौं तहका लागि निर्धारित शैक्षिक योग्यता नभए पनि बढुवाको लागि उम्मेदवार हुन सक्ने छ।

(ख) संवत् २०६९ साल चैत्र २९ पछि बढुवाको लागि उम्मेदवार हुन कम्तीमा एक वर्ष अति दुर्गम वा कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको हुनुपर्ने छ।

(ग) लोक सेवा आयोगद्वारा निर्धारित प्रक्रिया पूरा गरी सातौं तहमा नियुक्ति भई संवत् २०६९ चैत्र २९ अघि आठौं तहमा स्तरवृद्धि

भएको कर्मचारीले सो तहभन्दा कम्तीमा एक तहमुनिको तहमा कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको भए निजले दुर्गम क्षेत्रमा काम गरेको मानी नवौं तहको बढुवाको लागि उम्मेदवार हुन सक्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा कर्मचारीहरू बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छन्

(क) पद वा दरबन्दी नभएको कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएकोमा,

(ख) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा आठ वर्ष सेवा अवधि पूरा गरेको भएमा,

(ग) सेवाका कुनै तहको पदमा कम्तीमा दुई वर्ष काठमाडौं उपत्यका बाहिरका जिल्लामा सेवा गरेका र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको भएमा"

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४(६) मा सेवाको सातौं तह वा सोभन्दा माथिको तहको कुनै पदमा बढुवा हुनका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता अधिकृत सातौं र आठौं तहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नै त्यस्तो पदमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता मानिने व्यवस्था रहेको छ। जुन नियमावलीको तेस्रो संशोधन (२०६९।१।१८) पछि आएको देखिन्छ। यसरी बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता तोक्ने क्रममा नवौं तहको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ ले अनुसूची ७ लाई सङ्केत गरी स्नातकोत्तर उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था गरेको देखियो भने सोही नियमावलीको नियम ७४(६) ले अधिकृत सातौं र आठौं तहमा सेवा प्रवेशका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता नै मानिने व्यवस्था भएबाट उक्त नियम ७४(६) र अनुसूची ७ को क्रमसंख्या १८ एक आपसमा बाझिएको देखियो। नियमावलीको अनुसूची र नियममा फरक-फरक व्यवस्था भएको अवस्थामा कुन व्यवस्था आकर्षित हुने भन्ने सम्बन्धमा हेर्दा नियमावलीको मूल अङ्ग भनेको नियमको व्यवस्था नै हो। अनुसूची नियमको कार्यान्वयनका लागि सहज बनाउने उद्देश्यले निर्माण गरिएको सहयोगी अङ्ग मात्र हो। प्रस्तुत विवादसँग सम्बन्धित अनुसूची ७ नियम १५ सँग सम्बन्धित भई सो नियमको लक्ष्य परिपूर्तिको लागि निर्माण भएको भए तापनि सोही नियमावलीको नियम ७४(६) मा अर्कै व्यवस्था रहेबाट सो नियमको व्यवस्थालाई अनुसूचीको व्यवस्थाले ओझेल पार्न सक्ने हुँदैन। अनुसूचीले तोकेबमोजिमको न्यूनतम शैक्षिक योग्यता नै आवश्यक हुन्छ भनी व्याख्या गर्ने हो भने नियम ७४(६) को व्यवस्था निरर्थक हुन जान्छ। साथै कुनै पनि कानूनको व्याख्या गर्दा उदारतापूर्वक गर्नुपर्छ। सातौं र आठौं तहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नै सातौं तह वा सोभन्दा माथिको कुनै पदमा बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता मानिने व्यवस्था मूल नियममा भएपछि अनुसूची ७ बमोजिमको स्नातकोत्तर तहको शैक्षिक योग्यता नै आवश्यक हुन्छ भनी कठोर व्याख्या गर्नु कानूनसङ्गत र उपयुक्त पनि नहुने।

अब सेवा अवधि नपुगेको र दुर्गममा काम नगरेका डा. श्यामबाबु यादवलाई बढुवा गर्ने निर्णय गरेको भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा डा. श्यामबाबु यादवको सेवा अवधि ८ वर्षभन्दा बढी भइसकेको भन्ने लिखित जवाफहरूबाट देखिएको छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्दै खण्ड (ख) मा बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा आठ वर्ष सेवा अवधि पूरा गरेको भएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने स्पष्ट व्यवस्था भएबाट त्यस सम्बन्धमा बढी विवेचना गरिरहन आवश्यकता नै रहेन।

उपर्युक्त विवेचना गरिएबमोजिम नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ नियम ७४(६) को व्यवस्था नै अनुसूची ७ को व्यवस्थाउपर प्रभावी हुने र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) (ख) ले आठ वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने व्यवस्था भएकोसमेतबाट विपक्ष डा. श्यामबाबु यादवलाई बढुवामा समावेश गरी नतिजा प्रकाशन गरेको कार्य कानूनको रीत पुगेको नै देखियो। यस्तै विवाद समावेश भएको रिट निवेदक डा. शोभाराम सुवेदी विरूद्ध लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत भएको रिट नं. ०७२-WO-११६८ को निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।९।३ मा फैसला हुँदा *"प्रस्तुत मुद्दामा यी निवेदक डा. शोभाराम सुवदीले नियमावलीको अनुसूची ७ क्र.सं. १८(क) मा उल्लिखित सम्बन्धित विषयको स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको अवस्था छैन। तर ऐनको दफा २६(२) को खण्ड (ख) र (ग) को दुवै अवस्था पूरा गरेको दखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार उल्लिखित कुनै एक अवस्था पूरा भएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेमा निजले दुवै अवस्था पूरा गरेको देखिएकाले निजलाई विवादित विज्ञापन नं. १७५।०७२-०७३ को सूचनामा प्रकाशित बढुवाको पदमा सम्भाव्य उम्मेदवार हुनबाट वञ्चित गर्नु उल्लिखित विशेष कानूनी व्यवस्थाविपरीत हुन जाने देखिन आयो।......नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४(६) ले गरेको विशेष व्यवस्था सो ऐन तथा नियमावलीमा गरिएका बढुवासम्बन्धी अन्य सामान्य व्यवस्थाउपर प्रभावी हुने" भन्ने व्याख्या भएको पाइने।*

हाल रिट निवेदक डा. सिद्धार्थकुमार ठाकुर र डा. सवरी साहको मिति २०७३।३।२० को निर्णयअनुसार बढुवा भएको भन्ने मिसिल संलग्न मिति २०७३।३।२० को पत्रबाट देखिएको छ। यसरी निवेदकहरूले बढुवा पाउँ भनी निवेदन दिएको तहमा बढुवा भइसकेको अवस्थासमेत देखिँदा रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिने।

तसर्थ स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४(६) बमोजिम समेत विपक्षी डा. श्यामबाबु यादवको योग्यता पुगेको देखिएबाट लोक सेवा आयोगले मिति २०७१।१।२५ मा गरेको निर्णय कानूनबमोजिम नै देखिँदा निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १५ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CI-०७४५, उत्प्रेषण / परमादेश, सशिन जोशी वि. मालपोत कार्यालय, चाबहिलसमेत*

मालपोत ऐन, २०३४ को दफा ८(क) मा नापी नक्सामा संशोधन गर्नुपरेमा मालपोत कार्यालयले सम्बन्धित मेन्टिनेन्स नापी शाखामा लेखी पठाउनुपर्ने र त्यसरी लेखी आएपछि मेन्टिनेन्स नापी शाखाले पनि नापी नक्सामा आवश्यक संशोधन गर्नुपर्ने व्यवस्था रहेको छ। तर प्रस्तुत मुद्दामा रहेको विवादित विषय उक्त दफाबमोजिमको नक्सा संशोधनको मात्र विषय नभएर एकाको नाममा दर्ता स्रेस्ता रहेको जग्गालाई अर्काको नाममा दर्ता गरिएको देखिन्छ। निवेदक बैंक अफ एसियाले आफ्नो दर्ता स्रेस्तामा रहेको जग्गा दिन इन्कार गरेको बेहोरा मालपोत कार्यालयको २०७०/९/२८ को निर्णयमा नै उल्लेख भएको देखिएबाट जग्गाको हक स्वामित्व कसको हुने भन्ने तेरो मेरोको प्रश्न खडा भएको देखिन्छ। यस्तोमा यस अदालतबाट ने.का.प.२०५३, नि.नं. ६१४१, पृष्ठ ११२ मा "मालपोत ऐन, २०३४ ले जग्गा दर्ता

गर्नेसम्म अधिकार मालपोत कार्यालयलाई प्रदान गरेको भए तापनि हक बेहकको प्रश्न उपस्थित भई सबुद प्रमाण बुझी ठहर गर्नुपर्ने अवस्था परेमा सोको निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई भएको देखिन आउँदैन।" भनी भएको व्याख्या सान्दर्भिक हुने देखिन्छ। मालपोत कार्यालय र पुनरावेदन अदालतले गरेको निर्णय उल्लिखित ने.का.प. २०४९, नि. नं. ४६१७, पृष्ठ ८३९ को व्याख्या प्रस्तुत मुद्दाको विषयवस्तुसँग मेल खाने नदेखिँदा प्रस्तुत मुद्दामा आकर्षित नहुने।

एकाको नाममा दर्ता भइसकेको जग्गाको कित्ता, क्षेत्रफल वा नक्सा स्रेस्ता घटाई निर्णय गर्नुपर्ने अवस्था आइपरेमा मालपोत कार्यालयले कसरी निर्णय गर्ने भन्ने सम्बन्धमा जग्गा प्रशासन निर्देशिका, २०५८ को निर्देशन ४०४(ग), "साबिक दर्ताको कित्ता घुसाई नापी गराउनेमध्ये कसैको दर्ता बाँकी भएकोमा दर्ता बाँकी जतिबाट घुसेको क्षेत्रफल छुट्याई साबिक दर्तावालाको नाममा दर्ता गरिदिने तर दर्ता भइसकेको हकमा अदालतबाट सुनाइदिने" भन्ने व्यवस्था रहेको देखिँदा सोबमोजिम नगरी मालपोत कार्यालय स्वयंले निवेदक बैंकको नाममा दर्ता रहेका जग्गाको कित्ता क्षेत्रफल तथा नक्सा स्रेस्ता घटाई गरेको निर्णय कानूनसम्मतको देखिएन। यसरी कसैको दर्ता कायम भइसकेको कित्ता जग्गालाई नापी कार्यालयको प्राविधिक कर्मचारीको त्रुटिवश गुम्न गएछ भन्ने बहाना बनाई मालपोत कार्यालयले जग्गाको क्षेत्रफल, स्रेस्ता एकतर्फी रूपमा घटाउने संशोधन गर्न मिल्ने कानूनी व्यवस्था नरहेको, निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तको पालना गरी अदालतले हक बेहकमा बोल्नुपर्ने कानूनी व्यवस्था रहेकोतर्फ केही नबोली गरिएको मालपोत कार्यालय, चाबहिलका प्रमुख मालपोत अधिकृत श्री शंकरप्रसाद भेटवालबाट भएको मिति २०७०/९/२८ को निर्णय र सोलाई सदर गरी पुनरावेदन अदालतको मिति २०७१/११/२७ को निर्णयसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार र कारणबाट पुनरावेदन अदालत पाटनको २०७१/११/२७ को फैसला उल्टी भई विवादित कि.नं. ३१ र १४५ को जग्गाको स्रेस्ता सच्याउने गरी भएको मालपोत कार्यालय चाबहिलको मिति २०७०/९/२८ को निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ। साथै अब यसमा जग्गाउपर हक बेहक, तेरो मेरोसम्बन्धी प्रश्न उपस्थित भएको देखिएकाले अदालतबाट हक बेहक कायम गरी ल्याउनु भनी सम्बन्धित पक्षहरूलाई सुनाइदिनु भनी मालपोत कार्यालय, चाबहिलमा लेखी पठाइदिने।

इजलास अधिकृत:- सृजना गौतम

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम्।

६

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CI-१३०९, दूषित दर्ता बदर यथास्थितिमा कायमसमेत, दिलबहादुर पुरीसमेत वि. हस्तबहादुर पुरीसमेत*

पुनरावेदक प्रतिवादीहरूले आफ्ना नाउँमा दर्ता रहेका जग्गाको जग्गाधनी पुर्जा पाउन निवेदन पेस गरेको निवेदनमा मालपोत कार्यालयसमेत क्षति भएको बेहोरा उल्लेख गरेको देखियो। मिति २०६१।८।१ मा मालपोत कार्यालयले "दिलबहादुर पुरीसमेतका नाउँमा रहेको संलग्न पुर्जामा उल्लिखित जग्गाहरू" भन्ने वाक्यांश उल्लेख गरी निजसमेतका नाममा पुर्जा प्रदान गर्ने गरी निर्णय भएको देखियो। विवादित जग्गामा आफ्नो हक पुग्ने जग्गाको स्रोत प्रमाणको रूपमा ५० साल जाँचको तेरिजको "**शिवलाल पुरी सनदबमोजिम लगत कट्टा हुँदा चन्द्रलाल पुरीको**" दर्ता कागज भनी पुनरावेदक प्रतिवादीले प्रतिउत्तरसाथ पेस गरेको पाइयो। हाल सालै नापीमा प्रतिवादी पुनरावेदकहरूको नाउँमा नापी दर्ता भई प्राप्त भएका जग्गाधनी प्रमाण पुर्जासमेत हराएकोले दर्ता स्रेस्ता कायम गरी पाउन निवेदन परेको मालपोत कार्यालयको मिसिल फायलबाट देखिएकोमा हाल नापीमा प्रतिवादी

पुनरावेदकहरूको नाउँमा नापी दर्ता भई स्रेस्ता कायम गरी प्रमाण पुर्जा भइसकेको भन्ने कुरा प्रमाणित हुने कुनै पनि कागज प्रतिवादीहरूबाट पेस गर्न सकेको र मालपोत कार्यालयले पनि आफूले गरेको निर्णयलाई समर्थन गर्ने प्रमाणहरू फायलमा समावेश गराउन सकेको देखिएन । पुनरावेदक प्रतिवादीहरूले प्रतिउत्तरपत्रका साथ पेस गरेको ५० साल जाँचको शिवलाल पुरीको सनदबमोजिम नाउँ कट्टा भई चन्द्रलाल पुरीको नाउँको बिर्ता जग्गा निजहरूको जिकिरअनुसारकै विवादित डाँडाबारी भन्ने जग्गा नै हो भन्ने प्रमाणित भएको पनि देखिँदैन । विवादित जग्गा सार्वजनिक मठ मन्दिर चिहान गुठीका जग्गा हुन्, मालपोत कार्यालयको स्रेस्ता जलेको फाइदा उठाई दिलबहादुर पुरी र सुशिला पुरीले दर्ता गराएका हुन् भनी वादीका साक्षी घनश्याम भट्टराईले बकपत्र गरेको देखिन्छ । सर्जमिनका मानिस डम्बरबहादुर श्रेष्ठसमेतले कि.नं. ३८, ३९, ४९ र ५३ को जग्गाहरू शुकलेश्वर महादेवको मन्दिर र पूजाआजा सञ्चालनको लागि गुठी रहेको हो भनी लेखाई दिएको देखिन्छ । पुनरावेदक प्रतिवादीले मिति २०६१।०३।३० मा निवेदनसाथ पेस गरेको रसिद दिने सम्बन्धित गा.वि.स.का सचिव पर्शुराम कोइरालालाई झिकाई बयान गराउँदा रसिदको बारेमा आफूलाई जानकारी नभएको भन्ने बेहोरासमेत लेखाई दिएको पाइयो । साथै अघिल्लो सालको रसिद लिई तिरो तिरेको छैन भनेकोमा विवादित जग्गाको तिरो लिनुपर्ने आधार के हो ? खुलाउन सकेको पनि पाइएन । विनाआधार गा.वि.स.ले तिरो लिए बुझेकै भए पनि त्यसकै आधारमा जग्गामा हक स्रोतको प्रमाण पुगेको मानी दर्ता स्रेस्ता कायम हुन सक्दैन । धनीपुर्जा हरायो भनी हक दाबी गर्नेले २०६१ सालअघिको आफ्नो हकको कुनै पनि स्रेस्ता देखाउन सकेको पनि देखिँदैन । यस अवस्थामा परापूर्वकालदेखिको मन्दिरको हकभोगमा रहेको देखिएको नक्सा मुचुल्काबाट समेत प्रतिवादीको नदेखिएको आधारबाट विवादित कि.नं.३८ समेतका जग्गाहरू शुक्लेश्वर महादेव गुठीको देखिएकोमा पुनरावेदक प्रतिवादी दिलबहादुर पुरीसमेतका नाउँमा दर्ता भएको देखिने ।

पुनरावेदक प्रतिवादीहरूले देखाएको साबिक १९५० को दर्ता जग्गा यिनै विवादित जग्गा हुन् भन्ने यकिन गर्ने आधार पनि देखिँदैन । यस अवस्थामा हालको नापी दर्ता प्रमाणित हुने पर्याप्त लिखत प्रमाणविना मालपोत कार्यालय संखुवासभाले कि.नं. ३८, ३९, ४९, ५३ र ७३३ का जग्गाको स्रेस्ता कायम गरी लालपुर्जा दिने निर्णय कानूनबमोजिम भएको देखिन आएन । जग्गाको हक कायम हुने प्रमाण भनेको साबिकको दर्ता, हाल नापी दर्ता, जग्गाधनी दर्ता प्रमाण पुर्जा, तिरो तिरेको रसिद र भोग नै हो । स्वामित्व प्रमाणित हुने उल्लिखित लिखित प्रमाणको अभावमा अचल सम्पत्ति जग्गामा व्यक्तिको दर्ता स्रेस्ता हक कायम हुन सक्दैन । आफ्नो हक स्वामित्व रहेको पुष्टि हुने ठोस प्रमाण पेस हुन नसकेको अवस्थामा कुनै पनि जग्गामा कसैको दाबी पुग्न सक्दैन । आफू जग्गाको धनी हुँ भनी दाबी गर्ने जो कोही व्यक्तिले सो सँग सम्बन्धित आधारभूत प्रमाण कागज पेस गर्नुपर्छ । पुनरावेदक प्रतिवादीहरूले कि.नं. ३८, ३९, ४९, ५३ र ७३३ को जग्गाको जग्गाधनी प्रमाणको पुर्जा पाउँ भनी निवेदन दिएकै भरमा आवश्यक पर्याप्त आधारभूत लिखत प्रमाणको अभावमै कि.नं. ३८, ३९, ४९ र ५३ को जग्गा परापूर्वकालदेखि शुक्लेश्वर महादेवको पूजा चलाउने प्रयोजनार्थ र कि.नं. ७३३ को जग्गा दशनामीहरूको समाधिस्थल रहेको जग्गा पुनरावेदकहरूको नाउँमा दर्ता स्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा दिने गरी मालपोत कार्यालय, संखुवासभाबाट भएको निर्णय सम्पूर्ण रूपमा दूषित देखियो । यस अवस्थामा कि.नं. ९०४ को जग्गाको हकमा मन्दिर रहेको र विवाद नरहेको हुँदा केही बोलिरहनु नपर्ने, कि.नं. ७३३ को जग्गाको दर्ता बदर हुने भनी भएको सुरूको फैसलालाई सदर

गर्ने गरी भएको फैसला मिलेकै देखियो । कि.नं.३८, ३९, ४९ र ५३ का जग्गा दिलबहादुर पुरीसमेतको हक कायम हुने भनी सुरू अदालतले गरेको फैसला सो हदसम्म नमिलेको हुँदा उल्टी हुने गरी पुनरावेदन अदालत धनकुटाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: विवेचित आधार, प्रमाण र कारणसमेतबाट पुनरावेदक प्रतिवादी दिलबहादुर पुरी र सुशिला पुरीले कि.नं.३८, ३९, ४९ र ५३ समेतका जग्गाहरू पुनरावेदक प्रतिवादीले मिति २०६१।३।३० मा मालपोत कार्यालय संखुवासभामा दिएको निवेदनको आधारमा आवश्यक पर्याप्त आधारभूत प्रमाण बिना निजहरूका नाउँमा स्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा दिने गरेको मालपोत कार्यालय, संखुवासभाको मिति २०६१।८।१ को निर्णय दूषित देखिन आएकोले सुरू संखुवासभा जिल्ला अदालतले कि.नं. ७३३ को जग्गाको दर्ता बदर हुने, कि.नं. ९०४ को सम्बन्धमा केही बोलिरहनु नपर्ने भनी र कि.नं.३८, ३९, ४९ र ५३ का जग्गा दिलबहादुर पुरीसमेतको हक कायम हुने गरी मिति २०७१।१।३ मा गरेको इन्साफ आंशिक रूपमा मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई उल्लिखित कित्ता जग्गाहरूको दर्तासमेत दूषित देखिँदा दर्ता बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक २७ गते रोज ४ शुभम् ।

७

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७५-WH-०२२९, बन्दीप्रत्यक्षीकरण, सोमिता लामा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकले संस्था दर्ता ऐन, २०३४ को सन्दर्भ उठाएको देखियो । निवेदकउपर संस्थाको दर्ता, सञ्चालन वा नियमनसम्बन्धी कुरालाई लिएर कारबाही चलाएको नभई मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीको कसुर सम्बन्धमा कारबाही चलाएको देखिन्छ । संस्था सञ्चालनसम्बन्धी विषय र ठगीको कसुर फरक-फरक कुरा हुन् । ठगीको कसुर सम्बन्धमा अनुसन्धान, अभियोजन र मुद्दामा सुनुवाइ गर्ने क्षेत्राधिकार तत् तत् विपक्षीहरूमा रहेकै देखिन्छ । ठगीको कसुरमा छानबिन र कारबाही गर्ने अधिकार कानूनले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको देखिँदैन । तसर्थ, यस प्रसङ्गमा निवेदकतर्फबाट लिइएको जिकिर मनासिब नदेखिने ।

नियमित न्यायिक प्रक्रियाबाट भएको काम कारबाहीलाई केही अपवादात्मक अवस्थामा बाहेक रिट क्षेत्रबाट हेर्न नमिल्ने र न्यायिक थुनामा रहेको थुनालाई गैरकानूनी भन्न नमिल्ने भनी सर्वोच्च अदालतबाट समय समयमा सिद्धान्तसमेत प्रतिपादन भएको छ । रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको (ने.का.प. २०६८, पृष्ठ १२९८, अङ्क ८, नि.नं. ८६६५) बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट ***"साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मकसद हुन सक्दैन"*** भनी व्याख्या भएको देखिन्छ । निवेदक राम कार्की विरूद्ध विपक्षी पुनरावेदन अदालत ललितपुरसमेत भएको (ने.का.प.२०५१, नि.नं.४८८९, पृष्ठ २२०, अङ्क ३) बन्दीप्रत्यक्षीकरणको निवेदनमा सुनुवाइ गर्दा पनि यस अदालतबाट ***"अधिकारप्राप्त अदालतबाट मुद्दाको कारबाहीको सिलसिलामा न्यायिक थुनामा रहेको निवेदकको थुनालाई गैरकानूनी भन्न नसकिने भएकोले यस्तो अवस्थामा यस***

अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भएको छ। यसैगरी विजयराज तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको ०७४-WH-००२५ को बन्दीप्रत्यक्षीकरणकोको निवेदनमा ***"विचाराधीन मुद्दा निरूपण गर्न असर पर्ने गरी आदेश जारी गर्नु उचित देखिँदैन । विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्य परीक्षण गर्न अहिले मिल्दैन । यसरी हेरियो भने नियमित अदालतको सुनुवाइ प्रक्रियामा अनुचित हस्तक्षेप गरेको हुन जाने"*** भनी सर्वोच्च अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिने।

अतः ठगीको कसुर भएको भनी सोसम्बन्धी केही तथ्यगत सन्दर्भहरू खुलाई जाहेरी परेको देखिएको, निज निवेदक सत्यमान लामालाई काठमाडौं जिल्ला अदालतबाट पक्राउ गर्न अनुमति प्रदान भएबमोजिम पक्राउ गरी थुनामा राख्ने पुर्जीसमेत दिई थुनामा राखेको देखियो । निवेदक (प्रतिवादी) लाई अनुसन्धानको लागि थुनामा राख्ने अनुमतिका लागि आधार र कारण खुलाई अनुसन्धान अधिकारीबाट अनुरोध भएबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) अनुसार अनुमति प्रदान गरिएकोसमेत देखिन आयो । यसरी नियमित न्यायिक प्रक्रियामा रहेको कारबाहीको विषयमा अदालतबाट अनुमतिसमेत लिई थुनामा राखेको देखियो । कुनै प्रवृत्त धारणा राखेर कानूनबमोजिमको प्रक्रिया अनुशरण नगरी तथा गम्भीर अन्यायको परिणाम देखिने गरी थुनामा राख्ने कार्य भएको भन्ने पनि देखिएन । तसर्थ, निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट खारेज हुने।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्।

इजलास नं.११

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७७-WH-००४५, बन्दीप्रत्यक्षीकरण, सुशिला बुढाथोकी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौं

रिट निवेदकले प्रस्तुत निवेदनमा भन्सार ऐन, २०६४ को जुन दफाहरूको त्रुटि भयो भनी जिकिर लिएका छन् सो जिकिरहरू उक्त रिट नं. ०७७-WH-००४५ को निवेदनमा पनि लिएको र सो रिट निवेदन मिति २०७७।३।२४ मा यस अदालतबाट खारेज भएकोबाट अब पुनः भन्सार ऐनको दफा ५७(१)(ग)(ग) वा दफा ४१(३) वा दफा ६०(ख) को त्रुटि भएको छ वा छैन भनी हेर्नुपर्ने अवस्था यहाँ नरहने।

जहाँसम्म राजस्व न्यायाधिकरण काठमाडौंमा न्यायाधीश नरहेबाट आफ्नो निवेदनको सुनुवाइ हुन सकेन भन्ने निवेदन जिकिर छ, नेपालको संविधानको धारा २०(९) ले "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ" भनी उल्लेख गरेको देखिन्छ। स्वच्छ सुनुवाइको हकभित्र शीघ्र सुनुवाइको हक पनि पर्दछ । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ५ मा *"...न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रूपले गर्ने..."* भनी उल्लेख गरेको र हाल राजश्व न्यायाधिकरणमा दुईजना सदस्यहरू मात्र रही अध्यक्षको पद रिक्त रहेको भन्ने देखियो । यसरी कुनै न्यायिक निकायमा लामो समयसम्म न्यायाधीश नहुँदा संविधानप्रदत्त स्वच्छ सुनुवाइ र शीघ्र सुनुवाइको हकमा प्रतिकूल असर पर्दछ । राजस्व न्यायाधिकरणमा हाल न्यायाधीश नभएको केही समय मात्र भएको छ। सो पदमा सरूवा वा काजबाट शीघ्र नै पदपूर्ति हुन सक्ने हुँदा सोही

मात्र विषयको आधारमा निवेदकको थुना संविधानको धारा २०(९) विपरीत भई नै सक्यो भन्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल असोज ५ गते रोज २ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, ०७४-CR-१४५०, अपहरण तथा शरीरबन्धक, जबरजस्ती करणी उद्योग र जबरजस्ती चोरी, नेपाल सरकार वि. श्रीमनकुमार घिमिरेसमेत

जाहेरी दर्खास्तमा दाङ लक्ष्मीपुर गा.वि.स.को गोग्लीनेरको भानपुर चोकबाट मलाई जबरजस्ती पकडी मोटरसाइकलको बिचमा राखी कुइरेपानी पूर्वको जंगलमा लगी लछार पछार गर्दै आँखामा पट्टी बाँधेर मुखमा रूमालले बुझी अपहरण गरेको भन्ने देखिन्छ । प्रतिवादीद्वयले अदालत तथा मौकामा बयान गर्दा अपहरण गरेको कुरामा इन्कार रही जाहेरवालाको अनुरोधमा नै निजले घर पुऱ्याइदेउ भनेकोले मोटरसाइकलमा राखी लगेको हो भनी भनेको देखियो । साथै वारदातको भोलिपल्ट मिति २०७२।११।२८ मा यी प्रतिवादीद्वयलाई प्रकाउ गरेको र प्रकाउ परे लगतै सोही मितिमा स्वास्थ्य परीक्षण गर्दा यी प्रतिवादी दुवैजनाले मादक पदार्थ सेवन गरेको भन्ने स्वास्थ्य परीक्षण रिपोर्टसमेतबाट देखिन्छ । यसबाट नसाको सुरमा निजहरूले गहना खोस्ने कार्यसम्म गरेका रहेछन् भन्नुपर्ने देखिन्छ। तर भानपुर चोकबाट अपहरण गरी लगेको भनी जाहेरवालीले भने पनि उक्त चोक मानिसको आवगमन भइरहने चोक देखिन्छ । दाङको गोग्लीनेरको भानपुर चोक लमही घोराही सडक खण्डमा पर्ने र मानिसको आवत जावत भइरहने, दिउँसो ३ बजेको समयमा लैजाँदा कसै न कसैले देख्न सक्ने र जाहेरवालीले समेत चिच्चाई कराई प्रतिवाद गर्न सक्ने अवस्था हुने हुँदा प्रतिवादीहरूले अपहरण गरी लगेको भन्ने कुरा पत्यारलाग्दो मान्न सकिने अवस्था देखिएन । जुन कुइरेपानीको जङ्गलमा लगे भनिएको छ सो ठाउँ घोराही लमही सडक खण्डमा पर्ने ठाउँ हो भन्ने प्रतिवादीको बयान देखिन्छ। प्रतिवादीहरूले यी पीडितलाई अपहरण वा शरीर बन्धक बनाएका भए त्यतिकै छाड्नुपर्ने कारण हुँदैन। कसैको हस्तक्षेपबाट आफू छुटेको भन्ने पीडितको भनाइ छैन । सजिलै यातायात नपाइने ठाउँमा सवारीसाधनसहितको व्यक्ति भेटिँदा मलाई पनि लैजाउ भनी लिफ्ट माग्ने कुरा सामान्य नै हुन्छ। जाहेरवालाले प्रतिवादीको कब्जाबाट यसरी फुत्की आएँ भनी भन्न पनि सकेको अवस्था देखिँदैन । घटना विवरण कागज गर्ने देवा खड्कासँग घटनापश्चात् पीडितको लगतै भेट भएको र पीडितले आफ्ना सुनका गहनाको बारेमा सम्म कुरा गरेको भनी सुरू अदालतमा गरेको बकपत्रसमेतबाट जबरजस्ती करणी उद्योग, अपहरण तथा शरीर बन्धक जस्तो जघन्य अपराधसमेत यी प्रतिवादीहरूले गरे होलान् भनी भन्न सकिएन। सोतर्फको दाबी स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाण कागजबाट पुष्टि भएको अवस्था देखिएन। यी प्रतिवादी दुवैजना मिति २०७२।११।२८ मा पक्राउपछि जिल्ला अदालतबाट पुर्पक्षको क्रममा थुनामा रही जिल्ला अदालतबाट फैसला हुँदा जबरजस्ती चोरीतर्फको कसुर ठहर भई सोबापत डेढ महिना कैद र बिगोको डेडी रू.१८,८८०।५० जरिवाना भई जरिवानाबापत कैद सजाय हुने गरी भएको फैसला सो हदसम्म उच्च अदालतको मिति ०७४।२।२२ को फैसलाले सदर भई निज प्रतिवादीद्वयले कैद सजाय भुक्तान गर्न २०७५।२।१६ सम्म थुनामा बस्नुपर्ने भन्नेसमेत मिसिल संलग्न मिति २०७४।५।१ को संशोधित कैदी पुर्जीबाट देखिन आयो । यसरी प्रतिवादीहरूलाई जबरजस्ती चोरीतर्फ सजाय भई सो सजाय हाल निजहरूले भोगी सकेको अवस्था देखियो । तर समग्र वस्तुस्थितिको

मूल्याङ्कनसमेतबाट यी प्रतिवादीहरूले जबरजस्ती चोरीको अतिरिक्त जबरजस्ती करणी उद्योग तथा अपहरण तथा शरीरबन्धकसमेतको अपराध गरे होलान् भनी निजहरूलाई सोमा समेत कसुरदार ठहऱ्याउनु सबुद प्रमाण एवं न्यायको रोहबाट उचित नदेखिने।

प्रतिवादीहरू श्रीमनकुमार घिमिरे र होमराज कुँवरलाई जबरजस्ती करणीको उद्योगमा सफाइ दिई जबरजस्ती चोरी गरेको ठहऱ्याएको सुरू फैसला सो हदसम्म मिलेको भनी सदर गर्ने र अपहरण तथा शरीर बन्धकतर्फको अभियोग मागदाबी पुग्न नसकी प्रतिवादीहरूले सफाइ पाउने हुँदा अपहरण तथा शरीर बन्धकको कसुरमा सजाय गरेको सो हदसम्म सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला आंशिक उल्टी गरेको उच्च अदालत तुलसीपुरको मिति २०७४।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल जेठ ४ गते रोज १ शुभम्।

इजलास नं.१२

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CI-०५३०, निषेधाज्ञा / उत्प्रेषण / प्रतिषेध / परमादेश, डा. नारायण खड्का वि. सुशिला सिंह धामी*

विपक्षी रिट निवेदक सुशिलासिंह धामीले आफ्नो नाममा दर्ता कायम भएको उक्त कि.नं.२१५ र ५३० को जग्गामा काठमाडौं महानगरपालिकाबाट नक्सा पास गरी घर निर्माण गर्दाको अवस्थामा नै तत्काल कायम रहेको १ मिटर गोरेटो बाटोको केन्द्रविन्दुबाट पश्चिमतर्फ प्रस्तावित GLD बाटोको लागि आफ्नो कि.नं.२१५ को जग्गा छाडिसकेको भन्ने निवेदन रहेको र काठमाडौँ उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयबाट खटाइएको सर्भेयरबाट सो कार्यालयमा प्राप्त प्रतिवेदनबाट निवेदकको दुई कित्ता जग्गामध्ये कि.नं.५३० मा मात्र निजको भोगचलन रहेको र अर्को कि.नं.२१५ को उत्तर पूर्वबाट ३.७० मिटर र दक्षिण पूर्वबाट ३.१० मिटर बाटोमा पर्न गएको नापी नक्साअनुसार देखिएको भन्ने उल्लेख भएकोबाट पुन: रेखाङ्कन नभई GLD Plan कार्यान्वयन भएमा निवेदकलाई मर्का पर्ने सम्भावना रहेको देखियो। यी निवेदिकाले आफूले खरिद गरेको जग्गा मध्ये केही जग्गा सडकमा परेकोमा सहमति जनाई बढी जग्गा र घर सम्बन्धमा विवाद उठाएबाट विपक्षीले सडक विस्तारसम्बन्धी विकास कार्यमा अवरूद्ध पार्ने मनसाय राखेको भन्ने पुनरावेदकको दाबीसँग सहमत हुन सकिँदैन । जुनसुकै विकास निर्माण कार्यविधिसम्मत तरिकाबाट हुनुपर्ने हुन्छ, सर्वसाधारण जनताको सुविधा भन्दैमा जबरजस्ती जग्गाप्राप्त गर्ने, घर, पर्खाल भत्काउने कार्यलाई स्वीकार गर्न सकिँदैन। यस अदालतबाट यस प्रकृतिका सडक विस्तार कार्यका सम्बन्धमा गम्भीर छलफल गरी ने.का.प.२०७५, अङ्क ४, निर्णय नं. ९९८६, सानु श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत रहेको उत्प्रेषण परमादेशको मुद्दामा पूर्ण इजलासबाट व्याख्या भइसकेको छ । ने.का.प. २०७२, अङ्क १२ निर्णय नं. ९५०८, डा.भाइकाजी तिवारी विरूद्ध चतुर्भूज भट्टसमेत रहेको उत्प्रेषण परमादेश मुद्दामा समेत विभिन्न बुँदाहरूमा निर्देशनात्मक आदेश जारी भएको पुनरावेदक कार्यालयलाई अवगत भएकै विषय हुँदा यहाँ पुन: विवेचना गर्नु आवश्यक नदेखिने।

अत: काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय अनामनगरको लिखित जवाफमा "**भइरहेको बाटोको केन्द्र रेखाबाट दुवैतर्फ बराबर हुने गरी नापेर चिनो लगाउने गरेको र त्यसमा चित्त नबुझेमा सम्बन्धित जग्गाधनीले प्राधिकरणमा**

पुन: नाप जाँचको लागि प्रमाणसहित निवेदन दिएमा प्राधिकरणले नापी नक्सालाई आधार मानेर पुन: नापजाँच गरी चिनो लगाउने व्यवस्था गरेको छ र सोबाट समेत चित्त नबुझे नापी कार्यालयबाट समेत नापजाँच गराउन सकिने छ" भन्ने बेहोरा उल्लेख गरेको देखिएकोले पुन: निर्णय हुन र गर्न सकिने अवस्था रहेको हुँदा मिति २०७१।२।२५ को पत्रसाथ प्राप्त प्रतिवेदनबाट विवादित बाटो र जग्गाको स्थिति बारेको तथ्यसमेतलाई मध्यनजर राखी पुन: रेखाङ्कन गर्नु गराउनु भनी काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, अनामनगर काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१।६।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन १६ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CI-१२१५, उत्प्रेषण / परमादेश, गोविन्दप्रसाद अधिकारी वि. विनोदकुमार शाही*

काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. ६ख कि.नं. ११५ क्षेत्रफल ७-४-२-० बमोजिमका जग्गा आफ्नो नाममा नापी दर्ता हुनुपर्ने भन्ने निवेदक विनोदकुमार शाहीको माग र सो जग्गा निवेदकको नभई आफ्नो हकाधिकार र स्वामित्वभित्रको धोवीखोला मौजाको भएकोले मेरो नाममा दर्ता हुनुपर्ने हो भन्ने विपक्षीमध्येकी योगमाया ज.ब.रा.को लिखित जवाफ परेको अवस्थामा मालपोत कार्यालय चाबहिलले मोठ स्रेस्ता कायम नभएको फिल्डबुकमा पर्ती जनिई जग्गाधनी महल खाली भई आवादलायक देखिँदा छुट जग्गा दर्ता नामसारी गर्न मिल्ने नदेखिएकाले उक्त मिसिल तामेलीमा राखिदिने भनी मिति २०७१।५।८ मा निर्णय भएको र सो जग्गा नापीका अवस्थामा फिल्डबुक तयार हुँदा फिल्डबुकमा पर्ती जनिई जग्गाधनी महल खाली रहेको भन्ने कुरामा पनि दुवै पक्षबिच विवाद रहेको देखिएन। प्रस्तुत मुद्दाको प्रकृति हेर्दा, नै उक्त जग्गाहरू के-कस्को नाममा दर्ता हुने भन्ने सम्बन्धमा प्रमाण बुझी रिट क्षेत्रबाट यस अदालतले हेर्ने विषय नभई मालपोत कार्यालयबाट रीतपूर्वक प्रमाण बुझी निर्णय नै गर्नुपर्ने विषय हो, होइन भन्ने सम्बन्धमा सीमित दायरामा रही निष्कर्षमा पुग्नुपर्ने अवस्था देखिने।

मिसिल तामेलीमा राख्नुलाई रीतपूर्वकको निर्णय भन्न मिल्ने देखिँदैन । यसरी सरसर्ति हेर्दा प्रस्तुत मुद्दामा निवेदकका लगत दर्ता तिरोभित्रको हो वा विपक्षी योगमाया ज.ब.रा.का दाबीभित्रको वा सार्वजनिक पर्ती जग्गा हो वा अन्य कुनै कारणबाट यी दाबीकर्ताहरू कसैको हक नपुग्ने हो सो सम्बन्धमा आफैँले निर्णय गर्न मिल्ने भए आफैँले निर्णय गर्ने र नमिल्ने भए तत्सम्बन्धमा न्यायिक निर्णय गर्न पाउने साधिकार निकायमा पठाउन हुने।

यस्तो सम्पत्तिसम्बन्धी दाबीको विषयमा नेपाल सरकारको सम्बन्धित निकाय पन्छिएर बस्न सक्दैन । यस अवस्थामा रीतपूर्वक निर्णय गरी पक्षहरूलाई जानकारी गराउनु पर्नेमा निवेदन नै तामेलीमा राख्ने गरी भएको विपक्षीमध्येका मालपोत कार्यालय, चाबहिलको मिति २०७१।५।८ को निर्णय मिलेको नदेखिँदा सो बदर गरी निवेदन तामेलीबाट जगाई जो-जे प्रमाण बुझ्नुपर्ने हो बुझी निवेदक प्रत्यर्थीको मागबमोजिम जग्गा दर्ता हुने नहुने सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी परमादेशको आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, विवेचित आधार र कारणबाट मौजा हाँडीगाउँ रैती नं.८०७ कायम भएको कि.नं.११५ को जग्गा दर्ता गरिपाउँ भनी निवेदन परेको अवस्थामा

मागबमोजिम दर्ता हुने हो, होइन ? सो सम्बन्धमा निर्णय गर्नुपर्नेमा निवेदन नै तामेलीमा राख्ने गरी भएको मिति २०७१।५।८ को मालपोत कार्यालयको निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदन तामेलीबाट जगाई जो-जे प्रमाण बुझ्नुपर्ने हो बुझी निवेदकको लगतसँग विवादित जग्गा भिड्छ, भिड्दैन निवेदकको नाममा जग्गा दर्ता हुने, नहुने के हो ? सो सम्बन्धमा निर्णय गर्नु भनी परमादेश जारी हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन १६ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-WO-०७०१, परमादेश, दिनेशप्रसाद देव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

विवादमा निवेदकले आफूले तोकिएबमोजिमको कार्य सम्पन्न गरेपछि विना कुनै प्रशासनिक झन्झट तथा मोलाहिजा भुक्तानी पाउनु पक्षको अधिकार हो भने अन्तिम भुक्तानी अगाडि तोकिएको समयमा तोकिएको गुणस्तरको कार्य सम्पन्न हुने अपेक्षा राखी सोबमोजिम भएपछि मात्र भुक्तानी दिनु करारका अर्को पक्ष विपक्षी सिभिल इन्जिनियरिङ महाशाखा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अधिकार र दायित्व दुवै हुने।

गैरकरारीय कार्य गर्नु र यस्ता करारीय विषयमा असम्बन्धित मन्त्रालय वा कार्यालयको तर्फबाट अन्य कुनै प्रभावशाली व्यक्तिले वा कुनै विचौलियाले भुक्तानीका लागि दबाब सिर्जना गर्नु गराउनु कानून र सुशासनको दृष्टिकोणबाट स्वीकार्य नहुने।

सम्झौतामा नै विवाद समाधानको व्यवस्था गरिएकोमा सो व्यवस्थाबमोजिम विवाद समाधान गर्ने गराउनेतर्फ नलागी प्रस्तुत करारीय विवादमा कहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कहिले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा निवेदन दिई तत्पश्चात् सिधै यस अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी रिट निवेदन लिएर निवेदक आएको पाइयो। यदि पक्षहरूबिच सम्पन्न करार कानूनबमोजिमको छ र यसले कानूनले तोकेको सम्पूर्ण सर्तहरू पूरा गरेको छ भने करारका हरेक शब्द तथा वाक्यहरू करारका पक्षहरूलाई कानूनसरह नै बाध्यकारी हुने। जुनसुकै अवस्थामा पनि निजहरूबाट यसको पालना अनिवार्य हुन्छ। व्यापार, व्यवसाय, निर्माण कार्य जस्ता विभिन्न सम्झौताहरूबाट उत्पन्न हुने विवाद समाधान करारका पक्षहरूले नै रोजेको विधिबाट छिटोछरितो रूपले विज्ञ विशेषज्ञहरूको संलग्नतामा सम्पन्न होस् र पक्षहरूलाई न्यायालय धाउनुपर्ने बाध्यता कम होस् भन्ने उद्देश्यले यस्ताखाले विवादहरूमा विवाद समाधानका वैकल्पिक उपायहरू अपनाउन थालिएको हो। यस्ता विवादहरू समाधानका लागि सजिलो होस् भन्ने विचार गरेर नै विधायिकाले मध्यस्थता ऐन, २०५५ बनाएको हो। यस्तो विवाद समाधानको वैकल्पिक उपायलाई नेपालको संविधानको धारा १२७ को उपधारा (२) मा समेत मान्यता दिएको अवस्था छ। यसरी कानूनले नै विवाद समाधानको वैकल्पिक कानूनी व्यवस्था गरिदिएको र सोहीबमोजिम विवाद समाधान गर्न पक्षहरू सहमत भएको अवस्थामा वैकल्पिक उपचारको कुनै बाटो नभएको कारण निवेदक रिट निवेदन लिएर आएको भन्ने निवेदकका जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार र कारणहरूबाट आफैँले गरेको करार सम्झौतामा उल्लिखित करारबमोजिमको कार्य पूर्ण रूपले सम्पन्न भए नभएको भन्ने विषयमा विवाद भएको कारणबाट भुक्तानीको विवाद सिर्जना भएको देखिएको, करारीय

दायित्वसम्बन्धी प्रमाणको मूल्याङ्कन गरी निर्क्यौल गर्नुपर्ने विवादहरू सामान्यतया अदालतको असाधारण अधिकारक्षेत्रमार्फत हेरिने प्रकृतिका विवाद पनि नभएको तथा निवेदक करारमा उल्लिखित विवाद समाधानको कार्यविधि नै नअपनाई असम्बन्धित निकायहरूमा निवेदन गर्न गई तत्पश्चात् सिधै यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिएर यस अदालतमा प्रवेश गरेको देखिएको हुँदा पर्याप्त र प्रभावकारी वैकल्पिक उपचारको बाटो नअपनाई सिधै यस अदालतको असाधारण अधिकार क्षेत्रभित्र प्रवेश गर्नु प्रचलित कानूनी र न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकूल हुने भएकोले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई / सुशिला पाण्डे
कम्प्युटर: शान्ति तामाङ
इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।

इजलास नं.१३

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-CR-१४६०, लागु औषध खैरो हिरोइन, इन्द्रकुमार गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी इन्द्रकुमार गुरूङले आफू लागु औषध (ब्राउन सुगर) सेवन गर्दै आएकोमा मिथुन पालुङवाले बसका कन्डक्टर दाताराम दाहाललाई पठाइदिएको लागु औषध लिई खरिदबापत रू.४,०००।- प्रतिवादी दाताराम दाहाललाई दिएको हो, ५ ग्राम लागु औषध मबाट बरामद भएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष र दाताराम दाहालबाट लागु औषध लिई निजलाई रू.४,०००।- नगद दिएको हो भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको पाइन्छ। अर्को प्रतिवादी दाताराम दाहालले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, मिति २०७१।१।१९ मा लागु औषध (ब्राउन सुगर) इन्द्रकुमार गुरूङलाई दिई सोबापत मैले रू. ४,०००।- लिएको हुँ। प्रहरीले पक्राउ गरी मबाट उक्त रू.४,०००।- बरामद गरेको हो भनी कसुरमा साबित भई यी पुनरावेदकलाई पोल गरेको पाइयो। साथै प्रतिवेदकहरू पूर्वबहादुर लिम्बु, नारायण श्रेष्ठ, चेवन चौहान एवं वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू भिमकुमार सुनुवारसमेतले प्रतिवादीहरूले अभियोग दाबी पुष्टि हुने गरी मौकामा गरेको कागजलाई अदालतमा आई बकपत्र गरिदिएको पाइने।

यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा प्रतिवादीलाई सेवनतर्फ सजाय नगरी लागु औषधको ओसारपसार खरिद बिक्री र सञ्चय गरेको कसुर ठहर गरेको फैसलामा कानूनको व्याख्या तथा प्रतिपादित सिद्धान्तको पालना नभएको भन्ने उल्लेख भए पनि बरामदी उक्त लागु औषध अर्का प्रतिवादी दाताराम दाहालबाट लिएको र सोबापत नगद रू.४,०००।- यी पुनरावेदक इन्द्रकुमार गुरूङले दिएको भन्ने बरामदी मुचुल्का तथा प्रतिवादीहरूको बयानबाट स्थापित भइरहेको अवस्थामा पुनरावेदक प्रतिवादीले प्रतिवादी दाताराम दाहालबाट लागु औषध खरिद गरेको पुष्टि भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसुर यी पुनरावेदक प्रतिवादीले गरेको देखिने।

तसर्थ, माथि उल्लिखिति विवेचित प्रमाणहरू बरामदी मुचुल्का प्रतिवादीहरूको बयान, प्रतिवेदक तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूको कागज तथा बकपत्रसमेतका आधारमा यी पुनरावेदक प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसुर गरेको देखिन आएको हुँदा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम सुरू ताप्लेजुङ जिल्ला अदालतबाट यी पुनरावेदक प्रतिवादी इन्द्रकुमार गुरूङलाई ६(छ) वर्ष कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने गरी भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट

मिति २०७३।८।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल असोज २ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-CR-१३०८, १७८० कर्तव्य ज्यान, सुनिल भन्ने सुरेन्द्र चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेन्द्र चौधरी*

प्रस्तुत वारदातमा पूर्वरिसइवी लिई मृतकलाई मार्ने मनसायले कुटपिट गरेको देखिँदैन । आमा र बहिनीलाई गाली गरेकोले तत्काल रिस उठ्न गई मृतकलाई प्रतिवादीले कुटपिट गरेको देखिन्छ । ज्यान मार्ने मनसायले लाठा ढुङ्गा हतियारले मृतकमाथि प्रहार भएको देखिएको छैन। मृतकले गाली गरेको कारण प्रतिवादी आवेशमा आई रिस थाम्न नसकी मृतकलाई कुटपिट गरेको देखिन्छ । प्रतिवादीले मनसायपूर्वक नै मृतकलाई कुटपिट गरी हत्या गरेकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भनी जिकिर लिए तापनि उक्त जिकिरलाई पुष्टि हुने गरी वादीले प्रमाणित गर्न सकेको नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अब, प्रतिवादी सुनिल भन्ने सुरेन्द्र चौधरीले आमा र बहिनीलाई गाली गरेकोले निजलाई सम्झाउनको लागि गालामा ३/४ थप्पड हानेको हो । सोही थप्पडकै कारणले निजको मृत्यु नभई घरबाट राति बाहिर निस्कँदा लडेको कारण निजको मृत्यु भएकोले भवितव्यमा सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा **ज्यान लिई इबीलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने व्यवस्था रहेको पाइन्छ ।** भवितव्यको वारदातमा ज्यान मार्ने मनसाय वा पूर्वरिसइवी केही नभई कसैले केही कार्य गर्दा यस्तो कार्यबाट मानिसको ज्यान जान सक्ने स्थिति पनि नदेखिएको कार्यबाट मर्न सक्नेसम्मको अवस्था नहुँदानहुँदै पनि त्यही कार्यबाट केही भई मानिस मर्न गएको स्थिति हुन्छ । आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ सचेत रहेको हुन्छ । भवितव्य हत्यामा आवेशपूर्ण स्थितिको कार्य हुँदैन । भवितव्यमा मनसाय, आवेस, रिस, इबीलाग हुने तत्त्वको पनि विद्यमानता रहेको हुँदैन र आकस्मिक रूपमा घटना घटित हुन पुग्छ । प्रस्तुत वारदातमा आफ्नो आमा र बहिनीलाई गाली गरेको कारण तत्काल रिस थाम्न नसकी कुनै योजना नबनाई मृतकलाई कुटपिट गरेको र सोही कुटपिटका कारण मृतकको उपचारका क्रममा मृत्यु भएको कुरा सप्रमाण पुष्टि भइरहेको स्थितिमा भवितव्यको वारदात कायम गरी सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

प्रस्तुत मुद्दामा मृतकसँग रिसइवी नरहेको, निजको ज्यान लिनुपर्नेसम्मको मनसाय नदेखिएको, आमा र बहिनीलाई मृतकले गाली गरेकोले तत्काल रिस उठी सामान्य रूपले हातले कुटपिट गर्दा सोही चोटका कारण मृतकको मृत्यु हुन आएको देखिन आयो । यी प्रतिवादीले जोखिमी हतियारको प्रयोग नगरेको, विष खुवाएको अवस्था पनि नभएको हुँदा निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेश प्रेरित हत्याको कसुर गरेको देखिने।

तसर्थ, उल्लिखित आधार प्रमाणसमेतबाट प्रतिवादी सुनिल भन्ने सुरेन्द्र चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भएकोमा ऐ.को १४ नं. को कसुर

कायम गरी १०(दश) वर्ष कैद सजाय हुने ठहर्‍याई कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७४।५।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम्।

इजलास नं.१४

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी, *०७५-WH-०१८०, बन्दीप्रत्यक्षीकरण, लक्ष्मीदेवी वि.क. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

म लक्ष्मीदेवी वि.क. मिति २०७३।१।२१ गतेदेखि प्रहरी हिरासत एवं कारागारमा निरन्तर रूपमा थुनामा रहेको छु । कपिलवस्तु जिल्ला अदालतबाट मलाई कैदी पुर्जी दिँदा मिति २०७३।३।३ मा प्रक्राउ परी थुनामा रहेकोले मिति २०७६।३।२ गतेसम्म कैदमा बसी मिति २०७६।३।३ मा कैद भुक्तान हुने गरी कैदी पुर्जी दिएकोमा उक्त बेहोरालाई संशोधन गरी म पक्राउ परेको मिति २०७३।१।२१ देखि उपल्लो कैदको हद ३ वर्ष हुने गरी सबै मुद्दामा भएको सजायलाई गाभी कैदी पुर्जी संशोधन गरी पाउन कपिलवस्तु जिल्ला अदालतमा निवेदन दिएकोमा हालसम्म निर्णय नगरी कपिलवस्तु जिल्ला अदालतको त्रुटिपूर्ण कैदी पुर्जीका आधारमा मिति २०७६।१।२१ गतेदेखि गैरकानूनी रूपमा कारागार कार्यालय, जगन्नाथ देवलमा थुनामा रहेको हुनाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी र फैसला कार्यान्वयनको क्रममा तहसिल शाखाबाट निज निवेदकलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको विभिन्न ४ थान मुद्दामा भएको फैसलामा निज निवेदक मिति २०७३।३।३ मा नै पक्राउ परेको बेहोरा उल्लेख भएको हुँदा सोही मितिबाट नै कैद कट्टा हुने गरी निवेदकलाई कैदी पुर्जी दिइएको हो र निवेदकले माग गरेको मिति २०७३।१।२१ मा निज पक्राउ परी थुनामा बसेको भन्ने फैसलामा उल्लेख नभएको हुँदा निजको मागबमोजिम रिट जारी हुनुपर्ने होइन खारेज गरिपाउँ भनी कपिलवस्तु जिल्ला अदालतको लिखित जवाफ भएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक लक्ष्मीदेवी वि.क. मिति २०७६।४।७ गतेदेखि थुनाबाट मुक्त भएको भन्ने कारागार कार्यालय काठमाडौं जगन्नाथदेवलको च.नं.१३२ मिति २०७६।४।७ को पत्रबाट देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुनाले प्रस्तुत रिट निवेदनको विषयवस्तुभित्र प्रवेश गरी निर्णय गर्नुपर्ने नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७६ साल भदौ २२ गते रोज १ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०६९४, ०७४-CR-०७५२, जबरजस्ती करणी, शेरबहादुर के.सी.समेत वि. नेपाल सरकार, विनोद घर्ती वि. नेपाल सरकार*

मिति २०७२।८।२० गते घर फर्कने क्रममा जिपको टिकट काटी हुटमा झोला राखी नास्ता खान गएको समयमा जिपनजिक मोटरसाइकल ल्याई त्यहीँ रोकी टोपबहादुर गुरूङ र शेरबहादुर के.सी. ले मैले जिपमा राखेको झोला आफ्नो कब्जामा लिई काँक्रेविहारतिर लागेका, नास्ता खाई फर्कंदा झोलाबारे सोधपुछ गर्दा सो कुरा थाहा पाएको र विनोद जि.सी. ले झोला खोजिदिन्छु भनी मलाई मोटरसाइकलमा बसाई काँक्रेविहार लगी टोपबहादुर गुरूङ, शेरबहादुर के.सी. र विनोद जि.सी. समेतले पालैपालो जबरजस्ती करणी गरी पुनः कृष्ण सामुदायिक वनको जङ्गलमा लगी पालैपालो जबरजस्ती करणी गरेको भनी किटानी

जाहेरी दिएको देखिन्छ । पीडितले आफूले दिएको जाहेरीलाई समर्थन गर्दै सुरू जिल्ला अदालतमा समेत तीनै जना प्रतिवादीहरूले जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको देखिन्छ । जबरजस्ती करणी मुद्दामा पीडित आफैँ प्रत्यक्षदर्शी प्रमाण भएकाले निजको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम प्रमाण ग्राह्य हुने नै देखिन्छ । पीडितले प्रतिवादीलाई फसाउनुपर्ने कुनै कारणसमेत देखिँदैन । पीडितले अदालतसमक्ष प्रतिवादीले करणी गरेको भनेको हुँदा प्रमाण ऐन, २०३१ को दफा १० अनुसार सो बकपत्रलाई प्रमाण होइन भन्न मिलेन भन्ने सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला स.अ. बुलेटिन, वर्ष १८ अङ्क १९ माघ २०६६ पूर्णाङ्क ४२१ पृ.१५) र घटनाबाट पीडितले घटनाको तत्कालपछि अनुसन्धान अधिकारी र पछि अदालतमा साक्षीसरह व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ मो दफा १०(क) (ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने (ने.का.प २०६८, अङ्क १०, नि.नं. ८६९५, पृ.१६५७) का सन्दर्भमा समेत प्रस्तुत मुद्दामा पनि पीडितले अदालतमा समेत किटानी बकपत्र गरेको तथ्यलाई उपेक्षा गर्न नमिल्ने ।

पीडितको स्वास्थ्य परीक्षणबाट बायाँ गालामा दाँतले टोकेको डाम भएको, योनिको वरिपरि हल्का खोस्रिएको चोट रहेको र योनिबाट हल्का रगत बगेको, जबरजस्ती करणी भएको लक्षण देखिन्छ भन्ने पीडितको स्वास्थ्य परीक्षण सम्बन्धमा मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको मिति २०७२।८।२० को पत्रबाट देखिन्छ । सो कुरालाई समर्थन गर्दै सो परीक्षण गर्ने डा. बसन्त कार्कीले अदालतमा योनि वरिपरि खोस्रिएको, बायाँ गालामा दाँतले टोकेको डाम, पीडितको ढाडमा रातो डाम, योनिबाट रगत बगेको देखिएको र सो आधारमा निज पीडितउपर जबरजस्ती करणी भएको भनी उल्लेख गर्दै बकपत्रसमेत गरेको पाइन्छ । यसरी पीडितको स्वास्थ्य परीक्षण र चिकित्सकको बकपत्रबाट पनि पीडितउपर जबरजस्ती करणी गरिएको कुरा पुष्टि भइरहेको अवस्था देखिन्छ । पीडितको किटानी जाहेरी दरखास्त, अदालतमा गरेको बकपत्र, वारदातस्थलबाट बरामद भएको पीडितको सुरूवाल, प्रयोग गरेको कण्डमसमेत बरामद भएको र पीडितको शारीरिक जाँच परीक्षण प्रतिवेदनसमेतबाट वारदात स्थापित भइरहेको अवस्थामा दरखास्त तथा अदालतमा गरेको बकपत्र एकआपसमा बाझेकोले सो भनाइ विश्वासलायक देखिँदैन अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर कानूनसङ्गत एवं मनासिब देखिन नआउने ।

अतः विभिन्न प्रकणहरूमा गरिएको विश्लेषणअनुसार प्रतिवादीहरूउपर अभियोग मागदाबीअनुसार सामूहिक रूपमा पीडितउपर जबरजस्ती करणी गरेको पुष्टि भइरहेको अवस्था हुँदा जबरजस्ती करणी गरेको कसुर ठहर गरी प्रतिवादीहरू शेरबहादुर के.सी., विनोद घर्ती क्षेत्री र टोपे भन्ने टोपबहादुर गुरूङलाई जबरजस्ती करणीबापत ५ वर्ष र सामूहिक जबरजस्ती करणीबापत ५ वर्ष गरी जम्मा १०(दश) वर्ष कैद सजाय गरेको र पीडित प्रतिवादीहरूबाट जनही रू.२०,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरेको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७३।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत सुर्खेतको मिति २०७४।०२।१४ को फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने ।

इजलास अधिकृत: जनकसिंह बोहरा

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १७ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-११५३, कर्तव्य ज्यान, ढेप भन्ने दिपेन्द्रबहादुर बोहरा वि. नेपाल सरकार*

घटना विवरणमा कागज गर्ने व्यक्तिहरू तथा

जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीले हिर्काएको ढुङ्गाको चोटका कारणबाट दिनेश बोहराको मृत्यु भएको हो भनी अदालतमा बकपत्र गरिदिएको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Head Injury भन्ने उल्लेख भएको अवस्था देखिन्छ। मिसिल संलग्न कागज प्रमाणहरूसमेत हेर्दा प्रतिवादी विरूद्धको किटानी जाहेरी, जाहेरीलाई समर्थन गरी अदालतमा गरिदिएको बकपत्र, प्रतिवादीले मौकामा गरेको बयान कागज तथा अदालतमा गरेको साबिती बयान, लासजाँच तथा घटनास्थल मुचुल्कासमेतका आधारमा प्रतिवादीले अभियोग दाबीअनुसारको कसुरजन्य कार्य गरेको पुष्टि भइराखेको अवस्थामा थप विवेचना गरिरहनु आवश्यक नदेखिने।

प्रतिवादी पुनरावेदकले ममाथि ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर स्थापित हुनुपर्ने होइन । कसुर हुँदाको अवस्थाको समुचित परिस्थितिको मूल्याङ्कन गरी आत्मरक्षाका लागि मबाट हुन गएको भवितव्य ज्यानमा ज्यानसम्बन्धीको ५ नं. बमोजिमको कसुर स्थापित हुने हुँदा सोहीबमोजिम न्याय पाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा बल फुटेको विषयमा विवाद भइरहेको अवस्थामा अचानक प्रतिवादीले हिर्काएको ढुङ्गाले मृतकको संवेदनशील अङ्ग टाउकोमा लागी जाहेरवालाको भाइ घाइते भएको र सोही चोटका कारण उपचारकै क्रममा निजको निधन भएको अवस्था रहेको भन्ने देखिन्छ । टाउको जस्तो संवेदनशील अङ्गमा हिर्काएको, विवाद हुँदाका अवस्थामा आत्मरक्षाका लागि कुनै सङ्घर्षसमेत भएको सङ्केतसमेत प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा नदेखिएको, बल फुटाएको विषयमा आफैँ गाडी चालक तथा निजको भाइसमेतसँग गई विवाद गरेको र घटनाको परिणामसमेत जानीजानी प्रतिवादीले धारिलो ढुङ्गाले मृतकको टाउकोमा हिर्काएको कारणले जाहेरवालाको भाइ दिनेश बोहराको मृत्यु भएको अवस्थामा भवितव्यमा सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को खण्ड (ख) मा भएको कानूनी व्यवस्थानुसार प्रतिवादी दिपेन्द्रबहादुर बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. मा भएको सर्वस्वको सजाय नलाग्ने हुँदा उच्च अदालत दिपायलको फैसलाले प्रतिवादीलाई लागेको सर्वस्वसहित जन्मकैदको सजाय गरेकोमा उल्लिखित कानूनी व्यवस्थाअनुसार सर्वस्वको सजाय हुन सक्ने अवस्था नदेखिने।

पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय हुने गरी व्यक्त गरेको रायतर्फ विचार गर्दा प्रतिवादीले दिनेश बोहरालाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी नरहेको, प्रतिवादीको बल गाडीले फुटाएको कारण सामान्य विवाद भई तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीले ढुङ्गाले हिर्काउँदा दिनेश बोहराको टाउकोमा लागी सोही चोटको कारणबाट उपचारको क्रममा शिक्षण अस्पताल, कोहलपुर नेपालगन्जमा उपचारको क्रममा मृत्यु भएको, घटना घटेको अवस्था र कसुरको प्रकृति तथा प्रतिवादीको उमेरसमेतलाई विचार गर्दा १० वर्ष कैद गर्ने राय सदर गर्दा चर्को पर्न जाने हुँदा साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. अनुसार निज प्रतिवादी दिपेन्द्रबहादुर बोहरालाई ८ (आठ) वर्ष मात्र कैद हुने।

इजलास अधिकृत : जनकसिंह बोहरा

इति संवत् २०७६ साल श्रावण २६ गते रोज १ शुभम्।

४

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७२-CI-११४९, मानाचामल,*

हेरालक्ष्मी माली वि. रिना श्रेष्ठसमेत

वादीको लोग्ने व्यवसायको सिलसिलामा अमेरिकामा बस्दै आएको र निजकी श्रीमती सासू ससुरासँग घरमा नै बसोबास गर्दै आएकीमा लोग्नेले श्रीमतीको कुनै मतलब तथा ख्याले नगरी बसेको र घरमा भएकी निजकी आमा तथा बहिनीले समेत यी फिरादीलाई वास्ता नगरी घरमा बस्नसमेत नदिएपछि फिरादीले मानाचामल मुद्दा दायर गरेको अवस्था रहेकोमा प्रतिवादीहरूको जिम्मामा सम्पत्ति रहे भएको अवस्थामा फिरादीलाई अंश तथा मानाचामल दिनुपर्ने कर्तव्य तथा दायित्वसमेत प्रतिवादीहरूको हुन आउने देखिन्छ । स्वास्नी तथा छोरा छोरीलाई इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने र सो नगरे अंश दिनुपर्ने भन्ने अंशबन्डाको १० नं. मा व्यवस्था भएकोमा खान लाउन नदिएपछि फिरादीले अंश तथा मानाचामल मुद्दा दायर गरेको देखिएको अवस्थामा प्रतिवादीहरू फिरादीलाई अंश तथा मानाचामल दिनुपर्ने आफ्नो कानूनी दायित्वबाट पन्छिने तथा उम्कन सक्ने अवस्था नरहने ।

सासू हेरालक्ष्मी मालाकार र पति योगेश मालाकारले खान लाउन नदिई घरबाट निकाला गरेको भनी वादीले मानाचामलको फिराद दाबी लिएको देखिन्छ । वादीको पति अमेरिकामा रहेको लामो समयदेखि खोज खबर नगरेको र सम्पर्कमा नरहेको अवस्थामा नेपालमा रहेकी उनकी आमा र परिवारका अन्य सदस्यहरूसमेत भई घरबाट निकाला गरेको भन्ने वादीको दाबी रहेको देखिन्छ । पतिबाहेकका परिवारका अन्य सदस्यहरूसमेतको क्रियाबाट घरमा बस्न नसकेको अवस्था परेको स्थिति तथा परिवारको सम्पत्तिसमेत साथै रहेको अवस्थामा परिवारका मुख्य व्यक्ति अर्थात् सासूसमेतको दायित्व हुने देखिन्छ । प्रस्तुत मुद्दामा घरको मुख्य व्यक्तिको रूपमा रहेकी फिरादीकी सासूसमेतको क्रियाबाट खानलाउन नदिई घरबाट निकाला गरेको अवस्थामा मानाचामल दिनुपर्ने दायित्वबाट प्रतिवादीहरूले कानूनत: उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन । साथै रिना श्रेष्ठ मालाकारले योगेश मालाकारसमेत विरूद्ध काठमाडौं जिल्ला अदालतमा दायर गरेको सम्बन्ध विच्छेद अंश मुद्दामा काठमाडौं जिल्ला अदालतबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमा मूल चार भाग लगाई चार भागको एक भाग योगेश मालाकारको अंश भागमा आउने र सो एक भागको दुई भाग गरी दुई भागमध्येको एक भाग अंशबापत वादी रिना श्रेष्ठले पाउने भनी मिति २०७१।०३।३० मा फैसला भएको र सो फैसलाउपर हेरालक्ष्मीसमेतको पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट समेत जिल्ला अदालतले गरेको फैसला सदर भएको अवस्थासमेतका आधारमा प्रतिवादी हेरालक्ष्मीले मैले वादीलाई मानाचामल दिनुपर्ने होइन भनी लिएको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

अत: प्रतिवादी योगेश मालाकारबाट मात्र मानाचामल भरिपाउने ठहरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ नं. को कानूनी व्यवस्था प्रतिकूल भई मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदिका वादीले प्रतिवादी हेरालक्ष्मी मालाकार (माली) र योगेश मालाकारबाट मासिक रू.२५,०००।- मानाचामलबापत भराई पाउने ठहर्छ भनी श्री पुनरावेदन अदालत पाटनले मिति २०७२।०५।११ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जनक सिंह बोहरा

इति संवत् २०७६ साल श्रावण २९ गते रोज ४ शुभम् ।

इजलास नं.१५

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-CR-०६२०, जबरजस्ती

करणी हाडनाता करणी, जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार

प्रतिवादीको साक्षी रमेश बुढाथोकीले प्रतिवादीले मौकामा तथा अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको भए तापनि निजको बकपत्र तथा प्रतिवादीको इन्कारी बयान अन्य स्वतन्त्र तथा परिस्थितिजन्य प्रमाणले तथ्यपरक नदेखिइरहेको अवस्थामा केवल आरोपित कसुरमा इन्कारी रहनु नै कसुरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने । यसै सन्दर्भमा वादी नेपाल सरकार विरूद्ध प्रतिवादी राजकुमार श्रेष्ठ भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट ने.का.प. २०६८, अङ्क ९, निर्णय नं. ८६८७ मा **"इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन। सजायबाट बच्नका लागि अदालतमा सामान्य रूपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याईंका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेस गर्न सक्नु अर्को कुरा हो। पहिलो अवस्थाको सामान्य इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन। अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरूपण गरी प्रमाणको आधारमा इन्साफ गर्नुपर्ने ।"** सिद्धान्तसमेतका आधारमा यी प्रतिवादीको कसुरमा इन्कारी बयानलाई प्रमाण ग्राह्य मानी कसुरमा निर्दोष रहेछन् भन्न नसकिने।

पीडितको Vaginal swab मा वीर्य तथा शुक्रकिट र प्रतिवादीले जबरजस्ती करणी गरेको लक्षणहरू पीडितको शरीरमा देखिएको छैन भनी लिएको जिकिरतर्फ विचार गर्दा पुनरावेदक प्रतिवादी परिवर्तित नाम सुब्बा गाउँ तीन विरूद्ध नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा यस अदालतबाट ने.का.प. २०७४, अङ्क ५, निर्णय नं. ९८११ मा **"पीडितको शारीरिक परीक्षण गराउँदा जबरजस्ती करणीको वारदात स्थापित गर्न आवश्यक पर्ने प्रमाणहरू नष्ट भई जाने अवस्था रहन्छ । यसका साथै पीडितले स्वयम् आफ्नो बेहोरा लेखाउँदा एवं अदालतमा बकपत्र गर्दा प्रतिवादीले डर धाक देखाई वारदात घटाएको हो भनी लेखाएबाट यस्तो अवस्थामा हुने जबरजस्ती करणीमा पीडक र पीडितबिच सङ्घर्ष नै नभएको हुँदा पीडितको शरीरमा सङ्घर्षको चिह्न हरू नदेखिन सक्ने हुन्छ। जबरजस्ती करणीको अपराधमा योनिभित्र पुरूषको वीर्यलगायतका अन्य सबुद प्रमाण फेला पर्नको लागि वारदात घटे लगत्तै पीडितको शारीरिक परीक्षण भएको हुनुपर्दछ । निजको शरीरमा सङ्घर्षको चिह्न नभएको र जबरजस्ती करणी भएको कुनै प्रमाण फेला नपरेकोले जबरजस्ती करणी भएको होइन भनी मान्न नमिल्ने ।"** भनी सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा आफ्नो संरक्षणमा रहेकी नाबालिकालाई ललाई फकाई तथा डर, त्रास देखाई पटकपटक जबरजस्ती करणी गरेकै कारण गर्भसमेत रही यी प्रतिवादी र निजको श्रीमतीसमेत साथै धुलिखेल अस्पताल गई पीडितलाई भर्ना गराई गर्भपतन गराएको तथ्य मिसिल संलग्न कागजातहरूबाट प्रस्ट देखिन आउँछ। यी प्रतिवादीले वारदातको दिन पनि आफ्नै घरमा सुतिरहेको अवस्थामा रातिको अं.२२:०० बजेको समयमा जबरजस्ती करणी गरेको र सो मितिभन्दा पनि अघि पटकपटक जबरजस्ती करणी गरी आएको कारण पीडिताको Hymen ruptured भई योनिबाट Fresh रगतसमेत बगिरहेको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन आएको छ। जबरजस्ती करणीमा पीडित नै घटनाको प्रत्यक्ष र मुख्य प्रमाण हुने हुँदा आफ्नो संरक्षणमा रहेकी आफ्नी सहोदर मानसिक सन्तुलन गुमेका भाइ र लाटी बुहारीकी छोरी तथा आफ्नी भतिजी यी नाबालिका पीडित रामेछाप-८ लाई अमानवीय तरिकाले जबरजस्ती करणी गरेको तथ्य तथा कसुर पीडितको मौकाको कागज तथा बकपत्र एवं निजको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रस्ट

रूपमा स्थापित भई पुष्टि भइरहेको अवस्थामा अभियोग दाबी पुष्टि हुने तथ्यगत प्रमाणहरूको अभावमा उच्च अदालत पाटनबाट सुरू फैसला केही उल्टी हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त दुवै फैसला बदर गरी सुरू अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी जितबहादुर बुढाथोकीलाई जबरजस्ती करणीको ३(३) नं. अनुसार १० वर्ष कैद सजाय गरेको सुरू अदालतको फैसला सदर गरी हाडनाता करणीको महलको २ नं. बमोजिम अधिकतम ६ वर्ष कैद गरेको हदसम्म यी प्रतिवादीको उमेरसमेतलाई दृष्टिगत गर्दा चर्को पर्ने देखिँदा सो हदसम्मको र जबरजस्ती करणीको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२,००,०००।- (दुई लाख रूपैयाँ) क्षतिपूर्ति भराउने गरेको फैसला आय स्रोतको तुलनामा नमिलेकोले सो हदसम्म केही उल्टी गरी हाडनाता करणीको २ नं. अनुसार ४ (चार) वर्ष कैद र जबरजस्ती करणीको १० नं. बमोजिम पीडितले यी प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) समेत क्षतिपूर्ति भराई पाउने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।३।२० मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल फागुन ४ गते रोज १ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-१५७५, जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम सातदोबाटो (ठ)*

मिति २०७१।९।१४ गते राति बुबाले मेरो छाती मुसारी पिसाब फेर्ने ठाउँ र दिसा गर्ने ठाउँमा समेत आफ्नो लिङ्ग घुसाउने प्रयास गरेकाले मैले किन यसो गर्नुभएको भन्दा तँ मेरो छोरी होइनस् र कसैलाई भनिस् भने काटी दिन्छु भनी गाली गरेको साथै पुनः २०७१।९।१५ गतेको बिहान मेरो छाती मुसारी, अङ्गालोमा बेरी मेरो पिसाब फेर्ने ठाउँमा हात पसाउनेसमेतको कार्य गरी जबरजस्ती करणी गरेकोले कारबाही गरिपाउँ भन्ने पीडित परिवर्तित नाम सातदोबाटो (ट) को जाहेरी दरखास्त र सो बेहोरालाई समर्थन गर्ने गरी अदालतसमक्ष बकपत्र रहेको, बाबाले छाती समाई दिसा गर्ने (मलद्वार) मा वहाँको सु गर्ने हाल्नुभयो भनी छोरीले बताएकी थिइन् भनी परिवर्तित नाम सातदोबाटो (ड) समेतले गरेको घटना विवरण कागज र सो बकपत्रलाई समर्थन गर्ने गरी अदालतमा गरेको बकपत्रसमेतको आधार प्रमाणलाई विश्लेषण गरी वादी नेपाल सरकारले जबरजस्ती करणीको वारदातको पुष्ट्याइँको आधारको रूपमा लिएको अवस्था छ भने प्रतिवादीले अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा छोरा छोरीको संरक्षक बनेको अवस्थामा साथै सुताउने गरेको र छोरीको व्यवहारले निजलाई गालीसम्म गरेको तथ्यमा स्वीकार गरी अभियोग दाबीबमोजिम पीडित परिवर्तित नाम सातदोबाटो (ट) लाई जबरजस्ती करणी गरेको कसुरमा इन्कारी रहेको पाइन्छ तथा प्रतिवादीले योनिमा हात हालेको भनेर प्रहरीमा भनेकी थिइन्, पीडित रूँदै मकहाँ आएकी थिइन् भनेर भनेको हुँ र पीडित तीन दिनसम्म मेरो घरमा बसेकी हुँदा निजको ममीलाई फोन गरी बोलाएकोसम्म हो भनी वादी नेपाल सरकारको साक्षी घटना विवरण कागज गर्ने कल्पना नेपालीले अदालतसमक्ष बकपत्र, पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको स्वास्थ्य अवस्था सामान्य रहेको, शरीरमा कुनै किसिमको चोट पटक नरहेको तथा कन्याजालीसमेत च्यातिएको नदेखिएको एवम् सोही बेहोरालाई समर्थन गर्ने गरी विशेषज्ञले अदालतमा गरेको बकपत्र र शरीरमा कुनै प्रकारको घा चोटहरू पाइएन, लिङ्गको टुप्पोको छाला खुइलिएको पाइएन, लिङ्गमा वीर्य लागेको वा भित्री कपडामा वीर्यको दाग लागेको

पाइएन, जाँचको क्रममा घाउ चोटहरू दाग चिथोरिएको र कोतरिएको दागहरू नपाइएको भन्ने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन एवं सोही बेहोरालाई समर्थन गर्ने गरी विशेषज्ञले अदालतमा गरेको बकपत्रसमेतको आधारमा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको हो भन्ने अवस्था देखिन नआउने।

सर्वप्रथम उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ वा छैन ? भन्ने सम्बन्धमा विचार गर्दा, जबरजस्ती करणी र जबरजस्ती करणी उद्योगको अपराधबिचमा भिन्नता हेर्नुपर्ने हुन्छ । मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. बमोजिम कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने व्यवस्था रहेको छ भने जबरजस्ती करणी गर्ने उद्योगलाई प्रचलित कानूनले के कस्तो कार्यलाई जबरजस्ती करणी गर्ने उद्योग मान्ने भनी स्पष्ट रूपमा परिभाषा गरेको अवस्था छैन । यस्तो अवस्थामा *उद्योगलाई* सामान्य अर्थमा बुझ्दा ***कुनै आपराधिक कार्य गर्नेतर्फ लक्षित प्रारम्भिक कार्य जुन कार्य सम्पन्नताको नजिक पुगेर पनि सम्पन्न भएको भने हुँदैन र जसको कारक तत्त्वको रूपमा कर्ताको क्रियाकलाप, पीडित पक्षको प्रतिरोध तथा बाह्य तत्त्वको उपस्थितिलगायत रहने गर्दछ त्यसलाई उद्योगको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ ।*** *अपराध गर्नुभन्दा अगाडि अपराधीले अपराध गर्ने विचार (intention) राखेको हुन्छ । अपराध गर्ने विचार गरिसकेपछि अपराध गर्ने तयारी (Preparation) गर्दछ, तयारीको चरण पार गरेपछि उद्योग (attempt) गर्दछ र उद्योगले पूर्णता पाएपछि अपराध हुन्छ ।* ***अर्को शब्दमा उद्योग कुनै आपराधिक मनोवृत्तिको अंश पूरा गर्ने सिलसिलामा गरेको कार्य हो, जो तयारीभन्दा ठुलो हुन्छ तथापि पूरा भने भइसकेको हुँदैन । जसमा अपराध पूरा गर्नेबाहेक सबै तत्त्व विद्यमान रहने ।***

पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भन्दैमा मात्र जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन । सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुद प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ । जबरजस्ती करणी मुद्दामा पीडितको कागज बेहोरा सबुदको रूपमा रहने भए तापनि अकाट्य प्रमाणको रूपमा भने लिन मिल्ने अवस्था हुँदैन । त्यस्तो बकपत्रमा उल्लेख भएका कुराहरू विश्वसनीय पनि देखिनुपर्ने हुन्छ । त्यस्तै प्रस्तुत मुद्दामा प्रतिवादीले अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा छोरा छोरीको संरक्षक बनेको अवस्थामा साथै सुताउने गरेको र छोरीको व्यवहारले निजलाई गालीसम्म गरेको तथ्यमा स्वीकार गरी अभियोग दाबीबमोजिम पीडित परिवर्तित नाम सातदोबाटो (ट) लाई जबरजस्ती करणी गरेको कसुरमा इन्कारी रहेको पाइन्छ तथा प्रतिवादीले योनिमा हात हालेको भनेर प्रहरीमा भनेकी थिइन्, पीडित रूँदै मकहाँ आएकी थिइन् भनेर भनेको हुँ र पीडित तीन दिनसम्म मेरो घरमा बसेको हुँदा निजको ममीलाई फोन गरी बोलाएकोसम्म हो भनी वादी नेपाल सरकारको साक्षी घटना विवरण कागज गर्ने कल्पना नेपालीले अदालतसमक्ष बकपत्र, पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको स्वास्थ्य अवस्था सामान्य रहेको, शरीरमा कुनै किसिमको चोट पटक नरहेको तथा कन्याजालीसमेत च्यातिएको नदेखिएको एवं सोही बेहोरालाई समर्थन गर्ने गरी विशेषज्ञले अदालतमा गरेको बकपत्र र शरीरमा कुनै प्रकारको घा चोटहरू पाइएन, लिङ्गको टुप्पोको छाला खुइलिएको पाइएन, लिङ्गमा वीर्य लागेको वा भित्री कपडामा वीर्यको दाग लागेको पाइएन, जाँचको क्रममा घाउ चोटहरू दाग चिथोरिएको र कोतरिएको दागहरू नपाइएको भन्ने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् सोही बेहोरालाई समर्थन गर्ने गरी विशेषज्ञले अदालतमा गरेको बकपत्रसमेतको आधार प्रमाणसमेतबाट

पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भन्ने तथ्य स्थापित भएको अवस्थामा पीडित तथा घटना विवरण कागज गर्ने निजको आमाले गरेको बकपत्रलाई मात्र आधार मानेर प्रतिवादीलाई जबरजस्ती करणी जस्तो जघन्य अपराधमा सजाय गर्नु कदापि न्यायोचित नहुने र प्रतिवादीले सँगै सुतेकी पीडित छोरीलाई सुतेको अवस्थामा छातीमा समाउने, लगाएको कपडा खोली योनिको भागमा तथा मलद्वारमा लिङ्ग प्रवेश गराउने प्रयास गरेको भन्ने जाहेरी बेहोरा तथा पीडितले अदालतसमक्ष गरेको बकपत्र, मौकामा कागज गर्ने प्रतिवादीको छोरा सिमन नेपालीले मौकामा तथा अदालतमा बकपत्र गर्दा बुबाले बहिनीउपर गरेको क्रियाकलापको बारेमा उजागर गरेको अवस्था छ भने प्रतिवादीले मौका तथा अदालतसमक्ष गरेको बयानसमेतमा दाबीबमोजिमको कसुर नगरेको भनी इन्कार गरे तापनि पीडित छोरीसँगै एकै ओछ्यानमा सुत्ने गरेको तथ्यलाई स्वीकार गरेको देखिँदा जबरजस्ती करणीको कार्य पूरा भएको मान्न नसकिने अवस्था देखिएन तर जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको भन्ने माथि उल्लिखित तथ्य एवं प्रमाणहरूबाट मालाकार रूपमा पुष्टि भइरहेको हुँदा प्रतिवादी सातदोबाटो (ट) लाई जबरजस्ती करणी गर्ने उद्योग ठहर गरी सजाय गरेको उच्च अदालत पाटनको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अब पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादी सातदोबाटो (ट) लाई सुरू अभियोग मागदाबीबमोजिम हाडनातातर्फ थप सजाय गरिपाउँ भन्ने जिकिरको सम्बन्धमा विचार गर्दा, ***आफूले जन्माएको छोरीलाई करणी गर्नेलाई १० वर्ष कैद गर्नुपर्छ भन्ने हाडानाता करणीको महलको १ नं. को व्यवस्था रहेको र हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी गरेमा यस महलबमोजिम हुने सजायमा हाडनाता करणी गर्नेको महलमा लेखिएको सजायसमेत थपी सजाय हुन्छ*** भन्ने जबरजस्ती करणीको महलको २ नं. को कानूनी व्यवस्थाबमोजिम पीडित छोरीलाई जबरजस्ती करणी गरेको भनी प्रतिवादीउपर थप सजाय माग गरेको अवस्थामा ***जबरजस्ती करणीको महलको २ नं. मा उल्लिखित "जबरजस्ती करणी गरेमा" भन्ने शब्दावलीबाट*** सो नं. बमोजिम थप सजाय हुनको लागि हाडनाताकी स्वास्नी मानिसउपर जबरजस्ती करणीको वारदात नै स्थापित हुनुपर्ने भनी सामान्य अर्थमा बोध गर्न सकिने हुन्छ र जबरजस्ती करणी गर्ने उद्योगको वारदातसमेत हाडनातातर्फको सजाय थप हुने भए विधायिकाले **"जबरजस्ती करणी गरेमा"** भन्ने शब्दावली प्रयोग गर्नुपर्ने अवस्था थिएन साथै प्रस्तुत मुद्दामा जबरजस्ती करणीको वारदात स्थापित भएको अवस्थासमेत छैन । ***यसैगरी नेपालको संविधान र फौजदारी न्यायको सामान्य सिद्धान्तअनुसार "कानूनबमोजिम बाहेक सजाय नहुने" अर्थात् तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन एवं कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन*** भन्ने सिद्धान्त रहेकोमा प्रतिवादीलाई निजले नगरेको कसुर अर्थात् जबरजस्ती करणीमा सजाय गर्दा कानूनशास्त्रीय मान्यताविपरीत हुन जान्छ। जबरजस्ती करणी भएको हकमा मात्र हाडनातातर्फको सजाय थप हुने सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको कसुर जबरजस्ती करणी उद्योग ठहर भएकोले हाडानातातर्फ सजाय थप गर्दा कानून, न्यायको मूल उद्देश्य, मर्म तथा कानूनी सिद्धान्तको विरूद्ध हुने हुँदा यसमा थप विवेचना गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट यी प्रतिवादी सातदोबाटो (ठ) लाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणी उद्योगमा जबरजस्ती करणीको महलको ३(२) ले हुने सजाय तथा सोही महलको २ नं. बमोजिम हाडनाता करणीको

उद्योगसमेत गरी ९ वर्ष कैद सजाय हुने ठहर्‍याई भएको सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. ले हुने सजायमा ऐ. ५ नं. ले कैद वर्ष ४ मात्र सजाय गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३।०७।०९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : सदिक्षा नेपाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ ७ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-०६११, ०७६-CR-००५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. ठुलो भाइ भन्ने लक्ष्मण वि.क., ठुलो भाइ भन्ने लक्ष्मण वि.क. वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा, मिति २०७१।१।१५ मा मृतक तथा प्रतिवादी दुवैले मादक पदार्थ सेवन गरी घरमा रहेको कम्पोष्ट मल बारीमा पुर्‍याई घरमा माटो ल्याउने क्रममा निजहरूबिच वादविवाद भई प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.ले ढुङ्गा टिपी निज मृतक आले भन्ने अजय घिसिङलाई प्रहार गरेकोमा सोही चोटको कारण अजय घिसिङको मृत्यु भएको हुँदा निज विपक्षीलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त र उनीहरूबिच पहिला कुनै रिसइवी थिएन, वारदातस्थलमै उठेको रिसको कारण यो घटना भएको हो भन्ने जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीले मृतकलाई प्रहार गरेको ढुङ्गा वारदातस्थलमा बरामद भएको भन्ने घटनास्थलको चार किल्लासहितको विवरण, प्रतिवादीले म र मृतक जिस्कँदा जिस्कँदै हात हालाहालसमेत भई मैले वारदातस्थलमा रहेको ढुङ्गाले हान्दा निजको कोखामा लागेर केही समयपछि निजको मृत्यु भएको हो भने मैले रिसइवी तथा मार्ने नियतले उक्त घटना नघटाएको हुँदा मलाई कम सजाय होस् भन्ने प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.ले अधिकारप्राप्त अधिकारी तथा सोही बयानलाई पुष्टि गर्ने गरी अदालतसमक्ष गरेको बयान, प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.ले अजय घिसिङलाई ढुङ्गाले प्रहार गरी कर्तव्य गरी मारे मराएको हुँदा प्रतिवादीलाई कानूनबमोजिम कारबाही होस् भनी मौकामा बुझिएका लालसिंह तामाङसमेतले गरेको घटना विवरण कागज भए तापनि निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीले ढुङ्गाले हानेको भन्ने सुनेको हुँ, पटकपटक ढुङ्गाले हानेको होइन, ख्याल ख्यालमा ढुङ्गाले हानेको हो र मार्छु भनेर हानेको होइन भनी गरेको बकपत्र तथा मृतक अजय घिसिङको Cause of death was blunt force injury to the abdomen भन्ने बेहोराको शव परीक्षण प्रतिवेदनसमेतका कागजातहरूका आधारमा मृतक अजय घिसिङको मृत्यु प्रतिवादीले हानेको ढुङ्गाको चोटको कारण भएको देखिन आउने ।

अब तत्कालीन पुनरावेदन आदालतले गरेको फैसलाको सन्दर्भमा विचार गर्दा, फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (actus reus) र आपराधिक मनसाय (mens rea) हुनु पर्दछ । आपराधिक कार्यमा आपराधिक मनसाय (mens rea) को कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुरा सजाय निर्धारणमा महत्त्वपूर्ण हुन्छ । मानसिक तत्त्वको स्वरूपको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व वहन गराउने गरिन्छ । यस मुद्दामा प्रतिवादीले प्रहार गरेको ढुङ्गाको चोटबाट मृतकको मृत्यु भएकोले प्रतिवादीबाट प्रत्यक्षरूपमा आपराधिक कार्य भएको स्पष्ट छ र निजको कार्यलाई अन्यथा भन्न सकिने अवस्था छैन तर निजको कार्यमा आपराधिक मनसाय थियो थिएन भन्ने कुराको निक्र्योल गर्नु नै यस मुद्दामा मुख्य कडीको रूपमा लिइनु पर्दछ । तत्कालीन पुनरावेदन अदालतले प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.लाई ज्यानसम्बन्धी महलको १४ नं. को कसुर कायम गरी १० वर्ष कैद सजाय गर्ने गरी भएको

काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी गरेको फैसला मिलेको छ वा छैन भन्ने निर्क्यौलसमेत यसै कडीमा रहेर गरिनुपर्ने देखिन्छ । आवेशप्रेरित हत्या प्रतिवादीले आफूले आँफैलाई नियन्त्रण गर्न नसकी उत्तेजित भई आफ्नो कर्तव्यबाट हुने परिणामको ख्याले नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । वारदातस्थलमै रहेको बा.७ च ५९८८ को चालक धनराज लामाले मौकामा घटना विवरण कागज गर्दा निज गाडीमा बसिरहेको अवस्थामा गाडी पछाडि भुइँमा साह्रो चिजवस्तु फ्याँकिएको जस्तो आवाज आएकोले के भयो भनी पछाडि हेर्दा मृतक अजय घिसिङ भुइँमा अचेत भई लडेको देखी होहल्ला गर्दा जाहेरवाला स्थानीय मानिसहरूको सहयोगमा मृतकलाई उठाई जाहेरवालाको घरमा लगेको, जाहेरवालाले जाहेरीमा तथा अदालतमा बकपत्र गर्दा प्रतिवादीले एकपटक ढुङ्गाले मृतकलाई प्रहार गरेको हो भन्ने बेहोरा, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा मृतकले गाली गलौज र लात्तीले हानेको कारण प्रतिवादीले समेत ढुङ्गाले एकपटक हानेको हो भनी गरेको बयान तथा मृतकको शव परीक्षण प्रतिवेदनमा Cause of death was blunt force injury to the abdomen र बाहिरी शरीरको परीक्षणमा Abrasions are over the medial aspect of the right wrist, the knuckle of the 3rd right finger, dorsal aspect of the left hand and lateral aspect of the left elbow भनिएको र अन्य कहीँकतै केही चोट छैन भन्ने परीक्षण प्रतिवेदनको आधारसमेतबाट मृतकलाई प्रतिवादीले ज्यानै मार्ने नियतले ढुङ्गाले प्रहार नगरेको, प्रतिवादीले मृतकलाई पटकपटक चोट प्रहार नगरेको वा चोटमाथि चोट छोडेको अवस्था नभएको, कुनै साङ्घातिक वा जोखिमी हतियारको प्रयोग गरी हत्या नगरेको, मार्नेसम्मको पूर्वइवी तथा योजना भएको नभई प्रतिवादी तत्काल आवेगमा आई उठेको रिसका कारण वारदातस्थलमा रहेको ढुङ्गा टिपी एक पटक हान्दा कोखो जस्तो संवेदनशील ठाउँमा लागी सोही चोटको कारण मृतकको मृत्यु भएको हो भन्ने कुरालाई अन्यथा मान्न सकिएन । प्रतिवादीले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएकोले प्रतिवादीबाट प्रत्यक्षरूपमा आपराधिक कार्य भएको स्पष्ट छ र आवेशप्रेरित हत्याको प्रसङ्गमा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ, साथै मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसुरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक कारण हुन् । प्रतिवादीको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. ले वर्णित गरेको अपराधको प्रकृतिभित्रको कसुर देखिइरहेको र कुनै व्यक्तिलाई मार्ने गरी पूर्वरिसइवीका साथ योजना नबनाएको वारदातलाई ज्यानसम्बन्धीको १३ नं. द्वारा परिभाषित गरिएको नियतवश वा मनसायपूर्वक गरिएको हत्याको संज्ञा दिन मिल्ने नभई ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको वारदात स्पष्ट हुने हुँदा प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.ले ज्यानै मार्ने मनसायले नियतवश कार्य गरेको भन्ने प्रमाणबाट पुष्टि हुन नसकेको तथा फौजदारी कानूनको सामन्य सिद्धान्तअनुसार आवेशम आई गरेको हत्यालाई अन्यथा सजाय गर्नु न्यायोचित नदेखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर कायम नगरी ऐ. ऐन महलको १४ नं. बमोजिमको कसुर कायम गरी फैसला इन्साफको रोहमा अन्यथा नभई मिलेकै देखियो । तत्कालीन पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहेकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भएकाले थप विवेचना गरिरहनु नपर्ने ।

यसैगरी प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण

वि.क. को पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा ***ज्यान लिने इबीलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने उल्लेख भएको पाइन्छ । प्रतिवादी / पुनरावेदकको पुरावेदन जिकिरअनुसार भवितव्य ठहर्न, ज्यान लिने इबीलाग वा मनसाय नभएको मात्र होइन प्रतिवादीले गरेको कार्यबाट पीडित मर्ला जस्तो पनि देखिनु हुँदैन अर्थात् गरेको कार्य र निस्केको परिणामबिच तादात्म्यता देखिन्छ र सोको जानकारी (knowledge) भई कार्य गरेको छ भने त्यसलाई भवितव्य मान्न मिल्दैन । भवितव्य हो वा होइन भन्नेमा कारण र परिणामको के कस्तो सम्बन्ध छ सो हेरिनुपर्ने हुन्छ ।*** प्रस्तुत मुद्दामा प्रतिवादीको कार्यबाट मृतकको ज्यान गएको कुरामा विवाद छैन र प्रतिवादीले वारदातस्थलमा भएको ढुङ्गाले मृतकलाई चोट पुर्‍याउने उद्देश्यले प्रहार गरेको तथा निज प्रतिवादीले अदालत र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतकलाई ठिक पार्नुपर्छ भनी उक्त घटनास्थलनजिक रहेको ढुङ्गाले निज मृतकलाई प्रहार गर्दा मृतकको दायाँ कोखामा लागी सडक खण्डमा ढलेको भन्ने बेहोरासमेतले निज प्रतिवादीलाई तत्काल रिस उठी मृतकलाई ढुङ्गाले प्रहार गर्दा मृतकको मृत्यु भएकोले प्रतिवादीको कार्य भवितव्य हो भन्न सकिने अवस्था देखिँदैन । तत्कालीन पुनरावेदन अदालतको फैसलालाई सदर कायम हुने भनी माथि प्रकरण प्रकरणमा वर्णित आधार कारणसमेतबाट प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्य कायम गरिपाउँ भन्ने प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क.को पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

तसर्थ, उल्लिखित आधार कारणहरूबाट प्रतिवादी ठुलो भाइ भन्ने लक्ष्मण वि.क लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुर कायम गरी १०(दश) वर्ष कैद सजाय गर्ने गरी भएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : सदिक्षा नेपाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ ७ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७७-WH-०३५९, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम तुङ्गेछा 'एस' वि. भोजपुर जिल्ला अदालतसमेत*

हाल कोरोना भाइरसको महामारीले जन्माएको विपद्को परिस्थितिका सन्दर्भमा यस अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णयनुसार यस अदालतबाट प्रेस विज्ञप्ति जारी भएपश्चात् उक्त बैठकको निर्णयका आधारमा प्रस्तुत निवेदन दर्ता भएको अवस्था रहेको देखिन्छ । वर्तमान समयमा कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको र मूलतः बन्दाबन्दीको उद्देश्य सामाजिक एवम् शारीरिक दुरी कायम गरी नागरिकहरूलाई सो महामारीबाट बचाउने नै हुने ।

निवेदकउपर भएको सजायको मात्रालाई हेर्दा निजलाई जम्मा कैद ६ वर्ष ६ महिना भएकोमा निवेदक मिति २०७७।१०।१० मा छुटी जाने भएकोमा निजले अधिकांश कैद सजाय भुक्तान गरिसकेको तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । निवेदक नाबालक भएको अवस्था र हाल समग्र विश्व नै कोरोनाको महामारीको चपेटामा परेको स्थितिमा हाम्रो सिङ्गो देश नै बन्दाबन्दी (Lockdown) को अवस्थाबाट गुज्रिरहेको

र बालसुधार गृहमा रहेका बालबालिकाहरूको पनि अन्य नागरिकसरह जीवनको रक्षा, स्वास्थ्यको सुरक्षा तथा सङ्क्रामक रोगहरूबाट तिनीहरूलाई सुरक्षित राख्नुपर्ने दायित्व राज्य स्वयम्को हुन आउने।

निवेदक नाम परिवर्तित तुङ्गेछा 'एस' बालसुधार गृह, सानोठिमी, भक्तपुरमा थुनामा रहेको र उक्त बालसुधार गृहमा क्षमताभन्दा बढी बालबालिकाहरू रहेको भन्ने तथ्य बहस बुँदाहरूबाट देखिन आएको छ । कोभिड-१९ को महामारीका कारण अहिले पूरै देश नै बन्दाबन्दी (Lockdown) बाट गुज्रिएको अवस्थामा भिडभाड कम गर्दै शारीरिक दुरी कायम गरी कोरोना सङ्क्रमणको जोखिमबाट संरक्षणको लागि बालसुधार गृह, सानोठिमी भक्तपुरमा स्वास्थ्य सुरक्षाको उपयोगितालाई ध्यानमा राखी मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गरी आदेश गर्नुपर्नेमा सोतर्फ विचार नै नगरी भोजपुर जिल्ला अदालतबाट मिति २०७१।०९।०८ मा यी निवेदक प्रतिवादी परिवर्तित नाम तुङ्गेछा 'एस' लाई गम्भीर प्रकृतिको कसुर ठहर भई सजायसमेत निर्धारण भएकोले यी निवेदक प्रतिवादी ठहर भएको सजाय भुक्तानको लागि बालसुधार गृहमा बसिरहेको देखिँदा मुद्दाको गाम्भीर्य, यी प्रतिवादीले गरेको कसुरसमेतलाई मध्यनजर गरी हेर्दा हाल निवेदकको निवेदन मागबमोजिम यी निवेदकलाई अभिभावकको जिम्मा लगाई पठाउन मिल्ने अवस्था देखिएन भनी भोजपुर जिल्ला अदालतले मिति २०७६।१२।२८ मा गरेको आदेशलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७७।०१।१४ मा भएको आदेश मिलेको देखिन नआउने।

यस परिस्थितिमा निवेदक बालसुधार गृह, भक्तपुरमा रहेको र सो बालसुधार गृहमा क्षमताभन्दा बढी बालबालिकाहरू रहेको भन्ने तथ्यसमेत स्थापित हुन आएको छ । निवेदकको निवेदनमा उल्लिखित वर्तमान विषम परिस्थितिलाई मध्यनजर गर्दा बन्दाबन्दी (Lockdown) मा भिडभाड कम गर्दै शारीरिक दुरी कायम गरी बालसुधार गृहमा रहने बालबालिकालाई पनि कोरोना भाइरसको सङ्क्रमणको जोखिमबाट बचाउन तिनीहरूको संरक्षणको लागि उनीहरूलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षाको उपयोगितालाई ध्यानमा राखी मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गर्दा त्यस्ता बालबालिकाको समेत न्यूनतम् मानवीय व्यवहार गर्नुपर्ने देखिएबाट यी रिट निवेदकका हकमा उपयुक्त आदेश जारी गर्नुपर्ने देखिन आउने।

तसर्थ, विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी नाबालकलाई अदालतको फैसलाले तोकिएको ६ वर्ष ६ महिना कैदमध्ये अधिकांश कैद भुक्तान गरी अब केवल ७ महिना मात्र बाँकी रहेको र साथै वर्तमान समयमा आकस्मिकरूपमा पर्न आएको कोरोना भाइरसको महामारीले विषम परिस्थिति सिर्जना गर्न सक्ने नकारात्मक असरहरूलाई विचार नै नगरी भोजपुर जिल्ला अदालतले मिति २०७६।१२।२८ मा गरेको आदेशलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७७।०१।१४ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । निवेदकलाई जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ कसुरमा सजाय भई मिति २०७१।०४।११ देखि मिति २०७७।१०।१० सम्मको कैद सजाय भएकोमा निजको कैद सजायमध्ये अधिकांश समय व्यतीत गरी अब केही महिना मात्र बाँकी रहेको देखिँदा निजलाई हाल अभिभावकको जिम्मा लगाउँदा पनि न्यायको मकसद पूरा हुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(घ) मा केन्द्रित रहेर बाँकी कैद पछि असुल गर्ने वा नगर्ने गरी पुनः यी निवेदक परिवर्तित नाम तुङ्गेछा 'एस' हकमा आदेश गर्नु भनी भोजपुर जिल्ला अदालतको नाममा यो आदेश जारी हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

इति संवत् २०७७ साल जेठ १४ गते रोज ४ शुभम्।

इजलास नं.१६

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CR-१६९३, ०७५-CR-०१३६, साधारण चोरी, तिर्थबहादुर तामाङ (शेर्पा) वि. नेपाल सरकार, नेपाल सरकार वि. डिलबहादुर रूम्बासमेत

प्रतिवादी तिर्थबहादुर तामाङको अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन परेकोमा निजको पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादीले अदालतसमक्ष आरोपित कसुरमा इन्कारी बयान गरे तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, सहप्रतिवादीहरूले अदालतसमक्ष गरेको बयानसमेतबाट निज प्रतिवादी तिर्थबहादुर तामाङले चोरीको कसुरका सम्पूर्ण चरणहरूमा र चोरीको योजनामा संलग्न रहेको भनी सहप्रतिवादीहरूले समेत चोरीको कसुरमा निजउपर पोल गरेको अवस्था देखिन्छ । सतुवा जरा बेचेपश्चात्को रकम रू.७,५०,०००।– प्रतिवादीबाट बरामदसमेत भएको देखिन्छ । सो बरामद भएको रकम प्रतिवादीलाई निजको फुपूले दिएको भन्ने जिकिर सप्रमाण निजले पुष्टि गर्न सकेको पनि देखिँदैन । काठमाडौं मनोहरा-१२ स्थित रामबहादुर रोक्काको घरमा रहेको प्रतिवादी तिर्थबहादुर तामाङको कोठाबाट ९९३ के.जी. जडिबुटी सतुवा जरा बरामद भएको भन्ने खानतलासी बरामद मुचुल्काबाट निज प्रतिवादी चोरीको कसुरमा संलग्न रहेको भन्ने देखियो । यसका साथै चोरीको सामानसमेत प्रतिवादीकै कोठाबाट बरामद भएको अवस्था हुँदा विश्वासयोग्य, विवादरहित र शंकारहित प्रमाणको अभावमा प्रतिवादी तिर्थबहादुर तामाङको पुनरावेदन जिकिरलाई साँचो मान्न मिलेन । त्यसैले निज प्रतिवादी तिर्थबहादुर तामाङलाई आरोपित कसुरमा सजाय गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला निजको हकमा अन्यथा नदेखिने ।

प्रतिवादी डिलबहादुर रूम्बालाई आरोपित कसुरबाट सफाइ दिएउपर वादी नेपाल सरकारको पुनरावेदन परेकोमा सोतर्फ विचार गर्दा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । चोरीको वारदातमा निज प्रतिवादीको संलग्नता रहेको भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको मिसिलबाट देखिँदैन । त्यसैगरी यी प्रतिवादीको साथबाट चोरी भएको भनिएको वस्तु तथा नगदसमेत बरामद भएको अवस्था रहेको पाइँदैन । साथै चोरीका सतुवा जरा ओसारपसारमा प्रतिवादीको संलग्नता रहेको, बिना अनुमति जाहेरवालाहरूबाट सो सामान लिएर गएको र सो सतुवा जराबाट जाहेरवालाहरूलाई वञ्चित पार्ने मनसायले यी प्रतिवादीले के कति काम योजना र तयारी गरेको हो ? सोसमेत वादी पक्षले स्पष्टसँग खुलाउन नसकेको अवस्थामा सहप्रतिवादी तिर्थबहादुर तामाङसँग केवल सँगै हिँडेको भन्ने आधारमा मात्र बिना प्रमाण यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम कसुरदार ठहराउँदा न्यायोचित हुने देखिँदैन । त्यसकारण निजको हकमा आरोपित कसुर प्रमाणित हुने ठोस एवं वस्तुनिष्ठ, शंकारहित विश्वसनीय प्रमाणको अभाव देखिँदा प्रतिवादी डिलबहादुर रूम्बालाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको उच्च अदालत पाटनको फैसला निजको हकमा मुनासिब नै देखिने ।

बरामद भएको सतुवा जराको मूल्य प्रति के.जी. रू ३५००।– देखि रू.११०००।– पर्ने भनी वनस्पति विभागको पत्र बेहोराबाट उल्लेख भई आएको देखिएको हुँदा उच्च अदालत पाटनले बिगो कायम गर्दा न्यूनतम मूल्य कायम गरी बिगोको निर्धारण गरेको हुँदा सो फैसला नमिलेकोले अधिकतम मूल्यको आधारमा बिगो कायम गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा वनस्पति विभागको

पत्र बेहोराको आधारमा नै प्रति के.जी. न्यूनतम मूल्य रू.३५००।– कायम गरी जम्मा बिगोको मात्रा गणना गर्ने गरी फैसला भएको अवस्था हुँदा वादी पक्षको पुनरावेदन जिकिर पुष्टि गर्ने वस्तुनिष्ठ आधार र प्रमाणको अभावमा सो कायम भएको बिगो मूल्यलाई अन्यथा भन्नुपर्ने देखिँदैन । चोरी भयो भनिएको वस्तुको अधिकतम मूल्य नै कायम हुनपर्ने वास्तविक र वस्तुनिष्ठ आधार एवं कारण अभियोजन पक्षबाट प्रस्तुत हुन सकेको पाइँदैन । अर्को कुरा बरामद सामान कारणीले बुझी लिइसकेको अवस्था पनि एकातर्फ विचारणीय देखिन्छ । त्यसकारण वनस्पति विभागको पत्रले सतुवा जरा प्रति के.जी. मूल्य रू.३५,००/- देखि रू.११,०००/- सम्म पर्ने भनी उल्लेख भई आएको र अधिकतम मूल्य कायम गर्नुपर्ने वस्तुनिष्ठ आधार प्रस्तुत हुन नसकेको अवस्था हुँदा प्रति के.जी. सतुवाको हुने रू.३,५००/- का दरले ९३३ के.जी. सतुवाको रू.३२,६५,५००/- र बरामद रू.७,५०,०००/- (सात लाख पचास हजार) गरी हुने बिगो रू.४०,१५,५००/- (चालिस लाख पन्ध्र हजार पाँच सय) सम्म बिगोको धनमाल प्रतिवादीहरूले चोरी गरेको देखिई प्रतिवादीहरू नोर्बु भन्ने पासङ तामाङ, पृथ्वी भन्ने तिर्थबहादुर तामाङ (शेर्पा) र वाङ्गेल भन्ने साङ्गेल शेर्पालाई जनही रू.४०,१५,५००/- (चालिस लाख पन्ध्र हजार पाँच सय) जरिवाना हुने र जनही १(एक) महिना कैद हुने भनी भएको सुरू फैसला मिलेकै देखिएको भनी उच्च अदालत पाटनबाट भएको फैसला मुनासिब नै देखियो। तसर्थ, अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी तिर्थबहादुर तामाङको पुनरावेदन जिकिर र प्रतिवादी डिलबहादुर रूम्बालाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ र अधिकतम मूल्यको आधारमा बिगो कायम गरी सोही बिगोबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः सुरू काठमाडौं जिल्ला अदालतको फैसला बिगोको हकसम्म केही उल्टी गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल मङ्सिर ४ गते रोज ४ शुभम्।

इजलास नं.१७

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७२-CR-०३२१, ०७३-CR-०६७७, ०७६०, ०१७५, कर्तव्य ज्यान, ईन्द्रबहादुर रामजाली मगर वि. नेपाल सरकार, नेपाल सरकार वि. ईन्द्रबहादुर रामजाली मगरसमेत, गोमा पुलामी वि. नेपाल सरकार, नेपाल सरकार वि. दिपक सुनारसमेत

प्रतिवादीहरूको मौकाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान र प्रतिवादी दीपक सुनार तथा पूर्णबहादुर सुनारको अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्षको बयान बेहोराबाट प्रतिवादी दिपक सुनारले मृतक राजन बुढाको टाउकोमा हथौडाले प्रहार गरेकोमा निज ढलेपछि अन्य प्रतिवादीहरू दुर्गादत्त गिरी, इन्द्रबहादुर रामजाली मगर र पूर्णबहादुर सुनारको सहयोग एवम् समन्वयमा निज मृतक राजन बुढाको मृत्यु हुन गएको पुष्टि हुन आउने।

उल्लिखित प्रतिवादीहरूमध्ये प्रतिवादी इन्द्रबहादुर रामजाली मगरले मृतक राजन बुढालाई receive गरी लिएर जाँदै गरेको अवस्थामा जङ्गलको बाटोमा ढुकेर बसेका प्रतिवादीहरू दिपक सुनार, दुर्गादत्त गिरी र पूर्णबहादुर सुनारमध्ये दिपक सुनारले मृतकको टाउकोमा पछाडिबाट प्रहार गरेको, मृतक ढलेपछि इन्द्रबहादुर रामजाली मगरले मृतकको खुट्टा समाएका, दुर्गादत्त गिरी र पूर्णबहादुर सुनारले मृतकको हात समाएको तथा निज छटपटाउन छोडेपछि ढुङ्गाले

हानी हिँडेको भन्ने देखियो। प्रतिवादी दिपक सुनारले राजन बुढालाई मार्ने कार्यको जिम्मा लिई केही रकम बुझेको र निजले हथौडा प्रयोग गरी मृतकलाई भुइँमा ढालेको देखिएकोले मृतकलाई मार्नमा निजको नै मुख्य भूमिका रहेको देखियो। मृतक भुइँमा ढलेपछि मात्र अन्य प्रतिवादीहरू दुर्गादत्त गिरी र पूर्णबहादुर सुनारले सहयोगी भूमिका निर्वाह गरेको र प्रतिवादी इन्द्रबहादुर रामजाली मगरले मृतकलाई मार्नका लागि षड्यन्त्रसमेत गरेको देखिने।

प्रतिवादी गोमा भन्ने गीता पुलामी मगरका हकमा विचार गर्दा, मिसिल संलग्न कागजातहरूबाट निज प्रतिवादी वारदातस्थलमा उपस्थित नभए पनि आफ्ना पति राजन बुढा विदेशबाट काठमाडौं आउने र काठमाडौंबाट सुर्खेत जाने समय तालिकाको बारेमा इन्द्रबहादुरलाई जानकारी गराउनु र सोहीबमोजिम इन्द्रबहादुर र राजनको भेट भई राजन बुढालाई जङ्गलको बाटोमा लाँदै गर्दाको अवस्थामा अन्य केही प्रतिवादीसमेतको सहयोगमा मार्ने कार्य सम्पन्न हुनुलाई बिनायोजना र षड्यन्त्र भएको अपराध भन्न मिल्ने नदेखिएको हुँदा निजले निजका पति मृतक राजन बुढालाई मार्न षड्यन्त्र गरेको पुष्टि भएको देखिन आउने।

अर्का प्रतिवादी देवीलाल न्यौपानेका हकमा विचार गर्दा, निजले झारफुकद्वारा गोमाका पति विदेशबाट नफर्कने बनाउने, फर्केमा प्लेन नै झारी र बस नै दुर्घटनामा पारी मर्ने बनाउने भन्ने तथ्य मिसिलमा उल्लेख भएको देखिन्छ। राजन बुढालाई मार्न खोजेको कुरा निजलाई पूर्वजानकारी भए पनि राजन बुढा कहिले विदेशबाट काठमाडौँ र काठमाडौँबाट सुर्खेत गए सोबारेमा निज अनभिज्ञ रहेका, वारदातस्थलमा उपस्थित नभएका र मार्ने कार्यको योजना बनाउनेमा समेत संलग्न भएको नदेखिएकोले निजले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन नआउने।

अर्का प्रतिवादी पविसरा मगरको हकमा विचार गर्दा, प्रतिवादी गोमा पुलामी मगर निजकी आफ्नै सहोदर बहिनी भन्ने देखिन्छ। प्रतिवादी गीता पुलामीले राजन बुढा मरिसकेपछि सो घटनाका बारेमा फोनबाट निजलाई भनेको भन्ने भनाइबाटै निजलाई सो घटना घट्नुभन्दा अगावै सो घटनाको बारेमा पूर्वजानकारी नभएको र मृतकलाई मार्ने तथा योजना बनाउने कार्यसमेतमा संलग्न भएको नदेखिएको हुँदा निजले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्न मिल्ने देखिन नआउने।

अतः विवेचित आधार, कारणबाट प्रतिवादीमध्ये पविसरा मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने र प्रतिवादी गोमा पुलामी मगरलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १५ वर्ष कैद गर्ने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने, प्रतिवादी देवीलाल न्यौपानेले अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादी इन्द्रबहादुर रामजाली मगरलाई ऐ. महलको १६ नं. बमोजिमको षड्यन्त्रको कसुरमा सोही नं. बमोजिम १५ वर्ष कैद गर्ने, प्रतिवादीद्वय दिपक सुनार (वि.क.) र पूर्णबहादुर सुनारलाई ऐ. महलको १३(३) नं. बमोजिम जनही सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७३/१/१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

यस अदालतमा पुनरावेदन नगर्ने प्रतिवादीहरू दिपक सुनार र अमृत भन्ने पूर्णबहादुर सुनारलाई भएको सजायको हकमा साधकको रोहबाट विचार गर्दा, निजहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको राय तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेकै देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागु भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको

सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू दिपक सुनार र पूर्णबहादुर सुनारलाई सर्वस्वको सजाय नहुने भई निजहरूलाई जन्मकैदको मात्र सजाय हुने र निज प्रतिवादीहरूको सर्वस्व नहुने भएकोले निजहरूको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

प्रतिवादी पूर्णबहादुर सुनार साबिकको कानूनी व्यवस्थाबमोजिम साबालक मानिन्थ्यो । साबालक रहँदाको अवस्थामा निजलाई जन्म कैदको सजाय हुनु मनासिबै देखियो । निज प्रतिवादीको उमेर अभियोग पत्रमा १७ वर्ष भनी उल्लेख भएको र सोमा विवाद नदेखिएकोले निजको उमेर वारदात हुँदाका अवस्थामा १७ वर्षकै भएको मान्नुपर्ने देखियो । हाल विद्यमान बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २(ञ) मा १८ वर्ष पूरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरिएको छ। सोही ऐनको दफा ३६(४) मा ***"सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ"*** भनी, मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा ***"सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ"*** भनी र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ"*** भनी उल्लेख भएको देखिन्छ। निजको उमेर १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कमको भन्ने देखिँदा हाल प्रचलित उक्त कानूनी व्यवस्थाअनुसार निजलाई घटी सजाय हुने सुविधा प्राप्त हुने नै देखिने।

अतः यी प्रतिवादी पूर्णबहादुर सुनारलाई हाल विद्यमान फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ का आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने जन्मकैदको सजायको दुई तिहाईले हुने जम्मा १३(तेह्र) वर्ष ४(चार) महिना मात्र कैद सजाय हुने।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष १७ गते रोज ५ शुभम्।